# पहिलो परिच्छेद
# शोध परिचय

## १.१. शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक साहित्यकार नरप्रसाद धिताल 'बूढानीलकण्ठ सेवक' को जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

यस शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको आंशिक परिपूर्तिका लागि दसौँ पत्रको प्रयोजनार्थ तयार गरिएको हो ।

## १.३. विषय परिचय

साहित्यकार नरप्रसाद धितालको जन्म वि. सं. २००७ साल फल्गुण १७ गते बुवा मुक्तिनाथ धिताल र आमा नानीमैयाँ धितालको कोखबाट काठमाडौँको विष्णु बूढानीलकण्ठ २, मा भएको थियो । नरप्रसाद धिताल डेढ वर्षको हुँदा उनका बुवाको मृत्यु भएको थियो । त्यसपछि ३ वर्षको उमेरमा उनको लालन पालन चावेलमा एउटा नेवार परिवेशमा भयो । नौ वर्षको उमेरमा उनी फेरि आफ्नै घरमा फर्के । उनी सानैदेखि साहित्यमा रुचि राख्दथे । उनले विद्यालय जीवनदेखि नै साहित्यक यात्रा सुरु गरेका थिए र विद्यालयमा पनि साहित्यिक कार्यक्रममा भाग लिई आफूले रचेका कविताहरू वाचन गरेर पुरस्कारहरू प्राप्त गरेका थिए । उनका प्रकाशित कृतिहरू **बूढानीलकण्ठका देवी देवता** (ऐतिहासिक लेख), **सिप्लिकानको पात** (कवितासङ्ग्रह), **बूढनीलकण्ठ प्रभु र आसपासका योगी तपस्वी** (ऐतिहासिक लेख), **आमाको काखमा** (गीत तथा कवितासङ्ग्रह), **हराएका टिष्टा र कॉगडा** (कवितासङ्ग्रह), **वागमती भित्र**

**लुकेका थोपाहरू** (कथासङ्ग्रह), **धूनको पर्खाइमा रोएका शब्दहरू** (गीत तथा कवितासङ्ग्रह), **धिताल वंशावली**, **पूजा** (गीतसङ्ग्रह सि.डी.) हुन् भने प्रकाशोन्मुख कृतिहरू **गोरु र हली** (खण्डकाव्य), **बूढनीलकण्ठ** अङ्ग्रेजीमा र **शंख** सि.डी. (गीतसङ्ग्रह) रहेका छन् । यिनका कृतिहरू सामाजिक, धर्मिक, सांस्कृतिक तथा राजनैतिक विषय वस्तुमा आधरित छन् ।

नरप्रसाद धिताल एक सफल साहित्यकारका साथै समाजसेवी पनि हुन् । उनले बूढानीलकण्ठमा विद्यालयको स्थापना गरेका छन् र उक्त स्कुलमा प्रधानाध्यापकको पदमा रहेर कार्य गरेका छन् ।उनले बूढानीलकण्ठको मन्दिरमा जिर्णोद्धार गराउन लगाउनुका साथै योगी तपस्वीहरूकोलागि पाटीको निर्माण गराएका छन् । उनी रुढिवादी र अन्धविश्वासविरुद्ध आवाज उठाई सुधारको चाहना गर्दछन् , समाजमा आपत परेकालाई सहयोग गर्दछन् र धर्ममा विश्वास राख्दछन् तर दवी देवताको पूजालाई मात्र धर्म मान्दैनन् । बरू गरिब, असहायको सेवामा नै धर्म खोज्छन् । उनी महाकवि लक्ष्मीप्रसाद देवकोटाको यात्री कविता र देवकोटाको सिद्धान्तबाट प्रेरित भएका हुन् ।

उनले साहित्यका विभिन्न विधा कविता, कथा, निबन्ध, खण्डकाव्य आदि क्षेत्रमा कलम चलाएर साहित्यको ढुकुटीमा केही नौलोपन दिएका छन् ।साहित्यका विभिन्न विधामा कलम चलाएता पनि उनको प्रमुख विधा भने कविता नै हो ।

## १.४. शोध समस्या

नेपाली साहित्यका विभिन्न विधा कथा, कविता, निबन्ध, गीत, खण्डकाव्य र खोज तथा अनुसन्धनात्मक ऐतिहासिक लेख लेखेर साहित्यकार नरप्रसाद धिताल 'बूढानीलकण्ठ सेवक' ले नेपाली साहित्यको ढुकुटी भरेका छन् । तर पनि हालसम्म उनका कृतित्व र व्यक्तित्वका विषयमा कुनै खोज-अनुसन्धान कार्य भएको छैन यही नै यस शोधकार्यको समस्या रहेको छ । प्रस्तुत शोध कार्यका मुख्य समस्याहरू निम्न रहेका छन् ।

क. नरप्रसाद धितालको जीवनी के-कस्तो रहेको छ ।

ख. नरप्रसाद धितालको व्यक्तित्वका पक्षहरू के के हुन् ?

ग. उनका साहित्यिक कृतित्व तथा तिनका विशेषताहरू के हुन् ?

## १.५. शोधकार्यको उद्देश्य

समस्याकथनमा उल्लिखित उपर्युक्त समस्याहरूको समाधान गर्न साहित्यकार नरप्रसाद धितालको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरूको विस्तृत अध्ययन गर्नु नै यस शोध कार्यको उद्देश्य रहेको छ । उनको समग्र जीवनीको अध्ययन, जीवनमा घटेका घटनाहरू, उनले गरेका विभिन्न विषयसँग सम्बन्धित कार्य, सेवा, विभिन्न सङ्घ-संस्थाहरूमा उनको संलग्नता, साहित्यिक योगदान तथा सामाजिक योगदान र मूल्याङ्कन गर्दै निष्कर्षमा पुग्ने उद्देश्य लिई यो शोधपत्र तयार गरिएको छ । बुँदागत रूपमा तल दिईएको छ ।

क. नरप्रसाद धिताल ‘बूढानीलकण्ठ सेवक’ को जीवनीका विभिन्न पक्षहरूका अध्ययन गर्नु,

ख. नरप्रसाद धिताल ‘बूढानीलकण्ठ सेवक’ को व्यक्तित्वका विभिन्न पाटाहरूको लेखाजोखा गर्नु र

ग. नरप्रसाद धिताल ‘बूढानीलकण्ठ सेवक’का साहित्यिक कृतिहरूको विश्लेषण र विवेचना गर्नु।

## १.६. पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका नरप्रसाद धितालले साहित्यका विविध विधा कथा, कविता, गीत, ऐतिहासिक लेख आदिमा कलम चलाएता पनि समकालीन प्रतिभाहरूको अध्ययन अनुसन्धान गर्ने परम्परा अपेक्षित रूपमा कमै रहेकाले कतिपय प्रतिभाहरू ओझेलमा परेका छन् । ती प्रतिभाहरूमध्ये नरप्रसाद धिताल पनि एक हुन् । नेपाली साहित्यका साहित्यकार व्यक्तित्व नरप्रसाद धितालका बारेमा सामान्य जानकारी बाहेक विस्तृत अध्ययन हुन सकेको छैन । उनका कृतिहरूका बारेमा पनि हालसम्म कुनै अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छैन । अतः हालसम्म उनका बारेमा भएका अध्ययनको संक्षिप्त चर्चा परिचर्चा तल प्रस्तुत गरिएको छ ।

क. नरहरि आचार्यले **हराएका टिप्टा र कॉगडाहरू** (कवितासङ्ग्रह) २०६४ मार्फत राजनीतिक र सामाजिक गतिविधिमा निरन्तरता हुँदाहुँदै पनि साहित्यसृजना र सांस्कृतिक क्षेत्रको अन्वेषणमा धितालजीको अग्रसरता प्रशंसनीय कार्यको रूपमा रहेको छ र धितालजीको रचनामा स्थानीय रङ्गले

विशेष स्थान पाएको हुन्छ भन्नुका साथै सांस्कृतिक वैशिष्ट्यको खोजी धितालजीका रचनाका मौलिक पक्ष हुन् भनेका छन् ।

ख. वियोगी बुढाथोकीले **हराएका टिष्टा र कॉगडाहरू** (कवितासङ्ग्रह) २०६४ मा राष्ट्रिय चेतले निथ्रुक्क भिजेका कवि धितालका कृतिहरू ज्यादै सरल र सहज खालका छन् । मानौ उनले बाङ्गाटिङ्गा बाटाहरू देखेकै छैनन् । कट्मेरा फलहरू भेटेकै छैनन् । आफ्ना हराएको सीमालाई कविताका अक्षरहरूले खोजिरहेका छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

ग. वियोगी बुढाथोकीले **आमाको काखमा** (कवितासङ्ग्रह) २०६१ मार्फत शुभकामना दिने क्रममा नरप्रसाद धितालले आमा भन्ने शब्दलाई धेरै ठाउँमा स्थान दिएर आमाको महत्व, आमाको ममता, चाहना, पीडा र आमाको भावनालाई विभिन्न कोणबाट परिचित गराएको कुरा व्यक्त गरेका छन् ।

घ. देवेन्द्र प्रसाद शाहले **वाक्‌गती भित्र लुकेका थोपाहरू** (कथासङ्ग्रह)मा आफ्नो मन्तव्य व्यक्त गर्ने बेलामा आजको वातावरणले मान्छेलाई दिएको असर, मान्छेको तीब्र आकांक्षा र तिनलाई पूर्ति गर्न नसक्दाको असन्तोष, छटपटी र निराशा सबै कथाका विषय हुन् जसले आजको नयाँ पिढीलाई शिक्षा दिने कुरा टिप्पणी गरेका छन् ।

ङ. सुलोचना मानन्धरले **हराएका टिष्टा र काँगडा** (कवितासङ्ग्रह) मा शुभकामना दिने क्रममा देशको घाउको उपचारमा कसैले पनि निको पार्न नसकेकोले सदियौँ देखि चुपचाप सुतिरहेका बूढानीलकण्ठलाई पुकार या उठाउने प्रयास गरिएको कुरा उल्लेख छ ।

च. रामहरि लम्सालले **हराएका टिष्टा र कॉगडा** (कवितासङ्ग्रह) मा आफ्नो मन्तव्य दिने क्रममा बूढानीकण्ठ नारायणको शेषाशायी स्वरूपको निष्क्रियतादेखि नेपालले कुनै बेला चर्चिएर गुमाउनु परेको टिष्टा र कॉगडाको विरक्तिपूर्ण इतिहाससम्मको संस्मरण गरी धितालले लोक जीवनका विविध पक्षलाई समेत कविताको विषयवस्तु बनाएको कुरा व्यक्त गरेका छन् ।

## १.७. शोधको औचित्य

नेपाली साहित्यमा धेरै साहित्यकारहरू छन् । उनीहरू अवसर नपाएको कारणले ओझेलमा परेका छन् । यस्ता ओझेलमा परेका साहित्यकार मध्ये नरप्रसाद धिताल पनि एक हुन् । यस शोधले उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई सबैको सामु ल्याउने छ र यसले नयाँ स्रष्टा तथा कृतिहरूका खोजकर्ताको लागि सहयोग गर्नेछ ।

## १.८. शोधकार्यको सीमाङ्कन

प्रस्तावित शोधकार्य साहित्यकार नरप्रसाद धितालको जीवनी, व्यक्तित्व र कृतित्वसँग मात्र सम्बन्धित रहेर यो शोध पत्र तयार परिने छ । उनले साहित्यका के कस्ता विधामा कलम चलाए ? समाजमा के कस्ता सामाजिक कार्यहरू गरे ? जस्ता प्रश्नका उत्तरहरू प्रस्तुत तथा मूल्यङ्कन गरिएको छ ।

## १.९. सामाग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा  आवश्यक सामग्री सङ्कलन मूलतः शोधनायकसँग प्रत्यक्ष भेटघाट गरी तथा पुस्तकालयीय अध्ययन पद्धतिलाई आधार बनाईएको छ । साथै शोधनायकसँग सम्बद्ध विभिन्न विद्वान्, प्राध्यापकहरूसँग पनि मौखिक वा लिखित रूपमा जानकारी लिइएको छ ।

## १.१०. शोधविधि

प्रस्तुत शोधपत्रमा पुस्तकालयीय तथा क्षेत्रीय विधिबाट सङ्कलित सामग्रीहरूको अध्ययन विश्लेषणमा पूर्वीय साहित्य तथा पाश्चात्य साहित्यमा चलेका सिद्धान्त र वाद आदिलाई आधार बनाइएको छ । आवश्यकताअनुसार विभिन्न प्रकारका समालोचनात्मक प्रणालीको पनि सहयोग लिइएको छ ।

## १.११. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरी आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा छुट्याएर अध्ययन तथा विश्लेषण गरिएको छ ।

पहिलो परिच्छेद – शोध परिचय

यस  परिच्छेदमा शोधपत्रको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद – नरप्रसाद धितालको जीवनीको अध्ययन

यस परिच्छेदमा नरप्रसाद धितालको जीवनका विविध पाटाहरूको चर्चा गरिएको छ ।

तेस्रो परिच्छेद – नरप्रसाद धितालको व्यक्तित्वको अध्ययन

यस परिच्छेदमा नरप्रसाद धितालको व्यक्तित्वका विविध पाटाहरूको अध्ययन गरिएको छ ।

चौथो परिच्छेद – नरप्रसाद धितालको साहित्यिक कृतिहरूको अध्ययन

यस परिच्छेदमा नरप्रसाद धितालका साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेद – उपसंहार

यस परिच्छेदमा शोधपत्रको निष्कर्षका रूपमा उपसंहार प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# नरप्रसाद धिताल 'बूढानीलकण्ठ सेवक' को जीवनी

## २.१ जन्म र जन्मस्थान

नरप्रसाद धितालको जन्म वि. सं. २००७ फाल्गुण १७ गते राति विष्णु बूढानीलकण्ठ २, मिलनचोकमा पिता मुक्तिनाथ धिताल र आमा नानीमैयाँ धितालका कान्छो सुपुत्रको रूपमा भएको थियो । यिनको न्वारनको नाम जुराउँदा 'न' बाट आएकोले नरप्रसाद धिताल रहन गएको हो । यिनका दुई दाजुहरू र दुई दिदीहरू छन् ।

नरप्रसाद धितालको जन्मस्थान काठमाडौँ जिल्लाको  पवित्र धार्मिक स्थल बूढानीलकण्ठमा हो । यस ठाउँको नाम ऐतिहासिक किंबदन्ति अनुसार धेरै वर्ष पहिले एउटा बूढो नीलकण्ठ नाम गरेको किसानले खेत जोत्दा एउटा मूर्ति फेला पारे र मूर्तिको नाम किसानको नामबाट राखियो । त्यस ठाउँ बूढानीलकण्ठको धार्मिक स्थल भएको कारणले बूढानीलकण्ठ रहन गएको भन्ने भनाई रहेको छ । बूढानीलकण्ठ काठमाडौँ जिल्लाको ग्रमीण भेग प्रदूषणरहित र कोलाहल रहित शिवपुरीको फेदीमा पर्दछ । यहाँको हावापानी, वन जङ्गल र पशुपङ्छीहरूले जो कसैलाई पनि मुग्ध बनाएर साहित्यिक सृजना गर्न प्रेरित गर्न सक्दछ ।

## २.२ वंश परम्परा

नरप्रसाद धितालको गोत्र कौशिक हो । वंशावली अनुसार उनका पूर्वजहरूको मूल थलो भारतको केदारखण्ड भनिएको छ ।[१] धितालहरू भारतको केदारखण्डबाट नेपालको जुम्ला क्षेत्रमा बसोबास गर्न आएका हुन् । करिव सोह्रौं शताब्दीको सुरु तिर 'धिताल' थरको उत्पत्ति बारे केही तथ्यहरू जानकारीमा आएका छन ।[२]

[१] धिताल सेवासमाज, (सम्पा.) धिताल वंशावली सम्पा.,२०६२, पृ.१६१ ।
[२] ऐजन ।

हालसम्मको जानकारी अनुसार 'धिताल' थरधारी पहिलो व्यक्ति ज्योतिष हरिकृष्ण धिताल हुन् । जुम्लामा उनी बसोबास गरेको क्षेत्र आजसम्म पनि 'धिता' नामले चिनिन्छ । उनको जन्म वि. सं. १५०० तिर भएको भन्ने वंशावलीले बताउँछ ।[३] यिनको पालामा जोडिएको 'धिताल' थर सम्बन्धी विभिन्न किंवदन्ती यस प्रकार छन् ।

१. जुम्लाको 'धिता' क्षेत्रमा बसोबास गर्ने भएकोले धितामा आलय प्रत्यय लागेरधितालय हुँदै धिताल भएको हो ।

२. राज ढुकुटीको संचालक भएर धितो लिने दिने कार्य गर्ने भएकाले धितोवालबाट धिताल भएको हो ।

३. उनीहरू धीर सहनशील भएको कारणले धीरबाट धिताल रहेको भन्ने विभिन्न किंवदन्ती जोडिएको पाइन्छ ।

यिनका पुर्खाहरू बसाइँ सराइको क्रममा नेपालका विभिन्न जिल्लामा छरिएर रहेका थिए । यसै क्रममा नरप्रसाद धितालका पूर्खा दिनानाथलाई पृथ्वी नारायण शाहले काठमाडौँ आउने क्रममा आफूसँगै ल्याएको भनिएको छ ।[४] दिनानाथ काठमाडौँको बाँसबारीस्थित हात्तिगौँडामा आई बसोबास गरेका थिए । नरप्रसाद धिताल यिनै दिनानाथ धितालका परिवारका हुन् । काठमाडौँको हात्तीगौँडामा आई बसोबास गरेपछिका यिनको वंशपरम्परा यस प्रकार छ ।

क. दिनानाथ धिताल

१. श्रीधर धिताल

ख. श्रीधर धिताल

१. लक्ष्मीकान्त धिताल
२. उमाकान्त धिताल
३. रामनाथ धिताल
४. रेवतीरमण धिताल

[३] ऐजन ।
[४] ऐजन ।

ग. उमाकान्त धिताल

१. मुक्तिनाथ धिताल

२. धर्मदत्त धिता

३. भुवननाथ धिताल

घ. मुक्तिनाथ धिताल

१. टेकनाथ धिताल

२. सीताराम धिताल

३. नरप्रसाद धिताल

ङ. नरप्रसाद धिताल

१. विजय धिताल

२. आकाश धिताल

ङ. नरप्रसाद धिताल

१. विजय धिताल


२. आकाश धिताल

उपरोक्त कौशिकगोत्रीय नरप्रसाद धितालको वंश परम्परालाई यस प्रकार वृक्षरेखा द्वारा देखाइएको छ ।

दिनानाथ धिताल

श्रीधर धिताल

लक्ष्मीकान्त | उमाकान्त | रामनाथ | रेवतीरमण




## २.३ बाल्यावस्था

बाल्यावस्था एक यस्तो अवस्था हो जुन अवस्थाको स्याहार सुसार तथा अवसरले भविष्यको जग बनाउछ । त्यसैले बालबालिकालाई सकेसम्म राम्रो शिक्षा दीक्षा दिनुपर्दछ । नरप्रसाद धितालको वाल्यावस्था खासै राम्रोसँग बितेन । वाल्यावस्थामा बच्चालाई आमाबाबु दुबैको मायाको आवश्यकता पर्दछ । तर नरप्रसाद धितालको बाल्यकालमा डेढ वर्षको उमेरमा उनका पिता मुक्तिनाथ धितालको मृत्यु हुन्छ । उनले आफ्नो पिताको माया त परै जाओस अनुहारसम्म पनि सम्झना गर्न पाएनन् । उनलाई आमाले नै दुवैजनाको जिम्मेवारी र माया दिएर हुर्काइन् । उनी बाल्यावस्थामा नै बाबुविनाको टुहुरो बन्न पुगे । उनी तीन वर्षको उमेरमा विद्यालय पढ्नको लागि आफ्नो आमाको न्यानो काख छोडेर चावहिलमा मितिनी दिदी संगीतकार नातीकाजीकी सासू कहाँबस्न थाले ।[५] किनकि त्यतिबेला बूढानीलकण्ठमा कुनै विद्यालय नै थिएन । तीन वर्षदेखि दस वर्षसम्म उनले मितिनी दिदी सरस्वतीको घरमा बसेर पढे । दस वर्षपछि ब्राम्हण रीतिअनुसार चूँडाकर्म गर्न आफ्नै घर बूढानीलकण्ठ फर्के ।

[५]शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

ब्रतबन्ध गरेपछि ब्राम्हणले सानो जातले छोएको खाँनु हुँदैन भन्ने रुढीबादी सोचाइले गर्दा उनी घरमै बस्न थाले । हुने बिरुवाको चिल्लो पात भने झैं उनले सानैदेखि साहित्यमा रुचि राख्न थाले र यस बाहेक उनी फुटबल खेल्न, अभिनय गर्न र पढ्न रुचि राख्दथे ।

## २.४ शिक्षा दीक्षा

शिक्षाले मानव जीवनमा अत्यन्त ठूलो भूमिका खेल्दछ । मानिसलाई बाँच्नको लागि जति खानाको आवश्यकता पर्दछ त्यति नै आवश्यकता जिन्दगी सभ्य र सरल बनाउनको लागि शिक्षाको आवश्यकता पर्दछ ।

नरप्रसाद धितालले त्यतीबेला बूढानीलकण्ठमा विद्यालय नभएकोले चाबेलमा मितिनी दिदीकहाँ बसेर तीन वर्षदेखि दश वर्षसम्म पढे । उनले एक वर्ष मितिनी दिदीको घरमै बसेर अनौपचारिक शिक्षा हासिल गरे भने पाँच वर्षको उमेरमा चाबहिलकै मित्रमण्डल विद्यालयमा भर्ना भए ।[६] दश वर्षपछि ब्राम्हण रिवाज अनुसार चूँडाकर्म गर्न बूढानीलकण्ठ घरमा ल्याईयो । त्यसपश्चात् चूँडाकर्म गरेपछि सानो जातले छोएको खान हुन्न भन्ने रुढीवादीले गर्दा उनी बूढानीलकण्ठमै बसे । केही समय बसेपछि त्यहाँ पढ्नको लागि विद्यालय नभएकोले ललितपुरको धोवीधाट स्थित आफ्नै दिदीको घरमा बसेर उनले सानेपाको टिका विद्याश्रममा ५ र ६ कक्षा पढे ।[७] दिदीको घरमा बसेर पढ्दै थिए तर दिदी भाईको बीचमा खटपट भए पछि उनी आफ्नै घरमा बूढानीलकण्ठमा बसेर सानेपाको विद्यालयसम्म पढ् आउन थाले । ७ र ८ बूढानीलकण्ठ शिवपुरी नि. मा. वि. मा अध्ययन गरे भने ९ र १० भगवतीवारीको शान्तिनिकुञ्जमा अध्ययन गरे । शान्तिनिकुञ्जबाट २०२५ सालमा एस.एल.सी. परीक्षाको फारम भरे तर परीक्षामा सामेल भएनन् । २०२६ सालमा परीक्षा दिए तर अङ्ग्रेजी पिषयमा असफल भए । उनको अङ्ग्रेजी विषय अरु विषयभन्दा कमजोर थियो । पहिलो पटक परीक्षामा असफल भएपछि २७ र २८ सालमा परीक्षामा सामेल नभै महाराजगञ्जको रात्रीप्रौढ विद्यालयमा कोचिङ्ग पढे । त्यसपछि २०२९ सालमा एस.एल.सी.परीक्षा दिएर दोस्रो श्रेणीमा उत्तीर्ण भए ।

[६] ऐजन ।
[७] ऐजन ।

एस.एल.सी. पास भएपछि आई. ए. पढ्न भारतमा गए । उनले भारतको उत्तर प्रदेशमा पर्ने जवाहरलाल नेहरु स्मारक इन्टरनेसनल कलेजबाट आई. ए. दोस्रो श्रेणीमा पास गरे । बि.ए. पढ्न आफ्नो देश नेपाल फर्केर सरस्वती कलेजमा भर्ना भए तर विभिन्न कारणवश उनले बि. ए. को पढाई पूरा गर्न सकेनन् ।[८]

## २.५ पारिवारिक पृष्ठभूमि

नरप्रसाद धितालको जन्म एक साधारण मध्यम वर्गीय बाहुन परिवारमा भएको थियो । हजुरबुवा उमाकान्तका तीन सन्तानहरूमध्य जेठो छोरा मुक्तिनाथ धितालका कान्छा छोराको रूपमा नरप्रसाद धितालको जन्म भएको थियो । नरप्रसाद धितालका बुवा बाँसबारी हात्तीगौँडामा जन्मेका थिए । पछि उनी आफ्नो ससुराली विष्णु बूढानीलकण्ठमा बसोबास गर्न गए । ससुरालीमा सासूका छोराहरू नभएकोले उनका बाबु हात्तिगौँडाको जग्गा जमिन बेचेर बूढानीलकण्ठमै बस्न गए । त्यहाँ आफूले पनि जमिन जोरजाम गरे । पछि नरप्रसाद बूढनीलकण्ठमै जन्मे । नरप्रसादको मामाघरको हजुरबुवा छिटो बितेकाले हजुरआमा वेनुशमशेरको धाईआमा भई सम्पत्ति सबै छोरीजुवाई नरप्रसादका आमाबाबुलाई सुम्पेर आफू भारतको देहरादुनमा बसेकी थिइन् ।

नरप्रसाद धितालका बाबु शिक्षित थिए । उनी सेनामा जागिरे थिए । उनका बाबुले फुर्सदमा पढाउने पनि गर्दथे । उनका बाबु निकै रौसालु र सौखिन पनि थिए भन्ने कुरा उनले आमा र चिनेजानेकाबाट थाहा पाएका थिए । एक दिन दसैंको लागि फूलपातीको दिन खसी किनेर ल्याएका थिए । अष्टमीको दिन त्यो खसी मार हाने । त्यसको सात दिनपछि नरप्रसादका जेठा दाजुको मृत्यु भएछ । त्यसपछि सात सात दिनको फरकमा तीन सन्तानको मृत्युले आहत बनेर सेनाको जागीर छोडी घर जग्गा अरूलाई हेर्न लगाएर सासू बालकुमारी बसेको ठाउँ भारतको देहरादुनमा परिवार सहित गएछन् । त्यहाँ तीन वर्ष बिताएर पीडा कम भएपछि नेपालमा आफ्नै घरमा फर्केर समाज सेवातिर लागेका रहेछन् ।

[८] ऐजन ।

मुक्तिनाथ धिताल र नानीमैयाँ धिताल भारतबाट नेपाल फर्केपछि नरप्रसाद धिताल सहित पाँच सन्तानको जन्म भएको थियो । नरप्रसाद सबै भन्दा कान्छो सन्तानको रूपमा जन्मेका थिए । नरप्रसाद जन्मेको डेढ वर्ष पछि उनका बाबु मुक्तिनाथ धितालको मृत्यु भएको थियो । बुवाको मृत्युपछि छोराछोरीको हेरचाह देखि सम्पूर्ण कामको बोझ आमा नानीमैयाँको काँधमा पर्छ । उनीहरूले इष्टमित्रहरूबाट आश्वासन मात्र पाए, आर्थिक सहयोग भने पाएनन् । नरप्रसादसहित उनका दाजु तथा दिदीहरू सबै आमा नानीमैयाँले हुर्काइन् र २०३४ सालमा आमा नानीमैयाँको मृत्यु भयो । हाल नरप्रसाद धिताल सपरिवार बूढानीलकण्ठको विष्णु गा. वि. स. मा बसोबास गर्दै आएका छन् ।[९]

## २.६ विवाह र सन्तान

नरप्रसाद धितालको विवाह २०३१ सालमा २४ वर्षको उमेरमा भक्तपुरनिवासी विश्वनाथ घिमिरेकी छोरी देवकी घिमिरेसँग सु-सम्पन्न भएको थियो । उनी असल शीलस्वभावयुक्त छिन् । नरप्रसाद धितालको सहयोग विना पनि उनी आफ्नो घर परिवार सम्हालेर बसेकी छन् । नरप्रसाद धिताल घर गृहस्थीमा भने त्यति चासो दिँदैनन् भन्ने कुरा उनी आफैँ बताउँछन् ।

नरप्रसाद धितालका चार सन्तानहरू छन् । तीमध्ये दुई छोराहरू र दुई छोरीहरू छन् ।

छोराहरू - १. विजय धिताल
२. आकाश धिताल

छोरीहरू - १. पूजा पौड्याल
२. आरती अर्याल

सबै सन्तानहरूको बिवाहवारी भैसकेको छ । जेठो छोरा बुहारी विदेशमा छन् भने कान्छो छोरा बुहारी उनीहरूसँगै छन् ।

[९] ऐजन ।

## २.७ आर्थिक अवस्था

साधारण मध्यम वर्गीय बाहुन परिवारमा नरप्रसाद धितालको जन्म भएको थियो । उनको पुर्ख्यौली घर बाँसबारी हात्तीगौंडा हो । उनका आमाको दाजुभाई कोही नभएकोले उनका पिता ससुरालीमा गई बसेका थिए । आफ्नो जमिनबाट लगभग खान पुग्थ्यो भने उनका बाबु मुक्तिनाथको जागीर सेनामा थियो । पछि उनका आर्थिक अवस्थामा केही उतार चढाव आए पनि खासै उथलपुथल भएन । पहिलेको सम्पत्ति केही बेचबिखन गरे । हाल नरप्रसाद धितालसँग दुई रोपनी जग्गा र दुईवटा घरहरू छन् । उनी स्वयम् पनि केही आर्जन गर्दछन् भने छोराहरू पनि इलममा लागेका छन् । यसरी उनको आर्थिक अवस्था राम्रैसँग चलिरहेको छ ।[१०]

## २.८ साहित्य लेखनमा प्रेरणा

साहित्य भावनासँग जोडिएको हुन्छ । जो भावनामा डुबुल्की मार्न सक्छ, उसले साहित्यको सृजना गर्न सक्दछ । साहित्य सृजनाको लागि सबै भन्दा पहिले व्यक्ति स्वयम् अन्तर्मनबाट उत्प्रेरित हुनुपर्दछ । त्यसपछि पलाएको मुनालाई मलजल गरी बढाउने काम गर्न अन्य तत्वले सहयोग गर्दछन् । साहित्यकार नरप्रसाद धिताल पनि सानै उमेरदेखि साहित्यमा रुचि राख्दथे । उनले चार कक्षा पढ्दादेखि नै गीत, कविता रचेर साथीहरूलाई देखाउने गर्दथे । उनलाई स्कुलमा पढ्दा महाकवि देवकोटाको जीवनी तथा कविताले प्रभावित पारेको कुरा उनी बताउँछन् ।

उनलाई देवकोटाको जीवनी तथा उनको कविता निकै मन पर्दथ्यो । अर्को कुरा उनको घर भगवान् बूढानलीकण्ठको धार्मिक स्थल शिवपुरी जङ्गलको फेदीमा अवस्थित छ । त्यहाँको प्राकृतिक सुन्दरताले भरिपूर्ण दृश्य आदि कुराले पनि उनको साहित्यिक सृजनामा थप मलजल गऱ्यो । भनिन्छ साहित्यिक सृजनामा प्रकृतिले ठूलो भूमिका खेलेको हुन्छ । नरप्रसाद धितालालाई साहित्य सृजनाको लागि आएको भावनात्मक बाढीलाई उनकी आमाको सहयोगले थप उर्जा थप्यो । उनको साहित्यलेखनको अर्को प्रेरणाको स्रोत उनका साहित्यकार साथीहरू वियोगी बुढाथोकी, ध्रुव मधिकर्मी, युवराज नयाँघरे र ज्ञानुवाकर आदि रहेका छन् ।[११]

---
[१०] ऐजन ।
[११] ऐजन ।

## २.९ साहित्य लेखनको शुभारम्भ

साहित्यकार नरप्रसाद धिताल सानै उमेर देखि साहित्यमा रुचि राख्दथे । उनी विद्यालय जीवनमा देवकोटाको जीवनी तथा कविताहरूले प्रभावित थिए । उनी कक्षा ४ देखि नै कवितो रच्ने कोसिस गर्दथे । उनी साहित्यिक पत्र पत्रिका पढेर त्यसका लेखहरू जस्तै नक्कल गरेर कविता रचना गर्ने गर्दथे । उनी त्यसरी नै साहित्यमा आफूलाई परिपक्व बनाउदै लगेर साहित्यकार बने । अहिले उनले धेरै साहित्यको सृजना गरिसकेका छन् । उनी कवि, कथाकारका साथै एक सफल ऐतिहासिक खोज तथा अनुसन्धानकर्ता पनि हुन् । उनले आफ्नो साहित्यिक परिपक्वताको जीवनमा पहिलो अनौपचारिक लेख ऐतिहासिक तथा धार्मिक भगवान् बूढानीलकण्ठको बारेमा लेखेका थिए । जुन उनले **उठ्दैनन् बूढानीलकण्ठ** भन्ने लेख  २०३२ सालमा लेखेका थिए । त्यसै लेख भगवान् बूढानीलकण्ठको बारेमा गरिएको अनुसन्धनात्मक लेख थियो ।[१२]

## २.१० प्रकाशनको प्रारम्भ र लेखनविस्तार

साहित्यकार नरप्रसाद धितालले अनौपचारिक रूपमा पहिल्यै थुप्रै साहित्यको रचना गरेता पनि उनको कृतिले प्रकाशित हुने मौका भने २०५१ सालमा मात्र पायो । उनको पहिलो लेखन प्रकाशन तथा सम्पादन एकमुष्ट प्रतिभा २०५१ सालमा प्रथम त्रैमासिक पत्रिका **शिवपुरी सन्देश** बाट देखियो । यो पत्रिका तीन, तीन महिनामा प्रकाशित हुन्थ्यो । त्यस पत्रिकामा विभिन्न विधाका लेखहरू समावेश गरेर साहित्यकार आफैंले सम्पादन कार्य गरेका थिए । उनी स्वास्थ्य मन्त्रालयमा कार्यरत थिए । स्वास्थ्यसम्बन्धी कामको सिलसिलामा विभिन्न जिल्लाको कुना काप्चामा गएर कार्य गर्नु पर्ने व्यस्तता हुँदाहुँदै पनि उनी बेलाबेलामा फूटकर रचनाहरू रचेर विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित गराउँथे । नरप्रसाद धितालले अहिलेपनि साहित्यलाई निरन्तरता दिँदै आइरहेका छन् । उनले हालसम्म धेरै कृतिहरू प्रकाशित गरिसकेका छन् भने केही प्रकाशनको तयारीमा रहेका छन् ।[१३]

[१२] ऐजन ।
[१३] ऐजन ।

**प्रकाशित कृतिहरू**

१. बूढनीलकण्ठ र देवी-देवता

२. सिप्लिकानको पात

३. बूढानीलकण्ठ प्रभु र आसपासका योगी-तपस्वी

४. आमाको काखमा

५. हराएका टिस्टा र कॉगडा

६. वाक्मतीभित्र लुकेका थोपाहरू

७. धुनको पर्खाइमा रोएका शब्दहरू

८. धिताल वंशावली

९. पूजा सि.डी.

**प्रकाशोन्मुख कृतिहरू**

१. गोरु र हली

२. बूढानीलकण्ठ (अङ्ग्रेजीमा)

३. निबन्ध सङ्ग्रह

४. लोकतन्त्र वर्णमाला

५. शंख सि.डी.

उनका थुप्रै गीत, भजन र लेखहरू अन्य पत्रिकाहरूमा प्रकाशित भएका छन् ।

## २.११ स्वभाव र रुचि

हरेक मानिसकोरुचि र स्वभाव समान हुदैन । आफ्नो एउटै बाबुआमाबाट जन्मेका सन्तानहरूको समेत एकै हुँदैन । रुचि र स्वभावले नै मानिसलाई उसको परिचय दिन्छ । नरप्रसाद धितालको स्वभाव पनि

आफ्नै प्रकारको छ । उनी अत्यन्त सरल, स्वाभिमानी, मिलनसार र निष्कपट व्यक्तित्वका धनी छन् । उनमा आडम्बरीपना कतै छैन । गंगा झैं स्वच्छ र सफा मन छ उनको । अरू मानिसमा पनि आफ्नो गुण जस्तै खोज्छन् उनी । सरल स्वभावका मानिससँग हेलमेल गर्न चाहन्छन् । दुष्ट प्रवृत्ति भएका मानिससँग आफूलाई टाढै राख्दछन् । आफूले बोल्दा अरुलाई चोट पर्ला कि भनेर सधैं चेतनशील रहन्छन् । सानालाई माया र ठूलालाई आदर गर्नु उनको स्वभाव छ । आफूले सम्मान पाउनको लागि अरूको पनि सम्मान गर्नु पर्ने कुरा बताउछन् । सधैं सबैसँग मिजासिलो भएर प्रस्तुत हुने उनी समाजमा आफ्नो छुट्टै स्थान कायम राख्न सफल भएका छन् ।

साहित्यकार धिताल विशेष गरी सानैदेखि समाजसेवामा लागेका हुन् । समाजसेवा पनि उनको अर्को रुचि हो । उनी विशेष गरि कविता र कथाहरू रचना तथा प्रकाशन गर्दछन् ।  उनलाई संगीत सुन्न, भजन गाउन र अभिनय गर्न पनि मन लाग्छ । धितालललाई सादा नेपाली खाना दालभात, गुन्द्रुक, अचार, तरकारी, मकैभट्मास मन पर्छ । उनी माछा मासु पनि खाने गर्दछन् । उनको फुर्सदमा तवला बजाएर शास्त्रीय नाच नाच्ने रुचि पनि रहेको छ ।[१४]

## २.१२ आस्था र विचार

धिताल धर्म र कर्म दुबैमा विश्वास भएका व्यक्ति हुन् । उनी परम्परा देखि चल्दै आएको संस्कृतिलाई जोगाइराख्न र कुसंस्कारलाई त्यागेर असल मार्गमा हिड्न प्रेरणा दिन्छन् । उनी पूजामा पनि आस्था राख्दछन् तर पूजाको साथसाथै दुःख पाएकाहरूको सेवा गरे मात्र भगवान् खुसी हुने कुरामा विश्वास गर्दछन् । दुःखी र गरिबहरूको आत्मामा भगवान्को बास हुने कुरामा विश्वास राख्दछन् । उनी देवकोटाको जीवनी तथा उनको यात्री कविताबाट प्रभावित छन् । त्यसैले उनी समाजसेवामा नै आफूलाई समर्पित गर्न चाहन्छन् ।उनी परम्परागत मूल्यमान्यतालाई रुढिवादी दृष्टिबाट नहेरेर वैज्ञानिक र सामाजिक दृष्टिकोणले हेर्नुपर्ने धारणा राख्दछन् । उनी पूरा नास्तिक पनि हैनन् र पूरा आस्तिक पनि होइनन् । कट्टर धार्मिक परम्परावादी नभए पनि संस्कार र संस्कृति भन्ने कुरा कहिल्यै पनि लोप हुनुहुँदैन र आफ्नो सभ्यतालाई बचाईराख्नु पर्दछ भन्ने उनको मान्यता छ ।

[१४] श्रीमती देवकी धितालबाट प्राप्त जानकारी अनुसार ।

उनी पूर्वीय दर्शनप्रति आस्था भएका व्यक्ति हुन् । पूर्वीय दर्शनले मानिसलाई मात्र नभएर समस्त चराचर प्राणीलाई समभावको दृष्टिले हेर्दछ र त्यसका साथै अध्यात्मिक चेतनाको शिक्षा पनि दिएको हुन्छ  भन्ने उनको मान्यता छ । उनी धर्मलाई जीवनपद्धतिका रूपमा लिनुपर्छ र जसले जीवन रक्षा गर्दछ त्यही धर्म हो । साम्प्रदायिकताबाट माथि उठेर धर्मको रक्षा गर्नु पर्छ । धर्मको नाममा युद्ध हुनु हुँदैन । धर्मले नै मानिसलाई लोककल्याणमा लाग्न प्रेरित गर्दछ र विश्वको कुनै पनि समाज कुनै न कुनै धर्मले नियन्त्रित रहेको छ भन्ने उनको मान्यता छ ।[१५]

## २.१३ कार्य क्षेत्र

धिताल बूढानीलकण्ठ नि. मा. वि. का सह-संस्थापक हुन् । उनले त्यस विद्यालयमा प्राध्याापन गर्नुका साथै केही समय प्रधानाध्याापकका रूपमा पनि कार्य गरेका थिए ।  त्यसपछि उनले स्वास्थ्य मन्त्रालयमा खालि पदको लागि विज्ञापन आएको बेलामा फारम भरेका थिए । त्यसमा उनी छनौट भएर त्यहाँ उनले नियुक्ति पनि पाए । उनी स्वास्थ्य मन्त्रालयमा कार्यरत भएको समयमा देशका विभिन्न जिल्लाहरूमा कामको सिलसिलामा सरुवा भएर गएका थिए र प्रायःजसो सबै जिल्लामा गएर उनले कार्य गरेका थिए । उनी काममा लगन र मिहेनतले गर्दा अधिकृत पदमा बढुवा भए र उनले त्यस मन्त्रालयमा २० वर्षसम्म कार्य गरे । हाल उनी रिटायर जीवन बिताउँदै समाज सेवामा लाग्नुको साथसाथै साहित्य सिर्जनालाई निरन्तरता दिइरहेका छन् ।[१६]

## २.१४ शैक्षिक, धार्मिक तथा सामाजिक सेवा

धिताल बूढननीलकण्ठ नि. मा. वि. का सह-संस्थापक हुन् । उनले साथीहरूसँग मिलेर बूढानीलकण्ठ नि. मा. वि. को स्थापना गराए । त्यस विद्यालयमा उनले अध्यापन गराउनुको साथै प्रधानाध्यापकको पद पनि सम्हालेका थिए । उनले बूढानीलकण्ठ पुस्तकालयको स्थापना गरेर पुस्तक प्रेमीहरूलाई ठूलो गुण लगाए ।

[१५] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[१६] ऐजन ।

उनले सांस्कृतिक तथा धार्मिक धरोहरको रक्षार्थ बूढानीलकण्ठको मन्दिर जिर्णोद्धारमा सहयोग गर्नुको साथै विष्णुमतीका शिवदेवको स्थापना, वाग्द्वारमा योगमुद्राको शिवजीको मूर्ति स्थापनामा पनि सहयोग गरेकाछन् । उनले वाग्द्वारमा योगी तथा तपस्वीलाई बस्नको लागि पाटीको पनि निर्माण गराएका छन् ।[१७]

## २.१५ सङ्घसंस्थागत संलग्नता

नरप्रसाद धिताल साहित्य स्रष्टा र सरकारी कार्यालयको कर्मचारी हुनुका साथै उनको समाजसेवी व्यक्तित्वले गर्दा उनले विभिन्न सङ्घसस्थाहरूसँग आबद्ध भएर सहयोग गर्दै आएका छन् । उनी आवद्ध सङ्घसंस्थाहरू निम्न रहेका छन् ।[१८]

१. कार्यकारी निर्देशक : निवर्तमान कार्यरत संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, बूढानीलकण्ठ क्षेत्र विकास समिति
२. पूर्व अध्यक्ष : लायन्स क्लब अफ मालिगाउँ
३. पूर्व सुपरभाइजर : स्वास्थ्य मन्त्रालय राष्ट्रिय क्षयरोग केन्द्र, ठिमी
४. पूर्व सदस्य : सनातन धर्म सेवा समाज बूढानीलकण्ठ
५. पूर्व प्रधानध्यापक : बूढनीलकण्ठ नि. मा. वि.
६. आजीवन सदस्य : विश्व हिन्दू महासङ्घ
७. सचिव : वेद विद्याश्रम बूढानीलकण्ठ
८. संयुक्त सम्पादक : 'शिवपुरी सन्देश' त्रैमासिक
९. पूर्व कोषाध्यक्ष : कोटिहोम महायज्ञ बूढानीलकण्ठ
१०. पूर्व सचिव : बूढानीलकण्ठ पुस्तकालय
११. पूर्व सदस्य : भू. पू. स्वास्थ्य कर्मचारी संघ
१२. पूर्व कोषाध्यक्ष : बूढानीलकण्ठ उद्यान पार्क निर्माण उपभोक्ता समिति
१३. पूर्व सदस्य : बूढानीलकण्ठ मा. वि. साधारण निर्माण उपभोक्ता समिति
१४. पूर्व सदस्य : दीर्घजीवी सहयोग केन्द्र

[१७] ऐजन ।
[१८] ऐजन ।

१५. पूर्व सदस्य : हात्तीगौँडा रक्तसंचार कोष
१६. सदस्य : बाल कल्याण केन्द्र, बूढानीलकण्ठ

१७. संरक्षक : वातावरण सुधार समिति, बूढानीलकण्ठ

१८. सचिव : नेपाली कांगेस विष्णु गाउँ समिति

१९. सदस्य : अनाथ बालबालिका संरक्षण स्कूल

२०. सदस्य : बाँसबारी बूढानीलकण्ठ मूल सडक निर्माण

२१. सचिव : मिलनचोक उत्तर राजकुलो बाटो निर्माण उपभोक्ता समिति

२२. सदस्य : बैकुण्ठ नगरी बाटो निर्माण उपभोक्ता समिति

२३. सदस्य : हरियाली पार्क प्रवेशद्वार चैत्य निर्माण समिति

२४. केन्द्रीय सदस्य : अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेवल ट्रष्ट

२५. पूर्व सचिव : श्रीमद्भागवत ज्ञान महायज्ञ आयोजक समिति

## २.१६ सम्मान तथा पुरस्कार

कुनै पनि संस्था वा व्यक्तिले राम्रो काम गरे वापत पाउने नगद, पदक, र कदरपत्रलाई नै सम्मान तथा पुरस्कार भनिन्छ । उनले स्वास्थ्य मन्त्रालयमा कार्य गर्दा प्रशंसनीय कार्य गरेवापत तत्कालीन श्री ५ बीरेन्द्रबाट गद्दीआरोहण पदक प्राप्त गर्नुको साथै विभिन्न सङ्घसंस्थाहरू र साहित्यिक क्षेत्रका तर्फबाट पनि सम्मान तथा पुरस्कारहरू प्राप्त गरेका छन् ।[१९]

## २.१७ भ्रमण

भ्रमणका उद्देश्य धेरै प्रकारका हुन्छन् । कोही शैक्षिक भ्रमण, सांस्कृतिक भ्रमण, साहित्यिक भ्रमण, कार्यालयीय भ्रमण र मनोरञ्जनको लागि आदि अनेक किसिमका उद्धेश्येका भ्रमण हुने गर्दछन् । साहित्यकारको भ्रमण अन्य किसिमका भ्रमणभन्दा बेग्लै किसिमको हुने गर्दछ । भ्रमण गर्दा सङ्कलित अनुभवलाई समेटेर नै स्रष्टाले साहित्यिक सृजना गर्दछ ।

[१९] ऐजन ।

नरप्रसाद धितालले पनि साहित्यिक तथा कार्यालयीय प्रयोजनको लागि देशभित्रका सबै जिल्लाहरू र विदेशमा सिङ्गापुर, मलेसिया, इण्डोनेशिया, थाईल्याण्ड र भारतका केही सहरहरूको भ्रमण गरेका छन् ।[२०]

## २.१८ तालिम

तालिम धेरै थरिका हुन्छन् । विषय र पेसा अनुसारका तालिम पनि हुन्छन् । तालिमले मानिसको सिपलाई पूर्णता तथा परिपक्वता प्रदान गर्दछ । जसरी तालिम प्राप्त व्यक्तिले सम्बन्धित कार्य सजिलै सम्पन्न गर्न सक्छ । तालिम अप्राप्त व्यक्तिले गर्न सक्दैन । त्यसैले जीवनमा तालिमको आवश्यकता पर्दछ । नरप्रसाद धितालले पनि विभिन्न किसिमका तालिम प्राप्त गरेका छन् ।
उनले लिएका तालिमका प्रकार निम्न रहेका छन् ।[२१]

१. एकवर्षे संगीत तालिम : आधुनिक शिक्षण संस्था, खिचापोखरी
२. तीनमहिने नृत्य तालिम
३. तथ्याङ्क सहायक तालिम, बेङ्गलोर, भारत
४. ड्राईभिङ्ग हलुका सवारी चालक
५. छमहिने तवला वादन तालिम

## २.१९ निष्कर्ष

साहित्यकार नरप्रसाद धितालको जन्म काठमाडौं जिल्लाको उत्तरमा पर्ने बूढानीलकण्ठमा भएको थियो । साहित्यकारका लागि शहरिया परिवेश र वातावरणभन्दा टाढा ग्रामीण पहाडी परिवेश, प्राकृतिक मनमोहता, ग्रामीणजनका मुखबाट निस्केका लोकगीत, आख्यान र उखानटुक्का नै विषयवस्तु बन्दछन् । धितालको जीवनमा पनि ग्रामीण परिवेशले निकै प्रभाव पारेको देखिन्छ । हुने बिरुवाको चिल्लो पात भने झैँ उनले प्राथमिक कक्षाको छात्रावस्थादेखि नै गीत, कविता, कथा लेख्ने र सुनाउने सृजनशील बाटो रोजे ।

[२०] ऐजन ।
[२१] ऐजन ।

उनी सानैदेखि मिहिनेती हुनाले सफलताका साथ अगाडि बढिरहे । उनी डेढ वर्षको हुँदा उनको बुवाको मृत्यु भएको थियो । उनको हेरचाह उनकी आमाले गरेकी थिइन् । बुवाको मृत्युले गर्दा उनको जीवनमा निकै उतार चढाव आयो । यसका बावजुद पनि उनले बि.ए.सम्मको अध्ययन गरे । बाल्यावस्थादेखिको उनको प्रतिभा बीचमा अनेक व्यवधानले प्रस्फुटित हुन पाएको थिएन । २०५० सालपछि त्यो प्रतिभाले प्रस्फुटित हुने मौका पाएको देखिन्छ । उनले अनौपचारिक लेखनको सुरुवात धेरै पहिलेदेखि नै गरेको भएता पनि उनलाई सार्वजनिक रूपमा चिनाउने कृतिहरूको सँगालो भने प्रकाशन भएको थिएन । औपचारिक रूपमा उनको कृतिहरूको सँगालोको प्रकाशनपूर्व पनि विभिन्न पत्र पत्रिकामा उनका छिटफूट लेखहरू प्रकाशित भएका छन् भनेर धिताल भन्दछन् तर २०५० सालको प्रथम त्रैमासिक पत्रिका **शिवपुरी सन्देश** मा भने उनका प्रकाशित कृतिहरू देख्न पाइन्छ ।

बूढानीलकण्ठ प्राकृतिक सुन्दरताले भरिपूर्ण भगवान् नारायणको पवित्र धार्मिक स्थल हो । यो ठाउँ काठमाडौँ जिल्लाको उत्तरी भेगमा पर्दछ । यस्तो प्राकृतिक सुन्दरताले भरिपूर्ण स्थल जो कोहीलाई पनि मन्त्रमुग्ध बनाउछ । सर्जक बन्नको लागि कोलाहलबाट टाढा, प्राकृतिक सुन्दरताले युक्त स्थानको आवश्यकता पर्दछ । बूढानीलकण्ठ पनि त्यस्तै स्थान भएर होला धिताल साहित्यकार बनेका । धिताललाई बूढानीलकण्ठको सुन्दर दृश्य, स्वच्छ वातावरण, प्राकृतिक सुन्दरताले साहित्यकार बन्न प्रेरित गरेको थियो । भगवान् नारायणको सुन्दर ऐतिहासिक मूर्तिले पनि उनलाई केहि लेखूँ बनायो र उनले भगवान्का बारेमा ऐतिहासिक लेख पनि लेखे । धिताल सानैदेखि साहित्यमा रुचि राख्दथे । फलस्वरूप चार कक्षामा पढ्दा देखि नै उनले कविता लेख्न सुरु गरेका थिए । उनले अनौपचारिक रूपमा थुप्रै कविता लेखेका थिए । उनका रचनाहरू कतिपय विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएका थिए भने कतिपय प्रकाशित हुन पाएनन् । औपचारिक रूपमा उनले पहिलो त्रैमासिक पत्रिका **शिवपुरी सन्देश** मा आफ्ना कविताहरू प्रकाशित गरे । त्यसको सह-सम्पादन पनि उनैले गरेका थिए । यो पत्रिका तीन महिनामा प्रकाशित हुन्थ्यो । जसको प्रकाशन वर्ष २०५१ थियो र यस पत्रिकाको विमोचन दमननाथ ढुङ्गानाले गरेका थिए । त्यसपछि उनका कृतिहरूको प्रकाशन गर्ने लहर चल्न थाल्यो । उनको प्रकाशित कथा तथा कविता सङ्ग्रहहरू **सिप्लिकानको पात**, **आमाको काखमा**, **वाक्मतिभित्र लुकेका थोपाहरू**, **हराएका टिष्टा र कॉगडा**, **र धूनको पखाईमा रोएका शब्दहरू** हुन् भने **बूढानीलकण्ठ हरिहर प्रभु र आसपासका योगी तपस्वी** र **बूढानीलकण्ठ र त्यहाँका देवी देवता** ऐतिहासिक लेख रहेका छन् । **वाक्मतीभित्र लुकेका थोपाहरू** उनको एकमात्र कथा सङ्ग्रह हो । उनले धितालहरूको उत्पत्ति

सम्बन्धीत खोजपूर्ण पुस्तक **धिताल वंशावली** को पनि प्रकाशन गरेका छन् । प्रकाशोन्मुख कृतिहरुमा **गोरू र हली** खण्डकाव्य, **बूढानीलकण्ठ** अङ्ग्रेजीमा, निबन्ध सङ्ग्रह, **लोकतन्त्र वर्णमाला** र **शंख** सि.डी. रहेका छन् । उनले हालै एउटा **पूजा** भन्ने गीत तथा भजनहरूको सङ्गालो सि. डी. बजारमा ल्याएका छन् ।

यसरी जीवनमा आइपरेका उतारचढाव, दुःख–सुखका बीचमा सङ्घर्ष गर्दै जीवनको उत्तरार्धतिर प्रवेश गरेका साहित्यकार धिताल आफ्ना साहित्यिक रचनाहरूलाई सन्तानसरह माया गर्दै साहित्यिक सेवामा लागेका छन् ।

# तेस्रो परिच्छेद

# नरप्रसाद धिताल 'बूढानीलकण्ठ सेवक' को व्यक्तित्व

## ३.१. पृष्ठभूमि

कुनै पनि व्यक्तिको व्यक्तित्वको निर्माणमा उसको पारिवारिक पृष्ठभूमि, संस्कार, वातावरण र साथीहरूको सङ्गतले विशिष्ट भूमिका खेलेको हुन्छ । व्यक्तित्वमा निहित सिर्जनशील प्रतिभा, अध्ययन, चिन्तन, मनन र केही गर्छु भन्ने भावनाले पनि उसको व्यत्तित्व निर्माणमा गहिरो प्रभाव पारेको हुन्छ । नरप्रसाद धितालको व्यक्तित्व निर्माणमा गहिरो प्रभाव पारेका छन् । डेढ वर्षको दुधे शिशुको समयमा उनको बाबुको मृत्यु भएको थियो । बाबुको अनुहार समेत उनलाई याद छैन । उनकी आमा र परिवारको ममता र सहयोगले उनलाई मानसिक आघात पर्न दिएन । उनका साथीहरूको संगतले पनि उनलाई व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याएको थियो । व्यक्तिका आ-आफ्ना प्रतिभा हुन्छन् । सबै क्षेत्रमा सबैले कुशलता हाँसिल गर्न पनि सक्दैनन् । साहित्यकार नरप्रसाद धितालले भने हात हालेका कैयन् काममा सफलता प्राप्त गरेका छन् ।

## ३.२. शारीरिक व्यक्तित्व

सधैँ हँसिलो खुसिलो र सुन्दर अनुहार भएका नरप्रसाद धितालको शारीरिक बनौट आकर्षक छ । उनको शारीरिक बनौटले टाढाबाटै कोही विशिष्ट व्यक्तित्वको संकेत गराउँदछ । उनको शरीरको लम्बाई ५ फिट ४ इन्चको छ । गोरो वर्ण भएका धितालका कपाल र दाह्री आधा फुलेका छन् । दाह्री जुँघा काटेर चिटिक्क परेर बस्ने उनको बानी छ । चम्किला आँखा, मिलेका दन्तलहरहरू र चुच्चो नाक छ । शारीरिक बनोटसँग मेलखाने उदर, कटी जङ्घा, पिडौँला सबै मिलेका देखिन्छन् ।[१] नरप्रसाद धिताल जा-कोहीसँग बोल्दा पनि नरम भएर मधुर वाणीले हाँसेर बोल्ने गर्दछन् ।

[१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

सबैसँग मिलनसार व्यवहार गर्ने, सानालाई माया, आफूभन्दा ठूलालाई आदर सत्कार र गरिब दुःखीहरूको सेवा गर्ने उनको बानी छ । उनको समाजसेवा र सामाजिक व्यक्तित्वका साथै साहित्यिक व्यक्तित्व पनि त्यत्तिकै उत्कृष्ट रूपमा देख्न सकिन्छ । कुनै पनि सभा समारोहमा वक्तव्य दिनुपर्दा उनी धाराप्रवाह रूपमा दिन्छन् । मान्छे आफू जस्तो छ, अर्कालाई पनि त्यस्तै देख्दछ । व्यक्तिमा सबै कुराको पूर्णता हुन सक्दैन । नरप्रसाद धितालको पनि कमजोरी रहेको छ । नरप्रसाद धितालको अर्कालाई तुरुन्तै विश्वास गर्ने उनको कमजोर पक्ष रहेको छ ।[२]

## ३.३ साहित्यकार व्यक्तित्व

साहित्यकारको साहित्यिक व्यक्तित्व उसको साहित्यिक कृतिका आधारमा निर्मित भएको हुन्छ । नरप्रसाद धितालको व्यत्तित्व पनि उनको कृतिका आधारमा तय भएको छ । उनले नेपाली साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान गर्दै आएका छन् । उनी सामाजिक यर्थावादी साहित्यकार हुन् । समाजमा देखिएका विकृति, विसङ्गति, कुप्रथा, अन्धविश्वास, शोषण, अत्याचार, दमन आदिलाई उनले आफ्ना रचनाको विशेषता बनाएका छन् । उनको रुचिको क्षेत्र कविता हो तापनि उनले कथा, उपन्यास, तथा अनुसन्धानात्मक लेखमा पनि आफ्नो खुवी देखाएका छन् । उनका कतिपय कृतिहरूको सङ्ग्रह प्रकाशित भैसकेका छन् भने केही प्रकाशनको तयारीमा छन् । यिनै विविध पाटाहरूलाई केलाएर हेर्दा उनको साहित्यिक व्यक्तित्व निम्न पक्षहरूबाट अध्ययन गर्न सकिन्छ ।[३]

### ३.३.१ कवि व्यक्तित्व

अक्षरहरूको थुप्रो लागाउँदैमा कविता बन्दैन । कविता बन्नको लागि कवितामा भाव, लय, कल्पना, विचार, ताल हुनुपर्दछ । मनमा उर्लेका भावहरूलाई छन्दोवद्ध बनाएर कागजमा उतारेपछि मात्र कविता बन्न सक्दछ । कविताको मूल स्वरूप छन्दोबद्ध नै हो, तर वर्तमानमा छन्दोबद्ध कविताले पनि स्थान सुदृढ पारेको छ । नरप्रसाद धिताल वार्णिक छन्द तथा मुक्त छन्द दुवैमा कविता लेख्ने कवि हुन् । उनले साहित्यको मङ्गलाचरण मुक्त लयका कविताबाट गरेका छन् ।

[२] श्रीमती देवकी धितालबाट प्राप्त जानकारी अनुसार ।
[३] पूर्ववत् ।

उनी बाल्यावस्थादेखि नै कवितालाई निकै मन पराउँथे । विद्यालयमा भएको कविता प्रतियोगितामा सहभागी हुन्थे । उनी विद्यालयमा पढ्दा महाकवि देवकोटाको कविता तथा व्यक्तित्वबाट प्रभावित भएका हुन् । साहित्यकार नरप्रसाद धितालले कविताका विभिन्न रचनामा कलम चलाएका छन् । त्यसमा खण्डकाव्य पनि एक हो । उनको प्रकाशोन्मुख रूपमा रहेको खण्डकाव्य **गोरु र हली** हो । उक्त खण्डकाव्यको विषयवस्तु समाजबाट लिएका छन् । नेपाली समाजमा भएका विषयवस्तुका रूपमा लिने क्रममा यो खण्डकाव्य पनि एक हो । यस खण्डकाव्यमा गरिब हलीको जीवनकथा उतारिएको छ । नेपाली समाजमा एउटा गरिबलाई हेर्ने दृष्टिकोणको बारेमा चर्चा गरिएको छ । गरिब भएर बाँच्नु अभिशाप हो । गरिबको हैसियत एउटा पशुको बराबर हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ ।[४]

## ३.३.२ गीत, गजल तथा भजनकार व्यक्तित्व

नरप्रसाद धिताल गीत,गजलकारका रूपमा पनि परिचत छन् । उनले आफ्ना गीत गजलमा सामाजिक, धार्मिक आदिलाई विषयवस्तु बनाएका छन् । भजनमा भगवान् बूढानीलकण्ठका साथै विभिन्न देवीदेवताको बारेमा बर्णन गरेका छन् । भगवान्को दयालु स्वभावको वर्णन गरेर, भगवान्ले नै यो सृष्टिलाई चलाएको कुरा उनी व्यक्त गर्दछन् । उनले आफ्ना कृतिमा स्थानीय बोलीचालीको भाषाको प्रयोग गरेका छन् ।[५]

## ३.३.३ कथाकार व्यक्तित्व

साहित्यका विभिन्न विधाहरू मध्ये कथा पनि एक हो । नरप्रसाद धिताल कथा विधामा पनि कलम चलाएर आफूलाई कथाकारको रूपमा चिनाउन सफल भएका छन् । जसरी कुशलतापूर्वक कविता लेखे त्यसै गरी कथामा पनि कुशलता देखाएका छन् । धितालका कथाहरूको सङ्ग्रह **वाक्मती भित्र लुकेका थोपाहरू** प्रकाशित भएको छ । जसमा उनले समाजमा देखिएका अन्धविश्वासका विरुद्ध विद्रोह गरेका छन् । समाजमा देखिएका अन्धपरम्परालाई जरैदेखि उखेल्नुपर्ने कुरा व्यक्त गर्दै यथार्थवादी, सुधारवादी कथाकारका रूपमा उनी परिचित भएका छन् । उक्त सङ्ग्रहमा जम्मा लामा छोटा गरेर तेईसवटा कथाहरू सङ्ग्रहित छन् ।

[४]शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[५]ऐजन ।

### ३.३.४ सम्पादक व्यक्तित्व

कुनै पनि लेखलाई उत्कृष्ट बनाउनको लागि सम्पादकको ठूलो हात रहेको हुन्छ । कस्तो लेखलाई कसरी प्रस्तुत गर्ने र वर्णविन्यास, वाक्यसङ्गठन सबै हेर्ने कार्य सम्पादकले गर्दछ । समाजमा सकारात्मक प्रभाव पार्ने लेखहरू लेखेर सधैँ समाजसुधारको चाहना सम्पादकले गर्दछ । नरप्रसाद धितालले सम्पादकको भूमिका पनि निर्वाह गरेका छन् । उनले रचना गरेका लेखहरूलाई आफ्नै सम्पादनमा रहेको प्रथम त्रैमासिक पत्रिका **शिवपुरी सन्देश** मार्फत पाठक समक्ष ल्याएका हुन् । यसका साथै उनले अन्य विभिन्न पत्र पत्रिकाको सम्पादनमा सल्लाहकारको रूपमा पनि कार्य गर्दै आएका छन् । उनको सम्पादन क्षमता पनि उत्कृष्ट रहेको छ ।

## ३.४ साहित्यतर व्यक्तित्व

नरप्रसाद धिताल को साहित्यका क्षेत्रमा जे जति योगदान देख्न सकिन्छ, त्यत्तिकै साहित्यतर क्षेत्रमा पनि देख्न सकिन्छ । एउटा साहित्यकारले साहित्यका क्षेत्रमा जति दायित्व निर्वाह गरेको हुन्छ, त्यत्तिकै दायित्व साहित्यतर क्षेत्रमा हुन्छ । साहित्यतर क्षेत्र विशाल हुन्छ । नरप्रसाद धितालको साहित्यतर व्यक्तित्वको अध्ययन गर्दा उनले समाजमा, धार्मिक सङ्घसंस्था तथा सामाजिक कार्यमा पुऱ्याएको योगदानको साथै उनका अन्य कार्यको अध्ययन गर्दै साहित्यतर व्यक्तित्वको विभिन्न शीर्षकमा अध्ययन गर्न सकिन्छ ।

### ३.४.१ जागिरे व्यक्तित्व

नरप्रसाद धितालले स्वास्थ्य मन्त्रालयमा जागिरेको रूपमा कार्य गरे । उनले स्वास्थ्य मन्त्रालय, राष्ट्रिय क्षयरोग केन्द्रमा कार्य गर्दा उनले देशका विभिन्न जिल्लाहरूमा गएर सेवा प्रदान गरेका थिए । स्वास्थ्य मन्त्रालयमा नियुक्ति पाउँदा उनले खरदार पदमा नियुक्ति पाएका थिए । पछि उनको लगन र मिहेनतले गर्दा त्यस पदबाट बढुवा भए । नरप्रसाद धिताल आफ्नो काम मिहेनतका साथ सम्पन्न गर्दथे । सरकारी काम त हो नि भनेर लापर्वाही गर्ने, कार्यालयमा ढिलो आउने, घुसखाने कर्मचारीप्रति घृणा गर्दथे । राष्ट्रसेवक भएर नियुक्त भएपछि आफ्नो व्यक्तिगत कार्यलाई भन्दा जनताको सेवामा ध्यान दिनु पर्ने र

जनताहरूलाई सेवा उपलब्ध गराउनु पर्ने कुरा व्यक्त गर्दथे । उनी समयमा कार्यालय पुग्ने र कार्यालयको सम्पूर्ण कार्य समयमै पूरा गर्दथे ।[६]

## ३.४.२ सङ्घसंस्थासँग आबद्ध व्यक्तित्व

नरप्रसाद धिताल एक वरिष्ठ साहित्यकारका साथसाथै कुशल समाजसेवी पनि हुन् । उनी समाजसेवी कार्यमालाग्दा विभिन्न सङ्घसंस्थाहरूसँग जोडिन पुगेका छन् । धितालको कार्यदक्षता, लगनशीलता, योग्यता, मिलनसारिता आदि गुणले गर्दा उनलाई विभिन्न सङ्घसंस्थाहरूले सल्लाहकार, अध्यक्ष, कोषाध्यक्ष, सदस्य, सम्पादक जस्ता उच्च पदीय जिम्मा सुम्पिएको देखिन्छ । उनी आफ्नो दायित्व इमान्दारीका साथ सम्पन्न गर्दछन् । नरप्रसाद धिताल सम्बद्ध विभिन्न सङ्घसंस्थाहरू र उनले पाएका जिम्मा यस प्रकार छन् ।[७]

१. निवर्तमान कार्यकारी निर्देशक : संस्कृत पर्यटन तथा नागरिक उड्यन मन्त्रालय,
   बूढानीलकण्ठ क्षेत्र विकास समिति
२. पूर्व अध्यक्ष : लायन्स क्लब अफ मालीगाउँ
३. पूर्व सुपरभाईजर : स्वास्थ्य मन्त्रालय, राष्ट्रिय क्षयरोग केन्द्र ठिमी
४. पूर्व प्रधानाध्यापक : बूढानीलकण्ठ नि. मा. वि.
५. पूर्व सदस्य : सनातन धर्मसेवा समाज, बूढानीलकण्ठ
६. आजीवन सदस्य : विश्व हिन्दू महासङ्घ
७. सचिव : वेद विद्याश्रम, बूढानीलकण्ठ
८. संयुक्त सम्पादक : शिवपुरी सन्देश त्रैमासिक पत्रिका
९. पूर्व कोषाध्यक्ष : कोटिहोम महायज्ञ, बूढानीलकण्ठ
१०. पूर्व सचिव : बूढानीलकण्ठ पुस्तकालय
११. पूर्व सदस्य : भू. पू. स्वास्थ्य कर्मचारी

[६] ऐजन ।
[७] ऐजन ।

१२. पूर्व कोषध्यक्ष : बूढानीलकण्ठ उद्यान कार्य निर्माण उपभोक्ता समिति

१३. कार्य सम्पादक: बूढानीलकण्ठको धार्मिक, सामाजिक हरेक कार्यमा जिम्मेवारी पद लिई कार्य सम्पादन गरेको

१४. पूर्व सदस्य : दीर्घजीवी सहयोग केन्द्र

१५. पूर्व सदस्य : हात्तीगौंडा रक्त संचार कोष

१६. सदस्य : बाल कल्याण केन्द्र

१७. संरक्षक : वातावरण सुधार समिति, बूढानीलकण्ठ

१८. सदस्य : अनाथ बालबालिका विद्यालय

१९. सदस्य : बाँसवारी बूढानीलकण्ठ मूल सडक निर्माण

२०. सचिव : मिलनचोक उत्तर राजकुलो बाटो निर्माण उपभोक्ता समिति

२१. सदस्य : वैकुण्ठ नगरी बाटो निर्माण उपभोक्ता समिति

२२. सदस्य : हरियाली पार्क प्रवेशद्वार चैत्य निर्माण समिति

२५. केन्द्रीय सदस्य : अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेवल ट्रष्ट

२६. प्रेस प्रतिनिधि : ४ वर्ष कार्यरत

२७. पूर्व सचिव : श्रीमद्‌भागवत ज्ञान महायज्ञ समिति

२८. सह सचिव : बूढानीलकण्ठ प्रहरी इकाइ निर्माण समिति

२९. उपाध्यक्ष : सामुदायिक सेवा केन्द्र, बूढानीलकण्ठ

३०. कोषाध्यक्ष : फूल पसल टहरा निर्माण समिति, बूढानीलकण्ठ

३१. सल्लाहकार : खेलकुद डोजो, बूढानीलकण्ठ

३२. सदस्य : गीता मन्दिर, स्वयम्भू

३३. सल्लाहकार : सरोज कल्याण समिति

३४. सल्लाहकार : बूढानीलकण्ठ क्षेत्र विकास समितिको गुरुयोजनासम्बन्धी

३५. संरक्षक : सनातन धर्म सेवा समिति

३६. उपाध्यक्ष : स्रोत परिचालन केन्द्र, हात्तिगौंडा

### ३.४.३ खोजकर्ता तथा अन्वेषक व्यक्तित्व

नरप्रसाद धिताल खोज तथा अन्वेषक व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनी साहित्यकारका साथै धार्मिक, सांस्कृतिक वस्तुहरूको संरक्षक तथा परिचायक पनि हुन् । उनले बूढानीलकण्ठको धार्मिक तथा सांस्कृतिक वस्तुहरूको संरक्षणमा सहयोग गर्दै आएका छन् । हाम्रो पहिचान झल्काउने वस्तुहरूको संरक्षण हामीले गर्नु पर्दछ भन्ने उनको धारणा छ । उनले भगवान् बूढानीलकण्ठ र त्यहाँका संस्कृतिहरूको बारेमा सूक्ष्म रूपले खोज गरी विभिन्न समयमा चलिआएका चलनचल्तीहरूको बारेमा अनुसन्धान गरी ऐतिहासिक लेख लेखेका छन् । त्यसता लेखले त्यस विषयमा चासो राख्नेहरूको लागि सहयोग गर्दछन् ।[८]

## ३.४.४ समाजसेवी व्यक्तित्व

नरप्रसाद धितालको सामाजिक व्यक्तित्वलाई नियाल्दा उनलाई एक समाजसेवी भनेर जान्न सकिन्छ । उनले समाजलाई पुऱ्याएका उत्कृष्ट सेवाहरूमध्ये विद्यालयको स्थापना महत्वपूर्ण रहेको छ । उनको समयमा बूढानीलकण्ठमा विद्यालय थिएन । उनलाई विद्यालय पढ्न समस्या भएको थियो । आफूले पढ्दा समस्या परेकोले बूढानीलकण्ठमा साथीहरूसँग मिलेर विद्यालयको स्थापना गराए । बूढानीलकण्ठमा कोटीहोमको आयोजन गरेर त्यसबाट रु. २६,००,००० सङ्कलन भएको थियो । त्यो पैसा बूढानीलकण्ठको विकासमा खर्च गरिएको थियो । उनले वाग्द्वारमा योगी तपस्वीलाई बस्नको लागि पाटीको निर्माण गराएका छन् ।[९]

साहित्यकारले कृतिमार्फत समाजमा फैलिएका विकृति, विसङ्गतिलाई उजागर गर्ने गर्दछन् र समाजमा चेतनाको विकास गराउँदछन् । त्यसकारण साहित्यकार समाजको पथ प्रदर्शक पनि हो । उसको सिर्जनाले मानव हृदयमा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । त्यसकारण मानिसको विचार निर्माणमा साहित्यकारको सिर्जनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस दृष्टिबाट साहित्यकारले समाजमा अप्रत्यक्ष र प्रत्यक्ष भएर सेवा पुऱ्याइरहेको हुन्छ भन्ने उनको भनाइ छ । उनको सामाजिक व्यक्तित्वको कदर गर्दै विभिन्न सामाजिक सङ्घसंस्थाहरूले उनलाई सम्मान र कदर पत्र पनि प्रदान गरेका छन् ।

[८] ऐजन ।
[९] ऐजन ।

## ३.४.५ धार्मिक व्यक्तित्व

आध्यात्मिक चिन्तनले परिवारमा जन्मेका नरप्रसाद धिताल बाल्यावस्थादेखि नै धर्मप्रति आस्थावान् देखिन्छन् । ब्राम्हण परिवारमा जन्मेकाले घरमा नित्य पूजापाठ हुने गर्दथ्यो । त्यस कार्यलाई उनले आजसम्म पनि निरन्तरता दिँदैआएका छन् । धिताल आफ्नो संस्कार र संस्कृतिलाई जीवन्त राख्नुपर्दछ भन्ने मान्यता राख्दछन् । उनी फूर्सदको समयमा मन्दिरमा गएर दर्शन गर्ने गर्दछन् । उनको दिनहुँ जाने मन्दिर भगवान् बूढानीलकण्ठ हुन् । धार्मिक आस्थाका कारण उनले भगवान् बूढानीलकण्ठको र त्यस सम्बन्धी संस्कृतिको बारेमा खोजपूर्ण अनुसन्धानात्मक लेख लेखेका छन् । धर्ममा विश्वास भएका कारण उनले विभिन्न देवी देवताका मूर्ति स्थापना गराएका छन् । बूढानीलकण्ठमा यज्ञपुरुषको स्थापना, रुद्रेश्वर महादेवको स्थापना, वाग्द्वारमा योग मुद्राको शिवजीको स्थापना, वैकुण्ठ विष्णुपादुकाको स्थापना, अप्सराघाटको सोच आदि धार्मिक कार्यहरू गरेका छन् ।[१०]

धिताल धार्मिक आस्था भएका व्यक्ति हुन् तर देवीदेवताको पूजालाई मात्र धर्म नमानी पूजाका साथै असहायहरूको सेवामा नै उनी धर्म खोज्दछन् । धिताल महाकवि देवकोटाबाट प्रभावित भएकाले उनको सिद्धान्तसँग सहमत रहेका छन् । देवता मान्नु भनेको पाप कर्म बाट बच्नु हो जसले मानिसलाई कुकर्मबाट जोगाउँदछ र समाजलाई सुमार्ग तर्फ अगाडि लैजान्छ । उनी धर्म भनेको दुःखीहरूको सेवा गर्नु नै हो भनी मान्दछन् ।

## ३.४.६ निष्कर्ष

नरप्रसाद धितालको जन्म २००७ साल फल्गुण १७ गते काठमाडौं जिल्लको विष्णु बूढानीलकण्ठ २, मिलनचोकमा भएको थियो । उनले आफ्नो जीवनमा बाल्यकालदेखि नै सुख र दुःखसँग सङ्घर्ष गर्नुपर्‍यो । सुख र दुःखको बहावसँगै बग्दै जीवनको उत्तरार्धको घडीमा प्रवेश गरेका धितालको व्यक्तित्वनिर्माणमा आफ्नै घर परिवार, इष्टमित्र, गुरु र साथीहरूको पनि गहिरो प्रभाव देखिन्छ । उनको जीवनको छ दशक लामो समयमा उनमा साहित्यिक व्यक्तित्व र सहित्येतर व्यक्तित्व समान रूपले देख्न पाईन्छ ।

---

[१०] देवेन्द्रप्रताप शाह,(मन्तव्य) **वाकमती भित्र लुकेका थोपाहरू ।**

सधैँ हँसिलो, खुसिलो अनुहार भएका चिटिक्क परेर हिड्ने ५ फिट ४ इन्च उचाइ भएका धितालले समाजमा पुऱ्याएको योगदानबाट उनको सामाजिक व्यक्तित्व पनि जान्न सकिन्छ । समाजमा शिक्षित अशिक्षित दुवै तहका मानिसहरू हुन्छन् । अशिक्षित समाजमा चेतनाको कमी हुन्छ । त्यस्ता समाजमा चेतना जागृत गराएर समाजको उत्थानमा साहित्य र साहित्यकारको अहम् भूमिका रहने कुरा उनी व्यक्त गर्दछन् । उनी साहित्य रचना गर्दा संस्कृति, इतिहास, पुराण र मनोवैज्ञानिक क्षेत्रलाई आफ्नो रुचिक्षेत्र बनाउँदछन् । सामाजिक विकृति विसङ्गतिलाई चिरफार गर्दै आफ्ना रचनामार्फत त्यसलाई उजागर गर्ने र स्वच्छ समाजको निर्माण गर्नुपर्छ भन्ने धारणा उनको छ । उनको उत्कृष्ट सामाजिक व्यक्तित्वले गर्दा विभिन्न सङ्घसंस्थासँग उनी आबद्ध हुन पुगेका छन् ।

यसरी साहित्यिक व्यक्तित्वमा कवि, कथाकार, निबन्धकार, खण्डकाव्यकार, गीतकार, सम्पादक व्यक्तित्व र अनुसन्धनात्मक ऐतिहासिक लेखकका साथै साहित्येतर व्यक्तित्वमा जागिरे, अध्ययनशील, समाजसेवी, धार्मिक आदि उत्कृष्ट व्यक्तित्व भएका नरप्रसाद धिताल ‘बूढानीलकण्ठ सेवक’ सेवककै रूपमा चिनिएका छन् ।

# चौथो परिच्छेद

# नरप्रसाद धिताल 'बूढानीलकण्ठ सेवक' को साहित्यिक यात्रा र कृतिहरूको विश्लेषण

नरप्रसाद धिताल 'बूढानीलकण्ठ सेवक' को साहित्यिक यात्राको करिब छ दशक लामो जीवन अवधिलाई अवलोकन गर्दा उनको जीवनयात्रा विभिन्न परिवेशका माध्यमबाट गुज्रेको देखिन्छ । पारिवारिक पृष्टभूमिले पनि उनको मन मस्तिष्कमा उल्लेखनीय प्रभाव पारेको देखिन्छ । नौ दस वर्षको बाल्यावस्थामा कक्षा ४-५ मा पढ्दादेखि नै उनमा कविता, गीत, कथाहरू अङ्कुराउन थालिसकेका थिए । असारमा रोपाइँ गर्दा रोपारहरूले गाएका गीत सुनेर उनी पनि गुनगुनाउने गर्दथे । सानै उमेरदेखि साहित्य सृजनातर्फ उन्मुख भएका नरप्रसाद धितालको मस्तिष्कमा असारे गीतको र बूढानीलकण्ठको प्राकृतिक रमणीयताले प्रभाव परेको देखिन्छ । उनी स्कुलमा पढ्दा कविता, कथा लेख्ने साथीहरूलाई सुनाउने, प्रतियोगिताहरूमा भागलिने गर्दथे ।

नरप्रसाद धितालले विभिन्न विधामा कलम चलाए पनि उनको मुख्य रूचिको विधा भने कविता विधा नै हो । उनले आफ्ना कवितामा प्रमुख विषयवस्तुको रूपमा समाज, धर्म र प्रकृतिलाई लिएका छन् । उनी एक सामाजिक यथार्थवादी साहित्यकार हुन् । उनी समाजमा देखिएका जल्दोबल्दा कुरीतिको स-शक्त रूपले विद्रोह गरेर आफ्नो कृतिमा उतार्दछन् र वर्तमान राज्यको परिस्थितिलाई पनि व्यङ्ग्यात्मक रूपमा कृतिमा उतार्छन् । धितालले ४ कक्षामा पढ्दादेखि नै साहित्यिक यात्रा सुरु गरेका भएता पनि उनका कृतिहरूले प्रकाशित हुने मौका भने उनको जीवनको उत्तरार्द्धमा मात्र पायो । उनका कृतिहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । त्यसपछि उनले आफ्ना फुटकर रचनाहरू आफैंले सम्पादन गरेको प्रथम त्रैमासिक पत्रिका **शिवपुरी सन्देश** मा प्रकाशित गरे । फुट्कर रचनाहरू प्रकाशित भएपछि उनले आफ्ना रचनाहरूको सङ्ग्रह प्रकाशित गर्न थाले । उनका पहिलो कवितासङ्ग्रह **सिप्लिकानको पात** हो जसको प्रकाशन समय २०५४ हो । त्यसपछि उनको कृतिहरूको सङ्ग्रहको प्रकाशनको बाढी नै आयो ।

एकपछि अर्को सङ्ग्रहहरू प्रकाशित हुन थाले । उनको कतिपय कृतिहरू प्रकाशित भएका छन् भने केही प्रकाशनको तयारीमा रहेका छन् । उनका कृतिहरूको तालिका तल प्रस्तुत गरिएको छ ।

**प्रकाशित कृतिहरू**

१. सिप्लिकानको पात (कवितासङ्ग्रह), २०५४

२. बूढानीलकण्ठ आसपासका देवी देवताहरू (ऐतिहासिक लेख),२०५९

३. बूढानीलकण्ठ आसपासका योगी तपस्वीहरू (ऐतिहासिक लेख) २०५६

४. वाक्मतीभित्र लुकेका थोपाहरू (कथासङ्ग्रह), २०६३

५. हराएका टिष्टा र काँगडा (गीत तथा कवितासङ्ग्रह), २०६४

६. धूनको पर्खाइमा रोएका शब्दहरू (कवितासङ्ग्रह), २०६५

७. पूजा (सि.डी. गीतहरूको सङ्ग्रह अडियो)

**प्रकाशोन्मुख कृतिहरू**

१. निबन्ध सङ्ग्रह

२. गोरु र हली (खण्डकाव्य)

३. लोकतन्त्र वर्णमाला

४. बूढानीलकण्ठ ऐतिहासिक लेख (अङ्ग्रेजीमा)

## ४.१ नरप्रसाद धितालका कृतिहरूको अध्ययन र विश्लेषण

### पृष्टभूमि

नेपाली साहित्यको भण्डारलाई धनी बनाउन सक्रिय भूमिका खेल्दै आएका साहित्यकार नर प्रसाद धितालले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनका विभिन्न विधाका सङ्ग्रहहरू प्रकाशित भैसकेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाएता पनि उनले आफ्नो साहित्यिक यात्रा भने कविताबाट सुरु गरेका हुन् । कविता लेखनबाट साहित्यिक यात्रा शुरु गरेर आजको यस

क्षणसम्म आइपुग्न सफल भएका धितालले कथा, कविता, निबन्ध, गीत, खण्डकाव्यका साथै अनुसन्धानात्मक लेख लेखेर यस क्षेत्रमा उल्लेख्य भूमिका खेलेका छन् । जसले गर्दा यी क्षेत्रहरूको उठानमा निकै टेवा पुगेको छ ।

## ४.२ कथाकार नरप्रसाद धितालको 'वाक्मतीभित्र लुकेका थोपाहरू' कथासङ्ग्रह भित्रका मुख्य कथाहरूको विश्लेषण

### ४.२.१ कथाको सैद्धान्तिक परिचय

मानव सभ्यताको प्रारम्भदेखि नै कथाको जन्म भएको मानिन्छ । कथा सुन्ने र सुनाउने परम्परा मौखिक रूपमा धेरै पहिलेदेखि रहेको हुँनाले विश्व इतिहासमै कथाको यात्रा अत्यन्त प्राचीन देखिन्छ । साहित्यको विधाको रूपमा मान्यता प्राप्त कथाको आफ्नै सैद्धान्तिक ढाँचा छ । पूर्वीय तथा पाश्चात्य जगत्मा पुराना कथाको अति प्राचीन परम्परा रहेको पाइन्छ, तापनि आधुनिक समीक्षाशास्त्रका अनुसार यसको जुन रूपलाई विधागत स्वीकृति प्रदान गरिएको छ, त्यो १९ औं शताब्दीको पाश्चात्य जगत्कै देन हो । गद्य भाषाको किस्सा तथा पात्र प्रधान वा कथात्मक निबन्धको समीकरणबाट वास्तवमा आधुनिक कथाविधाको जन्म भएको हो । त्यसपछि यसको विकास जुन गतिमा द्रुततर रूपले हुँदै गयो, त्यसको सैद्धान्तिक अभिकल्प पूरै रूपायित भयो र आज यो अतिप्रिय तथा प्रभावकारी साहित्यको रूप भएर विश्वभरि नै जगमगाएको छ ।[१] कथा कुनै पनि शास्त्रीय नियम वा लक्षणहरूसित आबद्ध परम्परागत विधा होइन । आफ्नै विस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको यो एक लचिलो किंवा परिवर्त्य विधाहरू भन्दा कनिष्ठ भएर होला यसले ठूलो बठ्याइँका साथ ती अन्य विधाहरूका गुण स्वभावलाई आफूभित्र स्वायत्त गरेर आफ्नो मजबुतीपनलाई निर्वाह गर्न सकेको छ ।[२]

### ४.२.२ कथाको परिभाषा

कथा एक गतिशील र समयसँग घुलमिल हुँदै अगाडि बढ्ने कला भएकाले यसलाई एक स्थायी र निश्चित परिभाषा दिएर त्यसभित्र बाँधेर एउटै परिभाषामा समेट्न सकिँदैन ।

---

[१] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग ४**,काठमाडौं, साझाप्रकाशन, २०६० ।

[२] ऐजन ।

कथाले आफ्नो स्थापनाकालदेखि अहिलेसम्मको विकासक्रममा निकै परिवर्तन गरिसकेको तथा पाश्चात्य विद्वान्हरूले यसलाई परिभाषित गर्ने क्रममा आ-आफ्नो धारणा व्यक्त गरेका छन् ।
कथालाई परिभाषित गर्ने प्रथम विद्वान् 'एड्गर एलेन पो' हुन् । उनले गरेको परिभाषा यस प्रकार छ ।[३]

**क. चेखब :-** कथा यस्तो गद्य लेखन हो जो एक बसाइँमा सकिनु पर्दछ ।

**ख. एड्गर एलेन पो :-** कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एकै बसाइँमै पढेर सिद्धयाउन सकिन्छ । पाठकमाएउटा प्रभाव जन्माउनकानिम्ति यो लेखिन्छ र यसरी प्रभाव जन्माउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो
आफैँमा पूर्ण छ ।

**ग. एलेरी सेजविक :-** कथा भनेको एक प्रकारको घोडादौड हो । जसमा सुरु र अन्त्यको विशेष महत्व रहन्छ । कथाको कथात्मकतामा तीव्रता  हुनुपर्दछ । कथाको आरम्भ गर्दा ज्यादै आकर्षक तरिकाले गर्नुपर्दछ ।

**घ. एच्. जी. वेल्स :-** बीस मिनेटमा पढ्न सकिने सानो र छोटो आकारको गद्य लेखन नै कथा हो ।

**ङ. आर. के. लागू :-** कथा भनेको एउटा सचेत साहित्यिक प्रयास हो ।

**च. गुराल्निक :-** कथा भनेको वास्तविक या काल्पनिक घटनाको अर्थात त्यस्ता घटनासँग सम्बद्ध शृङ्खलाको वर्णन तथा अभिव्यक्ति हो । ........... उपन्यसको भन्दा छोटो रूपको गद्यपद्यमा लेखिएको साहित्य रचना नै हो ।

**छ. विलियम हेनरी हड्सन् :-** चरित्रको कुनै एक रूप, जीवनको अनुभूतिको कुनै एकपक्ष, कुनै एक नैतिक समस्या जस्ता कुनै पनि विषयको सन्तोषप्रद अभिव्यक्ति कथा बन्न सक्दछ ।

**ज. समरसेट माम :-** कथाको आफ्नो विशिष्ट ढाँचा हुनुपर्दछ र कथामा संक्षिप्तता हुनुपर्दछ, कथा
सीमित बन्धनमा बाँधिनु पर्दछ ।

[३] ऐजन ।

**झ. जे वर्ग् एसेन्वाइन् :-** छोटो कथा एक सर्वप्रमुख घटना र एक केन्द्रीय पात्रका चरित्रको उद्घाटन गर्ने छोटो कल्पनात्मक इतिवृत्त हो । यसमा एउटा कथा हुन्छ, जसले एक प्रभाव उत्पन्न गराउँछ ।

**ञ. बेण्डर म्याथ्युन :-** कथाले एक मात्र चरित्र वा एउटै परिस्थितिबाट उत्पन्न विभिन्न संवेगहरूको शृङ्खलासँग मात्र चासो राख्दछ ।

**ट. ब्लॉश् कोल्टन् विलियम्ज् :-** निश्चित फलागम भएको संघर्ष विशेष वा संक्रमणमा परेको मूलतः कलात्मक रूपले प्रणिधान गरिने इतिवृत्त हो ।

**ठ. प्रेमचन्द :-** कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखनको उद्देश्य भएको हुन्छ । यसका पात्र, यसको शैली, यसको कथा, विन्यास सबैले त्यही एउटै भावको पुष्टि गर्दछन् । उपन्यासमा झैँ सम्पूर्ण रसहरूको सम्मिश्रण रहेको हुन्छ । यो एउटा यस्तो रमणीय बगैँचा होइन जसमा थरी-थरीका फूलहरू, बेलबुट्टा सजिएको हुन्छ । तर यो एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य सम्मुन्नत रूपमा देखा पर्दछ ।

**ड. लक्ष्मीप्रसाद देवकोटा :-** छोटो किस्सा एउटा सानो आँखीझ्याल हो । जहाँबाट एउटा सानो संसार चियाइन्छ.... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो.... यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरु छँदै छैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ..... यसमा कला छ, ....... यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ ।

**ढ. ईश्वर बराल :-** एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्दछ ।

**ण. गुरुप्रसाद मैनाली :-** कुनै एउटा जीवनको संकटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो, .........कथामा द्वन्द हुनुपर्दछ ।

**त. रत्नध्वज जोशी :-** आधुनिक कथा एउटा यस्तो कला हो जसले केही मिनेटभित्रमा पाठकको हृदयमा चिरस्थायी प्रभाव पारिसक्दछ ।

यी माथि उल्लेख गरिएका पाश्चात्य, हिन्दी र नेपाली साहित्यका विभिन्न विद्वानहरूले आ-आफ्नै शब्दमा कथालाई परिभाषित गरेको पाइन्छ । यी सबै परिभाषाको निचोडमा पुग्दा कथाको आकार-प्रकार सानो तथा संक्षिप्त हुने पात्र पनि एक-दुई मात्र हुने, विषयवस्तुको आयाम सानो हुने र कथामा एक मात्र प्रभावको सृजना गरिने र हुनुपर्ने कुरामा जोड दिइएको पाइन्छ ।[४] लगभग पूर्ववर्ती विद्वानहरूका मतलाई समेटेर नेपाली विद्वान् केशवप्रसाद उपाध्यायले कथालाई यसरी समेटेका छन् - 'लघु कथा त्यो आधुनिक आख्यान हो जसमा एउटै मुख्य घटना, एउटै विशिष्ट पात्र तथा चरित्र वा एउटै मनोदशाको उद्घाटना गरिन्छ जसमा एउटै प्रभाव र उद्देश्य निहित हुन्छ र जो एक बसाइँमै नबिसाईकन पढ्न सकिन्छ ।' उनको यो परिभाषाले कथाका सबै पक्षलाई चिनाएको छ र आधुनिक कथाको मर्मलाई निकै राम्रोसँग समेटेको छ ।

### ४.२.३ कथाको वर्गीकरणका आधारहरू

कथाको वर्गीकरण गर्दा विभिन्न अभिप्रायलाई आधार मानेर हेर्न सकिन्छ । प्रथमतः कथामा लेखकको अभिप्राय के रहेको छ त्यो हेरिकन त्यस अनरूप कथाको वर्गीकरण गर्न सकिन्छ तापनि प्रत्येक कथाकारको अभिप्राय बेग्लाबेग्लै रहने स्थिति छ । तर कुनै कुनै लेखको अभिप्राय एक आपसमा मिल्न पनि सक्छ । कथाका प्रकारहरू अनेकविध हुन्छन् तापनि समीक्षाशास्त्रका यसको मोटामोटी प्रकारहरूको चर्चा गरिएको पाइन्छ । वास्तवमा कथाहरूको प्रकार छुट्याउने आधारमा जम्मा दुई छन्, ती हुन् - रुचि क्षेत्र र रीति क्षेत्र ।[५]

#### ४.२.३.१ रुचिक्षेत्र

कथाकारको आफ्नो कथाको कथावस्तुको विषय तथा कथाको रुचिक्षेत्र हुन्छ । एउटै कथालाई पनि कथाकारले आफ्नो रुचि अनुसार सामाजिक मनोवैज्ञानिक, प्रगतिवादी, अस्तित्ववादी, ऐतिहासिक, धार्मिक, पौराणिक आदि विविध रुचिक्षेत्र बनाउन सक्दछ ।

[४] दयाराम श्रेष्ठ,पूर्ववत् पृ. १४ ।
[५] ऐजन ।

### ४.२.३.२ रीतिक्षेत्र

कथाकारले आफ्ना कथाका लागि चयन गरेको सामाजिक मनोवैज्ञानिक आदि विषय प्रस्तुत गर्ने तरिका रीतिक्षेत्र हो ।[६] रीतिक्षेत्रको आधारमा कथाको वर्गीकरण गर्दा कथामा प्रयुक्त रीति वा प्रणालीलाई ध्यानमा राखिन्छ । एउटै विषयको कथालाई विभिन्न रीति वा प्रणालीमा लेख्न सकिन्छ । जस्तैः यथार्थवादी, स्वच्छन्दतावादी, घटनाप्रधान, चरित्रप्रधान, पत्रशैली र डायरीशैली जस्ता कथाहरू समेटिन्छन् ।

### ४.२.४ कथाको रचनाविधान

कथा एक यौगिक रचना हो । सबै अङ्गगत एकाइ किंवा तत्वहरूको अनुपातिक सिङ्गो योगबाट बनेको हुन्छ । ती एकाइ वा तत्वहरू बीचमा अन्योन्याश्रित सम्बन्ध रहने हुनाले तिनलाई अलग-अलग छुट्याएर हेर्नु युक्तिपूर्ण हुँदैन । तापनि साहित्यशास्त्रीहरूले सुविधाका कागि कथाका तत्वहरू भनेर यसरी निर्धारण गरेका छन्: –

**१. शीर्षक**

**२. कथानक**

**३. पात्र वा चरित्रचित्रण**

**४. परिवेश**

**५. भाषाशैली**

**६. द्वन्द्व**

**७. दृष्टिविन्दु**

**८. उद्देश्य**

**९. निष्कर्ष**

[६] ऐजन, पृ. २२१ ।

## १.शीर्षक

कथाकारले कथा लेख्नको लागि सबैभन्दा पहिले कुन विषयमा कथा लेख्ने भनेर विषयको छनौट गर्दछ र सोही विषयलाई सुहाउँदो शीर्षक चयन गर्दछ । शीर्षक अनुसार नै कथानक अगाडि बढ्दछ । शीर्षकले नै पूरै कथाको विषयवस्तुको बारेमा सङ्केत दिन्छ ।

## २. कथानक

कथाभित्र घटाउने नियोजित घटनालाई कथानक भनिन्छ । कथानकमा सामान्य र जटिल घटनाहरूको संयोजन हुन्छ । यी दुई घटनाहरूलाई एक अर्कामा सम्बन्धित बनाएर सुसङ्गठित पार्ने काम कथानकले गर्दछ । कथाले शुरुदेखि नै कौतुहलता जगाउँदछ । यहि कथाले जगाउने शुरुदेखि अन्त्यसम्मको कौतुहलतालाई नै कथानक भनिन्छ ।

## ३. पात्र

पात्र भन्नु र चरित्र भन्नु एउटै हो । कथामा कथानकलाई अगाडि बढाउने काम पात्रले गर्दछ । पात्रलाई स्वभाव, लिङ्ग, कार्य, आसन्न, प्रवृत्ति, सम्बन्ध, आबद्धता आदिको आधारमा वर्गीकरण गरिन्छ ।

## ४. परिवेश

परिवेश विना कथाको घटनाको निर्माण हुन सक्दैन । परिवेशबाट नै कथाका पात्रहरूको स्थान पहिचान हुन्छ । कथामा पात्रहरूले गर्ने कृयाकलाप वा घटना हुने स्थान, समय र त्यसको मानसिक प्रभावलाई वातावरण भनिन्छ । वातावरण एउटा परिस्थिति हो जस अन्तर्गत देशकाल र परिस्थिति पर्दछ ।

## ५. दृष्टिविन्दु

कथा प्रस्तुत गर्ने प्रस्तुतिको आधारमा दृष्टिविन्दुको पहिचान हुन्छ । कथाकारले कथा या त आफ्नो बोलीद्वारा प्रस्तुत गरेको हुन्छ या त अरू पात्रको माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । कथाकारले कथा प्रस्तुत गर्ने माध्यमलाई दृष्टिविन्दु भनिन्छ । कथामा प्रथम र द्वितीय गरी दुई दृष्टिविन्दुको प्रयोग

गरिएको हुन्छ । कथाकारले आफ्नो मुखबाट कथा मनिरहेको छ भने त्यसलाई प्रथम दृष्टिविन्दु र अन्यपात्रको मुखबाट भनाइरहेको छ भने त्यसलाई द्वितीय दृष्टिविन्दु भनिन्छ ।

## ६. द्वन्द्व

द्वन्द्व कथाको लागि आवश्यक तत्व हो । कथालाई रोचक बनाउनको लागि द्वन्द्व को आवश्यकता पर्दछ । द्वन्द कथामा दुई तरिकाबाट आएका हुन्छन् आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्व । आन्तरिक द्वन्द्वले कथाका पात्रहरूको मन भित्र उब्जेका एकोहोरो तरङ्गलाई जनाउँछ भने बाह्य द्वन्द्वले कथाका पात्रहरूको एक आर्का बीच हुने मनमुटावलाई जनाउँछ ।

## ७. भाषाशैली

कथामा प्रयुक्त अर्को महत्वपूर्ण तत्व भाषाशैली हो । भाषाले कथालाई पहिचान गराउँछ । कस्तो स्तरको परिवारको बारेमा कथा लेखिएको हो सो कुराको जानकारी भाषाले जनाउँछ । शैली भनेको भाषालाई प्रस्तुत गर्ने तरिका हो । शैलीले भाषालाई सभ्य बनाउने कार्य गर्दछ ।

## ८. उद्देश्य

सम्पूर्ण कार्यको पछाडि केही न केही उद्देश्य रहेको हुन्छ । उद्देश्य बिनाको काम अपूरो रहन्छ । त्यसै गरी कथाकारले पनि कथा लेख्नुको पछाडि उद्देश्य राखेको हुन्छ जस्तो, समाज सुधारको उद्देश्य, धार्मिक कार्यसम्बन्धि उद्देश्य, खेलसम्बन्धि आदि रहेका हुन्छन् । साहित्यकार नरप्रसाद धितालको **वाक्मती भित्र लुकेका थोपाहरू कथासङ्ग्रह**लाई अध्ययन गर्दा उनले आधुनिक कथा र नीति कथा गरि दुई प्रकारका कथावस्तुमा आधारित कथाहरू लेखेको देखिन्छ ।

## नीति कथाहरू

**१. चराचुरूङ्गी र जीवजन्तु सम्मेलन**

**२. फिस्टे चरी र वलवान बाघको कथा**

३. कुकुर बिरालो र मुसाको कथा

<u>आधुनिक कथाहरू</u>

१.सुपारी

२. डमरू र त्रिसुल

३. आकस्मिक घटना

४. काकी

५. आस्था र झलकको सम्बन्ध

६. झल्लु हाकिम र चङ्खे पियन

७. प्रेम र कल्पना

८. दुई स्वास्नीको पोई कुना बसी रोई

९. फूल भित्र काँडा हुन्छ

१०. ढङ्ग मरू मखुला पाकचा

११. श्रीखण्ड

१२. हुण्डरी माइलो

१३. काले धर्ती र भुकुले राजा

१३. मुखाले र चोथाले

१४. स्याउले गरु र सिन्के विद्यार्थी

१५. लोकतन्त्र

१६. सिँगाने कान्छो

नीतिकथालाई कथा तत्वको आधारमा विश्लेषण गर्न नमिल्ने भएकोले कथानक र उद्देश्यको आधारमा तल विश्लेषण गरिएको छ ।

## ४.३ 'चराचुरुङ्गी र जीवजन्तु सम्मेलन' कथाको विश्लेषण

### ४.३.१ कथानक

एक दिन काग र कोइलीले हामी चरा चरुङ्गी र जनावरहरूले धेरै दुःख पायौं । मानिसले जङ्गल सखाप पार्दैछन् । सिकारीले पनि हामीलाई छोड्दैनन् । हामीले हाम्रो अधिकारको निम्ती लड्नु पर्छ । यस विषयमा छलफल गर्न सबै चराचुङ्गीहरू र जीवजन्तुहरूलाई काग र कोइलीले निमन्त्रणा गरे । त्यही निमन्त्रणा अनुसार सबै जीवजन्तुहरू भेला भए तर कागको मनमा भने अर्कै कुरा चलिरहेको थियो । कागले यो सम्मेलन गराउनुको कारण सबै चराहरू आफ्ना गुँड छाडेर आए पछि भँगेराको बच्चालाई आफ्ना भोका बच्चालाई खुवाउनु थियो । त्यही अनुसार ऊ आफ्नो दाउ कस्नतिर लाग्यो । त्यो देखेर कोइली रिसाएर, कागलाई गाली गर्दै कागको अण्डा चोरेर आफ्नो गुँडमा राख्न थाल्यो । उनीहरूको त्यस्तो कृयाकलाप देखेर अन्य चराचुरुङ्गीहरू र जीवजन्तुहरू रिसाएर आफूले सकेजति फाइदा लिन थालेछन् । सक्नेले नसक्नेलाई मार्न थालेछन् । साना तथा निर्वल प्राणीहरू ज्यान जोगाई भाग्न थालेछन् । यसरी एउटाको स्वार्थले गर्दा सम्मेलन रणभूमिमा परिणत भएछ ।

### ४.३.२ उद्देश्य

कथामा वर्तमान मानविय सोच तथा कार्यलाई मानवतर प्राणीद्वारा देखाउन खोजिएको छ । कथामा जसरी टाठाबाठा जनावरहरूले आफ्नो स्वार्थ पूरा गर्न निर्धालाई प्रयोग गरे त्यसै गरी पहुँचवाला मानिसहरूले गरिब निर्धालाई आफ्नो स्वार्थमा प्रयोग गरिरहेका छन् । यस्ता नराम्रा आफूमुखी तन्त्र छाडेर देश र जनताका बारेमा सोचेर कार्य गरेमा मात्र देश र जनताको भलो हुने कुरा देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ४.४ 'फिस्टे चरी र वलवान बाघ'को कथाको विश्लेवषण

### ४.४.१ कथानक

कथामा दुईपात्र फिस्टे चरी र बलवान बाघ छन् । फिस्टे चरी फर्सी, काँक्राका लहराहरूमा नाच्दै थियो । त्यतिकैमा एउटा भोकाएको बाघ सिकारको खोजीमा फिस्टेचरो भएको ठाउँमा आइपुग्दछ । बाघले

मनमनै फिस्टे चरालाई भएपनि खाएर आफ्नो भोक मेटाउने विचार गरेछ । बाघले फिस्टे चरालाई मार्न झम्टन लाग्दा फिस्टेले आफू बाघको शिकारबाट बच्ने निधो गरेछ । फिस्टेले बाघलाई फकाउन थालेछ । नमस्कार ! भनेर सम्बोधन गर्दै दुई जना सिकारीहरूले तिमीलाई खोज्दै थिए भनेर बाघलाई भनेछ । बाघले रिसले चुर हुँदै सिकारीको बारेमा शोध खोज गर्न थालेछ । फिस्टेले बाघलाई मलाई नखाने भए देखाइदिन्छु भनेछ । बाघले पनि हुन्छ भनेछ । त्यसपछि बाघ र फिस्टे चरो सँगै गएछन् । फिस्टे चरीले बाघलाई लिएर मानिसहरूले बँदेलले दुःख दियो भनेर बँदेल मार्न थापेको पासो छोपेको ठूलो खाल्डोमा लगेर देखाउँछ । बाघ त्यस छोपेर राखेको खाल्डोमा पर्दछ । फिस्टे चरो भाग्छ । बाघले फिस्टे चरोले आफूलाई फसाएको चाल पाएर पछुताउन थाल्दछ । भोलिपल्ट गाउँलेहरू बँदेल पासोमा पऱ्यो की हेर्न जाँदा बाघलाई देखेर गोलीहानी मार्दछन् ।

### ४.४.२ उद्देश्य

सानाले पनि ठूलालाई धेरै कुरामा हराउन सक्छ । कुनैपनि मानिस, जन्तु ज्यानले सानो हुँदैमा त्यसको बुद्धि सानो हुँदैन । ज्यान र दिमाग एकै हुँदैन । सानो देखेर तैंले मलाई के गर्न सक्छस् भनेर आफैं ठूलो पल्टनु हुँदैन । रिसले बुद्धिलाई मार्दछ । त्यसैले सानाभन्दा साना कुरामा पनि बलले हैन बुद्धिले काम गर्नु पर्दछ । अर्को कुरा आफूले नदेखेको कुरामा अर्काले भन्दैमा विश्वास गरिहाल्न हुँदैन । कुनै पनि कुरा गर्न सोच विचार गरेर मात्र गर्नुपर्दछ भन्ने यो कथाको उद्देश्य रहेको छ ।

## ४.५ 'कुकुर बिरालो र मुसाको कथा'को विश्लेषण

### ४.५.१ कथानक

पाङ्ग्रे कुकुर इमान्दार थियो । गाउँमा सबैको घरमा गएर खाई आफ्नो पेट पाल्दथ्यो । एक दिन ऊ एउटा मानिसको घरको बाहिर बसेर अरु कुकुरहरूको प्रगती सोच्दै थियो । त्यतिकैमा एउटा चितुवाले आएर पाङ्ग्रेलाई भन्यो । हेर पाङग्रे म पहिलाको चितुवा हैन । अहिले म त दान धर्म गरेर अरूको सहयोग गर्छु । चितुवाको यस्तो कुरा सुनेर पाङ्ग्रे चितुवातिर आयो । त्यस पछि बाठो चितुवाले पाङ्ग्रेलाई मारेर खायो । यस्तो कुरा सबै ढाडे बिरालोले देखेको थियो । त्यसपछि ढाडे बिरालोले पनि

त्यही जुक्ति लगाएर मुसाखाने विचार गऱ्यो । बिरालोले घरमा राखिएको रुद्राक्षको माला लगाएर दुबै हात जोड्दै मुसाहरूलाई बोलाउन थाल्यो । बिरालोले मासु छाडेको कुरा मुसाहरूले सुनेर बिराला तर्फआउन थाले । बिरालाले यही हो मौका भनेर सबै मुसाहरूलाई मारेर खान थाल्यो । बिरालोको यस्तो कार्य उसका बच्चाहरूले हेरिरहेका थिए । बिरालोका बच्चहरूले उनीहरूका आमासँग आफ्ना बाले नराम्रो काम गरे र अब हमीहरूलाई पनि अरुले त्यसैगरि छल गरेर मार्छन् भन्न थाले । आफूले नराम्रो काम गरे त्यस्तो कामको फल हामीले भोग्नुपर्दछ भन्न थाल्दै थिए । त्यतिकैमा घरमालिकले कुन्यौमा आगो लगाएर बिरालाका सबै परिवार डढाएर सखाप पाऱ्यो । यस्तो दृश्य देखेर बिरालो आफूले मुसाहरू माथि गरेको अन्यायको परिणाम हो यो भनेर पश्चाताप गर्दै अब यस्तो छलपूर्ण कार्य कहिल्यै नगर्ने कसम खाँदै पागल सरी हिँड्न थाल्यो ।

### ४.५.२ उद्देश्य

सबैले राम्रो काम गर्नुपर्दछ । अर्कालाई छक्याएर आफ्नो स्वार्थ पूरा गर्न नहुने, आफूले राम्रो काम गरे आफ्ना बच्चहरूले पनि राम्रो काम गर्ने तर पहिलाको ले नै नराम्रो काम गरे त्यसपछिका पुस्ताले पनि पहिलेकाको देखासिकी गर्ने कुरो देखाउनु यसको उद्देश्य रहेको छ ।

## नरप्रसाद धितालका कथासङ्ग्रहमा सङ्ग्रहीत मुख्य मुख्य आधुनिक कथाहरूको विश्लेषण तल गरिएको छ

## ४.६ 'सुपारी' कथाको विश्लेषण

### ४.६.१ शीर्षक

कथामा कथाकारले विभिन्न भद्रभलाद्मीहरूको भेलामा सुपारी खाँदा भोग्नु परेको तिरस्कारको बारेमा लेखेका छन् । त्यसैकारणले पनि यस कथामा राखिएको शीर्षक उपयुक्त देखिन्छ ।

### ४.६.२ कथानक

कथाकार तराईबाट पहाडमा काजमा आएका थिए । आएको भोलिपल्ट कार्यालय गए । कार्यालयमा कुराकानीका क्रममा एकजना मित्रले सुपारी दिए । कथाकारले सुपारीको लत छुटेता पनि जाडोको समय भएकाले जिउ तताउन सुपारी खाए । त्यसै बेला कथाकारलाई हाकिमले बोलाए । कथाकार सुपारी चपाउँदै हाकिमसँग बोलेकाले हाकिमको 'बेसोमती' भन्ने गालि खाए । हाकिमको गालि सम्झँदै हाकिमले भण्डारभित्रको सबै औषधि निल्दा सोमती हुने तर साना कर्मचारीले सुपारी खाँदा बेसोमती हुने भन्दै मनमनै कुरा गर्दै घर फर्कदै थिए । बाटोमा पि. के. पढ्ने एउटी छात्रासँग उनी टकराउन पुगे । ती छात्राको ब्याग भुँईमा खस्यो । माफ पाउँ भन्दै ब्याग उठाउन नपाउँदै 'पाखे नोनसेन्स' भन्ने गाली खाँदै उनी लुरुलुरु हिँडे । मनमा अनेक कुरा खेलाउँदै जाँदा राष्ट्रियसभागृह अगाडि बाटोकाट्दा फेरी झण्डै ज्यान जोगाईस् पाखे भन्दै ड्राईभरको गाली खाए । आज मेरो दिन खराब रहेछ भन्दै हिँड्दै थिए । बाटोमा केराको बोक्रामा चिप्लिएर भित्तामा टाउको बजारिन पुग्यो । टाउको सुमसुमाउँदै अरूले देखे कि भन्दै उठेर जमलमा गएर गाडि चढे । होसहवास नै उँडेको देखेर होला पकेटमाराले खल्तिमा भएको रु. १०० पनि पकेट मारेछ । त्यसपछि घरमा भात खानुको साटो ढिलो घर पुगेको भनेर श्रीमतीका भरपेट गाली खाएछन् । त्यसपश्चात् सुपारी कहिल्यै नखाने बाचाका साथ सुतेछन् ।

### ४.६.३ पात्र

यस कथाका कथाकारले यो कथामा आफ्नो जीवनमा घटेको घटनाका बारेमा लेखेकाले मुख्य पात्र 'म' पात्र कथाकार स्वयम् हुन् । सहायक पात्रहरूमा अफिसका हाकिम, साथीहरू, पि.के.मा पढ्ने छात्रा, गाडिको ड्राइभर, खलाँसी, कथाकारकी श्रीमती आदि रहेका छन् ।

### ४.६.४ परिवेश

कथामा परिवेशको रूपमा कथाकारको कार्यालय, कार्यालयको वातावरण, बागबजार, रत्नपार्क वरिपरि माइक्रोबसको बिसौनी, बूढानीलकण्ठ कथाकारको घर र त्यहाँका वातावरणहरू आएका छन् ।

### ४.६.५ भाषाशैली

कथामा ग्रामीण र शहरिया परिवेशको भाषाको प्रयोग गरिएको छ । भाषा सबैले बुझ्न सक्ने खालको सरल स्तरमा प्रस्तुत गरिएको छ । कथाको बीच बीचमा आधुनिक अङ्ग्रेजी शब्द (जुन गाली गर्न प्रयोग गरिएको थियो) को पनि प्रयोग गरिएको छ । भाषाको प्रस्तुत् शैली पनि सरल छ ।

### ४.६.६ द्वन्द्व

यस कथामा कथाकारले बाह्य र आन्तरिक दुबै प्रकारका द्वन्द्वको स-सक्त रूपमा प्रस्तुत गरेका छन् । बाह्य द्वन्दमा कथाकारको अफिसमा हाकिमसँग, बाटोमा केटीसँग, ड्राइभरसँग र घरमा श्रीमतीसँग रहेका छन् । आन्तरिक द्वन्दमा कथाकारको मनमा उब्जेका अनेक किसिमका तरङ्गहरू रहेका छन् ।

### ४.६.७ दृष्टिविन्दु

कथा कथाकार स्वयम्ले जीवनमा घटेका सत्य घटना बाचेकाले यो कथा प्रथम पुरुष दृष्टिविन्दुमा प्रस्तुत गरिएको छ । कथाकारको जीवनमा घटेको घटना स्वयम् कथाकारले प्रस्तुत गरेका छन् ।

### ४.६.८ उद्देश्य

यस कथामा हाकिमले साना कर्मचारीप्रति गरेको व्यवहारलाई देखाउने प्रयास गरिएको छ । नेपालमा भइरहेको हालको समसामयिक जल्दो बल्दो सरकारी कर्मचारीको समस्यालाई कथाकारले देखाउन खोजेका छन् । नेपालमा ठूला पदका कर्मचारीले भ्रष्टचारे गर नि उनीहरू सोमती हुने तर साना पदका कर्मचारीले सुपारी खाए पनि बेसोमती हुने भन्ने कुरा देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ४.६.९ निष्कर्ष

कथाकारले सुपारी खाँदा उनको त्यो दिन जिन्दगीकै अविस्मरणीय यादगार भएको थियो । जसले उनलाई कथाको रूपमा उतार्न बाध्य बनायो । त्यसैले जहाँ पनि अनुसासनमा रहेर कार्य गर्नु पर्दछ र नियम साना ठूला सबैले पालना गर्नुपर्दछ ।

## ४.७ 'डमरु र त्रिशूल' कथाको विश्लेषण

### ४.७.१ शीर्षक

कथाको शीर्षक 'डमरु र त्रिशूल' कथाको मुख्य पात्रको नामबाट राखिएको हुनाले यस कथाको शीर्षक सार्थक देखिन्छ। कथाको कथानक नै ती दुई पात्रको जीवनभोगाइमा सीमित रहेर सकिएको छ।

### ४.७.२ कथानक

डमरुको बिहे दस वर्षको उमेरमा त्रिशूलसँग भएको थियो । विवाह पश्चात् त्रिशूल र डमरु एउटै कलेजमा पढथे । घरको काम त्रिशूलले गर्थिन् भने खेतीपातीको काम डमरुले गर्दथ्यो । यसै गरी दिनहरू बित्दै गए । डमरुले बि.ए. पास गरेर पढ्नको लागि क्यानडा भिसा एप्लाई गऱ्यो । डमरुले क्यानडाको लागि भिसा पायो । घरमा सबैसँग बिदावारी भएर क्यानडा उड्यो । त्यहाँको रमझममा डुब्दै घर परिवार सबैलाई बिर्सेर त्यतै अर्को बिहे गरेर घरजम गरी बस्न थाल्यो ।

एक दिन डमरुकी विदेशी श्रीमतीले नेपाल घुम्ने रहर गरिछन् । सोही अनुरूप उनीहरू सपरिवार नेपाल घुम्न आए । यता नेपालमा छोराको बिछोड सहन नसकी डमरुका आमा बा सबै मरिसकेका रहेछन् । उसकी जेठी पत्नी श्रीमान्को बिछोडको पिडाले पागल झैँ यत्रतत्र मौँतारिँदै विन्दवासिनीको मन्दिरमा मागेर बस्ने गरेको डमरुले ति सबै कुरा छिमेकीबाट थाहा पाउँछ । त्यसपछि पश्चाताप गरी रुन थाल्छ । डमरुले विन्दवासिनीको मन्दिरमा आफ्नी जेठी श्रीमतीलाई भेट्न जाँदा उनी रुमालमा अक्षेता माग्दै थिइन् । डमरुले कान्छी श्रीमतीलाई जेठी श्रीमतीको बारेमा बताउँछ । दुवै दिदी बहिनी अँगालोमा बाँधिएर रुन थाल्छन् । त्यसपछि डमरुले त्रिशूललाई पनि क्यानडामा लिएर जान्छन् र सबै सुखसँग बस्दछन् ।

### ४.७.३ पात्र

यस कथाका मुख्य पात्रहरू डमरू र त्रिशूल रहेका छन् र सहायक पात्रहरूमा डमरूका आमाबा, डमरूको क्यनडाकी कान्छी श्रीमती र छोराछोरी आदि रहेकाछन् ।

### ४.७.४ परिवेश

कथामा पोखराको ग्रामीण भेग त्यहाँका रमणीय प्राकृतिक दृश्य विन्दवासिनीको पवित्र धार्मिक स्थल, त्यहाँको रीति रिवाज परिवेशका रूपमा आएका छन् भने क्यानडा र त्यहाँको सहरहरू जहाँ डमरुले आफ्नो जीवन यापन गर्दै आएको छ ती सबै परिवेशको रूपमा आएको छ ।

### ४.७.५ भाषाशैली

कथाको विषयवस्तु ग्रामीण समाजे लिइएको हुनाले भाषाशैली पात्र अनुसारको मध्यमस्तरीय ग्रामीण समाजको रहेको छ । कहीं कहीं सरल सबैले बुझ्न सक्ने अङ्ग्रेजी भाषाको पनि प्रयोग भएको छ । धितालले आफ्ना सबै कथामा सरल र सुबोध भाषाशैलीको प्रयोग गरे जस्तै यसमा पनि सरल भाषाको प्रयोग गरेका छन् ।

### ४.७.६ द्वन्द्व

कथामा बाह्य द्वन्द्व रहेको देखिँदैन । कथाका पात्रहरू प्राय सबै एक आपसमा मिलेका देखिन्छन् । दुई सौता बीचमा पनि द्वन्द्व देखिदैन । डमरुलाई क्यानडामा पठाउँदा उसका आमाबाका मनमा पठाउँकी नपठाउँ भन्ने द्वन्द्व, डमरुको मनमा पनि म एक्लो छोरा जाउँ की नजाउँ भन्ने द्वन्द र त्रिशूलको मनमा पनि आन्तरिक द्वन्द्व रहेको छ ।

### ४.७.७ दृष्टिविन्दु

कथाका वाचक कथाकार स्वयम् नभएर उनले डमरू र त्रिशूलको बारेमा यो कथा भनेकाले कथा तृतिय पुरुष दृष्टिविन्दुमा रचिएको छ ।

### ४.७.८ उद्देश्य

कथाकारले वर्तमान समयका नेपाली ग्रामीण युवाहरूको सपना विदेशमा जाने र त्यहीं बिहावारी गरेर घरजम गरी बस्ने र आफ्नो देशलाई बिर्सने परिपाटी देखाउन खोजेका छन् । जसको कारण नेपाल झन्

गरिब बन्दै जान्छ । नेपालका ग्रामीण युवाको प्रतितिधित्व कथाको पात्र डमरुले गरेको छ । जो क्यानडामा गएर नेपाललाई चट्टै बिर्सेर उतै रमाएको छ ।

### ४.७.९ निष्कर्ष

डमरुको विदेशमोहका कारण उसको घरवार तहसनहस भएको छ । उसले आफ्ना परिवार घर सबैलाई मसानघाटमा परिणत गराएको छ । देशले एउटा होनहार युवा गुमाएको छ । त्यसैले योग्य युवाले देशमै बसेर विकासको काममा सहयोग गरेर देशको सेवा गर्नु पर्ने आशय कथाकार व्यक्त गर्दछन् ।

## ४.८ 'आकस्मिक घटना' कथाको विश्लेषण

### ४.८.१ शीर्षक

आकस्मिक घटना कथा यथार्थ घटनामा आधारित रहेको छ । यस कथाको घटना आकस्मिक रूपमा घटेको हुँनाले पनि यो कथाको नाम **आकस्मिक घटना** राखिएको हो । कथाको पात्र एउटा सानो बालक विद्यालयबाट घर फर्कदा बाटोमा बस बिग्रेको बेलामा एक्लै त्यत्रो टाढा मामाघर पुगेको घटनालाई कथाको रूपमा लेखिएको छ ।

### ४.८.२ कथावस्तु

विशाल छ वर्षे बालक थियो । उसकी एउटी बहिनी थिइन् । दुबै सँगै विद्यालय जान्थे । एक दिन २०६२ साल जेठ ५ गतेको कुरा हो दाजुबहिनी दुवै विद्यालय गएका थिए । बाटोमा घर फर्कने क्रममा बस बिग्रन्छ । सबैलाई बाहिर ओरालेर ड्राईभर बस बनाउन लाग्छ । विशाल सबैसँग खेल्दै थियो । खेल्दाखेल्दै ऊ त्यहाँबाट हिँडेर ८ बजे बेलुका मामाघर बूढानीलकण्ठमा पुग्छ । उता बहिनी घरमा एक्लै पुग्छे । छोरा घरमा नआएपछि विशालका बाआमाले इष्टमित्र सबैकहाँ खोजी गर्छन् । विशाल मामाघर पुगेको थाहा पाएपछि सबैको होस्हवास् नै उड्छ । त्यस्तो सानो बालक त्यत्रो बाटो हिँडेर पार गरेर बूढानीलकण्ठ पुग्नु भनेको आश्चर्यजनक कुरा हो भनेर सबै जिल्ल पर्छन् । त्यसपछि विशालसँग सबै वृतान्त सुनेर अब यस्तो कहिल्यै नगर्ने सर्तमा खबरदारी गराउँछन् ।

### ४.८.३ पात्र

यस कथाको मुख्य पात्र छ वर्षको बालक विशाल हो र सहायक पात्रहरूमा विशालकी बहिनी, उसका स्कुलका मिसहरू, बसका ड्राइभर र खलाँसी, विशालको हजुरबुवा, आमाबा आदि रहेका छन् ।

### ४.८.४ परिवेश

कथाको परिवेशको रूपमा विशाल पढ्ने विद्यालय विशालको घर विद्यालयदेखि घरसम्मको दूरी, महाकाल सडकदेखि बूढानीलकण्ठसम्मको सडक, बूढनीलकण्ठमा पर्ने विशालको मामाघर, त्यहाँ पर्ने स्थान प्राकृतिक दृश्यहरू आदि परिवेशको रूपमा आएका छन् ।

### ४.८.५ भाषाशैली

कथामा सरल गाउँले बोलीचालीको भाषा प्रयोग गरिएको छ र यसलाई व्यक्त गरिएको शैली पनि सरल अविधा स्तरको सबैले बुझ्नसक्ने रहेकोछ ।

### ४.८.६ द्वन्द्व

कथामा आन्तरिक द्वन्द्वले प्रमुखता पाएको छ । विशाल विद्यालयबाट घरमा आउँदा बाटैबाट हराउनु, सबैको मनमा विभिन्न किसिमका चिन्ता आउनु, विशाल मामाघरमा पुगेपछि फेरि अर्को प्रकारको द्वन्द्व मनमा हुनु, विशालका मनमा बाटोभरि विभिन्न किसिमका द्वन्द्व आउनु रहेको छ । बाह्य द्वन्द्वमा विशाललाई बाटोमा एउटा बूढाले फकाउँदा अर्को मानिस आएर गाली गर्नु रहेको छ ।

### ४.८.७ दृष्टिविन्दु

कथा सत्य घटनालाई कथाकारले निबन्धात्मक रूपमा कथामा उतारेका छन् । यो कथा एउटा छ वर्षीय बालक विशालको जीवनमा आधारित रहेको छ । कथाकारले विशालको कथा भनेकाले यो कथा तृतीय पुरुष दृष्टिविन्दुमा रहेको छ ।

### ४.८.८ उद्देश्य

सबै कामको आ-आफ्नै उद्देश्य रहेको हुन्छ । यो कथाको पनि उद्देश्य रहेको छ । बालकहरूलाई केही पनि ज्ञान हुँदैन । घरमा अभिभावकले पूर्ण रूपमा हेरचाह गर्नुपर्छ । विद्यालयमा गुरुहरूले राम्रोसँग हेरविचार गर्नुपर्दछ । विशाल विद्यालयबाट घर फर्कदा बाटोबाटै हराएका थिए । भगवान्कै कृपाले विशाल मामाघरमा पुग्न सफल भए । यदि विशाल मामाघर नपुगेर अन्तकतै गएको भए त्यहाँ ठूलो दुर्घटना हुने थियो । त्यसैले आफ्ना बालबालिकाहरूलाई ध्यानमा राख्नु पर्दछ ।

### ४.८.९ निष्कर्ष

केटाकेटी उमेर भनेको एकठाउँमा नबस्ने र चल्ने उमेर हो । यस्तो उमेरका बालबालिकालाई हेरचाह गरेन भने जस्तो दुर्घटना पनि हुन सक्छ । जसरी विशाल बाटोबाट भागेर मामाघरसम्म पुग्यो । यदि ऊ अन्तै गएको भए त्यसको परिणाम नराम्रो हुन सक्थ्यो ।

## ४.९ 'काकी' कथाको विश्लेषण

### ४.९.१ शीर्षक

यस कथाकी सत् तथा मुख्य पात्र काकीको जीवन कथामा आधारित रहेर कथानक अगाडि बढ्ने भएकोले उनैको नामबाट शीर्षक राखिएकोले यस कथाको शीर्षक सार्थक देखिन्छ ।

### ४.९.२ कथानक

स्याङ्जा वालिङ्ग, आँधिखोलापारी एक जोडी बसोबास गर्दै आएका थिए । जुन जोडीलाई गाउँमा सबैले घ्याले काका र काकी भनेर भनेर बोलाउँथे । बिहे गरेको धेरै वर्ष पछिसम्म पनि उनीहरूको सन्तान नभएकोले घ्याले काको निराश भएर जग्गा जमिन सबै साहुलाई बेचेर संधै जाँडमा रमाउन थाल्यो । घरवारविहीन भएपछि घ्याले र उसकी श्रीमती वालिङ्गनजिक एउटा होटलमा भाँडा माझेर त्यहिँ बस्नथाले । ह्याले दिनभरि होटलमा काम गर्थ्यो र राति जाँड खाएर लठ् पर्थ्यो । काकी श्रीमान्को यस्तो

व्यवहारबाट दिक्क भएर काठमाडौं, बूढानीलकण्ठमा भतिजा पर्नेले होटल थापेर बसेको ठाउँमा जाने निधो गरिन् । त्यसपछि काठमाडौंको लागि प्रस्थान गरिन् तर उनीसँग भाडा तिर्ने पैसा पनि थिएन । गाडीचालक चिनेको रहेछ र उसैले काकीलाई भतिजाको घरसम्म पुऱ्यायो । काकी आएको देखेर भतिजा र भतिजा बुहारी खुसी भए । अब काकी भतिजाको होटलको काम सघाउँदै सँगै बस्न थालिन् । दिनहरू बित्दै गए । काकी बिहान उठेर दिनहुँजसो बूढानीलकण्ठ नारायणको मन्दिरमा जान्थिन् । एक दिनको कुरा हो । काकीले बूढानीलकण्ठमा एउटा पागललाई बर्बराइरहेको अबस्थामा भेटिन् । चिनेको अनुहार जस्तोलागेर नजिकै गएर हेर्दा आफ्नो श्रीमान्लाई चिनेर बेहोस भएर भूईँमा लडिन् । ब्युँझदा धेरै मानिसहरू जम्माभएको काकीले देखिन् । काकीको भतिजाले काकालाई मानसिक हस्पिटलमा लगेर भर्ना गरे । काका ठिक हुँदै गए । काकी पनि बेलाबेलामा काकालाई भेट्न जान्थिन् । एक दिन काकाले काकीसँग आफूले दिएको दुःखलाई सम्झी माफी माग्दै भूईँमा ढलेका थिए त्यसपछि त्यहिँ देह त्याग गरे ।

## ४.९.३ पात्र

यस कथाका मुख्य पात्रहरू काकी र घ्याले काका हुन् । कथाको कथानक यी दुईको कार्यव्यापारबाट अगाडि बढेको अन्त्य भएकोछ । सहायक पात्रहरूमा भतिजा, भतिजाबुहारी, बस चालक आदि रहेका छन् ।

## ४.९.४ परिवेश

कथा स्याङ्जा जिल्लाको वालिङ्गको आँधिखोलाको काकीको घर, काका काकी काम गर्न बसेको होटल त्यहाँको सामाजिक, आर्थिक अवस्था, स्याङ्जादेखि बूढानीलकण्ठसम्मको बसको यात्रा, बाटामा पर्ने खाजा खाने ठाउँ, त्यहाँको प्राकृतिक दृश्य काकीको भतिजाको घर, होटल, मानसिक हस्पिटल पाटन आदि परिवेशको रूपमा आएका छन् ।

## ४.९.५ भाषाशैली

कथामा प्रयोग भएको भाषा सरल प्रकारको छन् । यहाँ आगन्तुक शब्दहरूको प्रयोग भएको छैन । अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग भएको छैन बरू ठेट गाउँले भाषाको प्रयोग भएको छ । भाषा प्रस्तुत गरिएको शैली पनि सरल रूपमा प्रस्तुत गरिएको छ ।

### ४.९.६ द्वन्द्व

काका जहिले पनि नसामा मस्त हुन्थे । काकी एक्लै हुन्थिन् । मनको बह पोख्ने कोही पनि हुँदैनथ्यो । त्यसै कारण काका र काकीको झगडा हुन्थ्यो । आन्तरिक द्वन्द्व काका र काकीको मनमा भएको द्वन्द्व हो । काका र काकीको बच्चा नभएको कारण उनीहरूको मनमा हुने द्वन्द्व आन्तरिक द्वन्द्व हो ।

### ४.९.७ दृष्टिविन्दु

कथाकारले कथा काका र काकीको बारेमा भनेकाले यो कथा तृतिय पुरुष दृष्टिविन्दुको रहेको छ । कथा सत्य घटनामा आधारित रहेको छ । यो कथा स्याङ्जा जिल्लाका जोडी दम्पतीको हो । जसले बच्चा नभएका कारण आफ्नो जिन्दगी नै बर्वाद पारेका छन् ।

### ४.९.८ उद्देश्य

घ्याले काको बच्चा नभएको भनेर भएको जायजेथा सबै साहुलाई बेची होटलमा भाँडा माझेर बसे । सम्पत्ति बच्चाको लागि मात्र होइन । बच्चा नहुँदैमा हरेस खाएर होस गुमाउँनु हुँदैन । आफू बाँचुन्जेल सम्पत्तिको आवश्यकता पर्दछ । आफूसँग जे छ त्यसैमा खुसी हुनु पर्दछ ।  यदि काकाले यो कुरा मनमा लिएको भए काका पागल भएर मर्दैनथे । आफ्नो बच्चा नभए अरु गरिबको बच्चालाई पनि पाल्न सक्थे । बेकारमा भगवान्को सुन्दर सृष्टि आफ्नो र श्रीमतीकोजीवन नै नरक बनाएर मरेर गए । मानवीय जीवनमा सन्तान र सम्पत्तिको मूल्य र त्यसको बोध गराउनु यस कथाको उद्देश्य रहेको छ ।

### ४.९.९ निष्कर्ष

असम्भव कुरामा चिन्ता गरेर घ्यालेले आफ्नो गृहस्थि जीवन नै तहस नहस पारेर मरेर गयो । यदि उसले बच्चालाई नै महत्वपूर्ण नठानेर एकपटकको जिन्दगी रमाएर बाँचौ भन्ने सोच बनाएको भए जिन्दगी सु:खसाथ पनि बित्न सक्थ्यो ।

## ४.१० 'आस्था र झलकको सम्बन्ध' कथाको विश्लेषण

### ४.१०.१ शीर्षक

आस्था कथाकी मुख्य पात्र हुन् । जसको जीवनकथालाई कथाकारले कथावस्तुको रूपमा लिएका छन् । आस्था र झलकको प्रेम सम्बन्धमा आधारित यो कथा रहेको छ । कथाकी मुख्य सत् पात्र आस्थाको नामबाट कथाकारले कथाको शीर्षक राखेको उपयुक्त देखिन्छ ।

### ४.१०.२ कथानक

श्रावणको महिना थियो । आकाशमा बादल लागेर बिजुली चम्केर पानी वर्षन थाल्यो । रातको समय कसैले ढोका ढक्ढकायो । झलकले ढोका खोलेर हेर्दा एउटी केटीलाई देखे । ती केटी भित्र पसी आफैंले ढोका ढप्काइन् । भिजेको शरीर लिएर डरले काँप्न थालिन् । झलकले उनको लुगा भिजेको देखेर खाटको तन्ना झिकेर दिए । उनले लुगा फुकाली एक सरो तन्ना बेरिन् । दुवैजनाले एक अर्कालाई परिचित गराए । उनको नाउँ थियो आस्था । उनी घर फर्कने क्रममा केटाहरूले लखेटेर झलकको कोठाभित्र पसेकी थिइन् । गफैगफमा दुवैले एक अर्काको जीवनको बारेमा भन्न थाले । आस्थाले आफ्नो बारेमा भन्दै रुन थालिन् । झलक आँशु पुछ्न थाले । यत्तिकैमा दुवैले आफूलाई सम्हाल्न सकेनन् । शारीरिक सम्बन्ध कायम गर्न पुगे । बिहान आस्था घर फर्किन् । आमाले गाली गर्दा सबै कुरा आमालाई भनिन् । आस्थाको गर्भ बढ्दै जान्छ । झलकको खोजी गरिन्छ । झलकको घरबाट अस्वीकार गरिन्छ । झलकलाई उसका घरपरिवारबाट दुबही पठाइन्छ । आस्थाको पिरले उनका बाबुआमाको मृत्यु हुन्छ । आस्थामाथि भाई बहिनीहरूको जिम्मेवारी आउँछ । आस्थाले हिम्मत नहारी पुलिसको सहायताले दबहीबाट झलकलाई झिकाउँछिन् । झलकले आस्थाका सबै कुरा सुनेर आस्थासँग विवाह गर्दछ र दुवैले नयाँ जिन्दगी सुरु गर्दछन् ।

### ४.१०.३ पात्र

यस कथाका मुख्य पात्रहरू झलक र आस्था हुन् भने सहायक पात्रहरूमा झलकको बुवा, आमा आस्थाका आमा बुवा भाईबहिनी, पुलीस आदि रहेका छन् ।

### ४.१०.४ परिवेश

कथामा झलक गाउँबाट पढ्नको लागि सहरमा बस्दछ । झलक बस्ने सहरको परिवेशलाई कथामा लिइएको छ । झलकको भाडाको कोठा, आस्थाको घर साँखु वरिपरिको क्षेत्र र आस्थाको खेतबारी परिवेशको रूपमा आएका छन्

### ४.१०.५ भाषाशैली

कथाका पात्रहरू मध्यमस्तरीय समाजबाट लिइएकोले यसमा मध्यम स्तरका ग्रामीण समाजमा बोलिने भाषाको प्रयोग भएको छ । भाषमा नवीनता छैन । साधारण बोलिचालीको भाषा रहेको छ भने भाषा प्रस्तुत गर्ने शैली अभिधा स्तरमा सबैले बुझ्न सक्ने शैलीमा प्रस्तुत गरिएको छ ।

### ४.१०.६ द्वन्द्व

आस्थालाई घर फर्कने क्रममा बाटोमा केटाहरूले लखेट्नु, आस्था र झलकको शारीरिक सम्बन्धबारे आमाले थाहा पाएर आस्थालाई गाली गर्नु, आस्थाले झलकको सम्बन्धबाट दुई जीउकी भएपछि आस्थाका आमाबाबुले झलकको घरमा सम्पर्क गर्दा झलकका बाबुसँग झगडा पर्नु आदि बाह्य द्वन्दको रूपमा आएका छन् भने आस्था र झलकको भेटमा उनीहरू दुईको मनमा उर्लेको तूफान आन्तरिक द्वन्द्वको रूपमा आएका छन् ।

### ४.१०.७ दृष्टिविन्दु

कथा झलक र आस्थाको प्रेमकथामा आधारित भएको र कथाकारले भनेकाले यो कथा दृष्टिविन्दुको हिसाबले तृतीय पुरुष दृष्टिविन्दुको रहेको छ ।

### ४.१०.८ उद्देश्य

हुर्केका केटाकेटीलाई यौन शिक्षा दिनु आवश्यक पर्दछ । यौन शिक्षाले विभिन्न प्रकारका यौनजन्य अपराध र रोगहरूबाट जोगाउँछ । जवानीको जोसमा होस् रहेन भने आस्था र झलकको जस्तो ठूलो दुर्घटनाको सामना गर्नुपर्दछ । पहिलो भेटमै यति नजिक हुनु ठिक होईन जसको परिणाम जीवनमा ठूलो क्षति हुन सक्छ ।

### ४.१०.९ निष्कर्ष

आस्था र झलकले आफूलाई रोक्न सकेका भए आस्थाले समाजमा अपहेलित हुनु पर्ने थिएन । आमाबाबुले छोरीका गल्तीको कारण ज्यान गुमाउनु पर्ने थिएन । आस्थाले समाज र परिवारमा अपहेलित हुनुपर्ने र आफ्नो गल्तीका कारण परिवार गुमाउनुपर्ने थिएन ।

## ४.११ 'झल्लु हाकिम र चङ्खे पियन' कथाको विश्लेषण

### ४.११.१ शीर्षक

कथाको कथानक पात्रहरू झल्लु हाकिम र चङ्खे पियनको जीवनमा आधारित भएकाले कथाको शीर्षक सार्थक देखिन्छ ।

### ४.११.२ कथानक

चङ्खे हाकिम र झल्लु पियन दुवै एउटै कार्यालयका कर्मचारीहरू हुन् । हाकिम बसबाट कार्यालय आउने जाने गर्दथ्यो भने पियन चङ्खे भने कारमा सरर.... कार्यालय आउने जाने गर्दथ्यो । हाकिम सधैँ अभावमा बाँच्न वाध्य हुन्छ भने पियन आलिसान बङ्गलामा आरामका साथ जिन्दगी बिताउँछ । कारण

चङ्खे कार्यालयको बाहेक अर्को काम पनि गर्दथ्यो । झल्लु हाकिमको छोरीको विवाहमा झल्लु हाकिमसँग पैसा हुँदैन । उसले पियन चङ्खेसँग विवाहको लागि रु.१००,००० सापटी लिन्छ । हाकिमले मनमनै चङ्खेसँग काम गर्ने विचार गर्छ । झल्लु हाकिमलाई पनि चङ्खेको जस्तो जीन्दगी जिउने रहर जाग्छ र ऊ पनि चङ्खेसँगै मिलेर काम गर्न थाल्दछ । हाकिमलाई चङ्खेको वास्तविक कामको बारेमा थाहा हुँदैन । चङ्खे ड्रग्सको कारोवारी हुन्छ । एक दिन पुलिस आएर झल्लु हाकिम र चङ्खे पियन दुवैलाई समातेर लैजान्छ । त्यसपछि सबैले हाकिमलाई यस्तो पदमा काम गर्ने मान्छेको बुद्धि कस्तो भ्रष्ट भनेर गाली गर्दछन् । त्यसपछि हाकिम छर्लङ्ग हुन्छ । आफूले पैसाको लोभमा लागेर चङ्खेसँग काम गरेको तर कामको बारेमा थाहा नभएको बताउँछ । उसले गल्ती गरि सक्यो अब उसका कुरामा कसले विश्वास गर्ने । अदालतले हाकिमलाई चार वर्षको जेल सजाँय सहित १५ वर्षको जागिरबाट अयोग्य ठहराई बर्खास्त गरिदिन्छ । बाबुको यस्तो कुरा थाहा पाएर छोरीले झुण्डिएर आत्महत्या गर्छे । झल्लु हाकिमले पैसालाई महत्व दिँदा कलङ्कको टिका निधारमा लगाएर बाँच्नु पर्‍यो ।

## ४.११.३ पात्र

कथाको मुख्य पात्रहरू झल्लु हाकिम र चङ्खे पियन रहेका छन् । पैसाको लोभमा लागेर हाकिमको जीवन बर्वाद भएको छ । सहायक पात्रहरूमा हाकिमकी छोरी, पुलिसहरू र गाउँलेहरू जसले कथानकलाई अगाडि बढाउन सहयोग गरेका छन् ।

## ४.११.४ परिवेश

कथा हाकिम र पियनको भएकोले घटना भएको ठाउँ कुनै एउटा कार्यालय भनेर जान्न सकिन्छ । हाकिम कार्यालयमा आउने जाने गाडी । पियनको कार, बङ्गला, हाकिम र चङ्खे पियनलाई समातेर थुनेको जेल, अदालत आदि यस कथाको परिवेशको रूपमा आएका छन् ।

## ४.११.५ भाषाशैली

यस कथामा पियनले बोल्ने र हाकिमले बोल्ने दुई प्रकारको भाषाको प्रयोग भएको छ । कथाको घटना भएको ठाउँ कार्यालय भएकोले कार्यालयमा बोलिने शिष्ट भाषाशैलीको प्रयोग पनि यसमा भएको छ । यस कथामा गाली गलौजको भाषा  गाउँलेले हकिमलाई प्रयोग गर्ने खालका भाषाको पनि प्रयोग भएको छ ।

### ४.११.६ द्वन्द्व

कथामा हाकिम झल्लुको मनमा  छोरीको विवाह गर्न पैसा कहाँबाट ल्याउने भन्ने कुराको, पियन चङ्खेले कमाएको पैसा देखेर उसँगै मिलेर काम गरेर पैसा कमाउने चाहनाको आन्तरिक द्वन्द्व चल्छ । जब हाकिमले आफूले गरेको काम राम्रो हैन भन्ने थाहा पाउँछ अनि उसको पियनसँग र हाकिमलाई पुलिसले समाते पछि उसको गाउँलेहरूसँग पनि बाह्य द्वन्द्व चल्छ ।

### ४.११.७ दृष्टिविन्दु

कथा कथाकारले आफ्नो बारेमा नभनेर झल्लु हाकिम र चङ्खे पियनको बारेमा लेखेकाले यो कथा तृतीय पुरुष दृष्टिविन्दुमा रहेको छ ।

### ४.११.८ उद्देश्य

मानिसले पैसालाई मात्र सबै कुरा सम्झनु हुँदैन । पैसामात्र सबै वस्तु होइन । मानिसले मान, मर्यादा र इज्जतलाई पनि ख्याल गर्नु पर्दछ भन्ने कुरा देखाउनु यस कथाको उद्देश्य रहेको छ  ।

### ४.११.९ निष्कर्ष

हाकिमले पैसालाई नै सबैकुरा सम्झँदा अन्त्यमा आफ्नो १५ वर्षको काम अयोग्य ठहर भई जागीरबाट बर्खास्त भई जेल सजाँय भोग्नुपऱ्यो ।

## ४.११ 'प्रेम र कल्पना' कथाको विश्लेषण

### ४.१२.१ शीर्षक

कथाका मुख्य सत्पात्रहरू प्रेम र कल्पनाको नामबाट कथाको शीर्षक राखिएकोले कथाको शीर्षक सार्थक देखिन्छ ।

### ४.१२.२ कथानक

प्रेम र कल्पना एक अर्कालाई निकै मन पराउँथे र माया गर्दथे । उनीहरूको प्रेम निकै अगाडि बढिसकेको थियो । उनीहरूका बीच शारीरिक सम्पर्क समेत भैसकेको थियो । दुबै एक अर्कासँग विवाह गर्ने निधोमा पुगेका थिए । दुवैले आ-आफ्नो परिवारलाई विवाहको लागि कुरा अगाडि बढाउँछन् तर कल्पनाको परिवारलाई उक्त कुरा मन पर्दैन । कल्पनाले आफ्ना बाबुलाई प्रेमसँग विवाह नगरे आत्महत्या गरी मर्ने कुरा बताउँछे । बाबुले कल्पनाको कुरा वास्ता नगरी मामाघर पोखराको चिप्लेढुङ्गा पुऱ्याई कल्पनाको मामालाई केटा खोज्न भन्छन् । प्रेमले कल्पनाको ठेगाना पत्तो लगाई कल्पनालाई भेट्न पोखरामा जान्छ । कल्पना र प्रेम महेन्द्रपुलमा भेट गर्दछन् । दुवैले विवाह नहुने भएपछि बाँचेर के गर्नु भनेर  सँगै फेवातालमा हामफालेर देहत्याग गर्ने निधो गर्छन् । निर्णयपश्चात् कल्पना मर्नुअघि एकपल्ट मामाघरमा पुगेर आउन मन गरेर प्रेमलाई त्यहिँ पर्खन लगाएर आफू मामाघर हिँड्छे । धेरै बेरसम्म पनि कल्पना नफर्के पछि मनमा अनेक शङ्का गर्दै प्रेम कल्पनालाई हेर्न जान्छ । बाटोमा एउटी केटीलाई गाडीले ठक्कर दिएर मारेको खबर पाउँछ । घटनास्थलमा गएर हेर्दा कल्पनाको छ्याल्ब्याल् भएको लासलाई देख्दछ ।  आफ्नी प्रेयसीको त्यस्तो अवस्था देखेर प्रेमको होसहवास नै रहँदैन । त्यहाँबाट सिधै फेवाताल गएर कल्पनालाई सम्झँदै हामफालेर देह त्याग गर्दछ ।

### ४.१२.३ पात्र

कथाको मुख्य पात्रहरू कल्पना र प्रेम हुन् । जो एक अर्काबीच निकै गहिरो प्रेम गर्दथे । विवाह नहँदा दुवैको दुःखद अन्त्य हुन्छ । कल्पनाका बुवा र मामा सहायक पात्रहरू हुन् भने कल्पनाको दुर्घटना हँदा जम्मा भएका मानिसहरू गौण पात्रहरू हुन् ।

### ४.१२.४ परिवेश

यस कथामा पोखराको चिप्लेढुङ्गा, फेवाताल, कल्पनाको मामाघर, महेन्द्रपुल परिवेशको रूपमा आएका छन् । कल्पनाको दुर्घटना भएको स्थान उनको घरको रूढिवादी प्रथा पनि कथाको परिवेशको रूपमा आएका छन् ।

### ४.१२.५ भाषाशैली

कथामा कथाकारले पात्रअनरूपको भाषाशैलीको प्रयोग गरेका छन् । सरल भाषाशैलीले गर्दा कथा सबैलाई बुझ्न सजिलो भएको छ । कथा प्रेममा आधारित भएकोले पद, पदावलीहरू प्रेममय रहेकाछन् ।

### ४.१२.६ द्वन्द्व

कथाकी नारी पात्र कल्पनाको मनमा उसका बुवाले प्रेमसँग विवाह गर्न नदिए पछि के गर्ने ? के नगर्ने ? भनेर मन भित्र चलेको द्वन्द्व, प्रेमको मनमा कल्पनाको बुवाले छोरीको विवाह उनीसँग गर्दिने हुन् कि ? नगर्दिने हुन् ? भन्ने द्वन्द्व र प्रेम र कल्पनाको सँगै फेवातालमा मर्ने निर्णय अनुसार कल्पना मामाघरमा पुगेर आउँछु भनेर धेरैबेरसम्म नफर्कदा प्रेमका मनमा चलेको आन्तरिक द्वन्द रहेका छन् । कल्पनाको र प्रेमको कल्पनाको बाबुसँग चलेको द्वन्द्व बाह्य द्वन्द्वका रूपमा आएका छन् ।

### ४.१२.७ दृष्टिविन्दु

कथा कथाकारले आफ्नो बारेमा नभनेर प्रेम र कल्पनाको प्रेमकथा भनेकाले कथा तृतीय पुरुष दृष्टिविन्दुमा आधारित रहेको छ ।

### ४.१२.८ उद्देश्य

अहिलेको आधुनिक युगमा पनि मानिसले आफ्नै पुरानो विचार धारालाई छोरा छोरीमाथि लाद्न खोज्नुहुँदैन । समयको माग अनुसार हरेकका बाबुआमाले आफ्नो सोचविचारलाई बदल्दै लैजानु पर्दछ ।

छोराछोरीको खुसी भन्दा आफ्नो परम्परालाई ठूलो ठान्नुहँदैन अन्यथा प्रेम र कल्पनाको जस्तै नराम्रो दुर्घटना भोग्नुपर्दछ भन्ने कुरा यस कथाले देखाउन खोजेको छ ।

### ४.१२.९ निष्कर्ष

समाजमा प्रचलित रुढिबादीलाई पछ्याएर छोरा छोरीको भावना आमा बाबुले बुझ्न नसक्दा प्रेम र कल्पनाको परिवारले आफ्ना छोरा छोरीलाई नै गुमाउनु पऱ्यो ।

## ४.१३ 'दुई स्वास्नीको पोई कुना बसी रोई' कथाको विश्लेषण

### ४.१३.१ शीर्षक

कथामा कथाको पात्रको दुईवटी श्रीमती रहेका छन् । दुईवटी श्रीमतीहरू भएका कारण र कान्छी श्रीमती परियार भएकीले नेपालमा बस्न नसकी जेठी श्रीमतीलाई छाडेर भारतमा पस्छन् । दुईवटी श्रीमतीहरू भएकै कारण कुखुरे बाजेले दुःख पाएकाले यो कथाको शीर्षक सार्थक देखिन्छ ।

### ४.१३.२ कथानक

कुखुरे बाजे र कुखुरे बज्यै कुखुरा पालेर गुजारा चलाउँथे । त्यसैकारण पनि तिनीहरूको नाम कुखुरे बाजे र कुखुरे बज्यै रहन गएको थियो । तिनीहरूको घरसँगै कान्छी परियरनीको पनि घर थियो । कान्छी परियारकी छोरी ढकुरी कुखुरे बाजेकहाँ कुखुरा हेरचाह गर्ने काम गर्दथी । एक दिन कुखुरे बज्यै केहि दिनको लागि माइतमा बस्न गइन् । त्यही समयमा कुखुरे बाजे ढकुरीको जवानी देखेर मन थाम्न नसकी ढकुरीलाई समाउँन पुग्छन् । त्यसपछि ढकुरीले कुखुरे बाजेसँग रहेको सम्बन्ध आमालाई बताउँछे । कान्छी परियारनीले कुखुरे बाजेलाई आफ्नी छोरी जिम्मा लगाउँछे । त्यसपछि कुखुरेबाजेले ढकुरीलाई लिएर मुग्लान पस्दछन् । उता कुखुरी बज्यै माईतबाट घरमा फर्कन्छे । कान्छी परियारनीबाट सबै कुरा थाहा पाएर मुर्छा भई भूईँमा ढल्छे र नब्युँझिकनै देह त्याग गर्छे ।

### ४.१३.३ पात्र

कथाको मुख्यपात्र कुखुरे बाजे हो जसले कथामा मुख्यपात्रको रूपमा भूमिका खेलेका छन् । कान्छी, कान्छीकी छोरी र कुखुरी बज्यै सहायक पात्रहरूको रूपमा यस कथामा आएका छन् । कान्छीको श्रीमान् जो भारतमा नोकरी गरी बस्दथ्यो ऊ गौण पात्रको रूपमा यस कथामा आएको छ ।

## ४.१३.४ परिवेश

कथामा कुखुरे बाजेको घर, कुखुरे बाजेको समाज, चाल चलन, कान्छी परियारको घर, परियार समाज, भारतमा कान्छी परियारको श्रीमान् काम गर्ने ठाउँ आदि ग्रामीण परिवेशलाई लिइएको छ ।

## ४.१३.५ भाषाशैली

कथा ग्रामीण परिवेशको भएकोले ग्रामीण बोलीचालीको भाषा प्रयोग गरी सरल शैलीमा प्रस्तुत गरिएको छ । कथामा ग्रामीण सरल भाषाशैलीको प्रयोग गरेर कथालाई सरल र रोचक बनाइएको छ ।

## ४.१३.६ द्वन्द्व

कुखुरे बाजेले जब बैँशालु यौवनले उन्मुक्त ढुकुरीलाई साँझमा एकान्तमा देख्दछन् तब उनको मनमा ढुकुरीको यौवनमा लुट्पुटिने चाहानाले आन्तरिक द्वन्द्व हुन थाल्दछ । यस कथामा खासै वाह्य द्वन्द्व रहेको छैन ।

## ४.१३.७ दृष्टिविन्दु

कथाकारले आफ्नो बारेमा कथा नभनेर कथाका पात्रहरू ढुकुरे बाजेको कथा भनेकाले यो कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ४.१३.८ उद्देश्य

मानिसले कामवासनालाई काबुमा राख्नुपर्दछ । समाज, परिवार र ईज्जतलाई पनि ख्याल गर्नु पर्दछ । जसलाई देख्यो उसलाई भोग गर्ने चाहना त्याग्नु पर्दछ । नत्र ठूलो दुर्घटनाको सामना गर्नुपर्दछ भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ४.१२.९ निष्कर्ष

कुखुरे बाजेले बुढेसकालमा पनि आफ्नो मनभित्र उर्लेका यौन चाहानालाई रोक्न नसक्दा घरवार नै त्यागेर मुग्लान पस्नुपर्‍यो ।

## ४.१४ 'फूलभित्र काँडा हुन्छ' कथाको विश्लेषण

### ४.१४.१ शीर्षक

कथाकार नरप्रसाद धितालका सबै कथाहरूको शीर्षक कथाका पात्रहरूको नामबाट राखिएका छन् । यस कथाको शीर्षक मात्र पात्रको नामबाट राखीएको छैन । कथाको काथावस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

### ४.१४.२ कथानक

मोचे र गोब्रे नाम गरेका दुई दाजुभाइ हुन्छन् । ती दुवै अंश लिएर बेग्लाबेग्लै बसेका हुन्छन् । विवाह गरेको धेरै पछि सम्म पनि मोचेको कुनै सन्तान जन्मदैनन् । मोचेको बच्चा नभएको कारण उसलाई सबै गाउँलेहरूले दोस्रो विवाह गरे बच्चा हुन्छ भनेर सल्लाह दिन्छन् । मोचे गाउँलेको सल्लाह अनुसार कसैले छोरी दिएमा दोस्रो विवाह गर्ने सोचमा पुग्दछ । सोही अनुरूप मरुजा गाउँकी हर्षेकी छोरी १७/१८ वर्षको उमेरमा गाउँको केटाले एक हप्ता राखेर छाडेको हल्लाले हर्केले छोरीको अन्यत्र विवाह नहुने डरले मोचेसँग विवाह गरिदिने निधो गर्छ । मोचेले धुमधामसँग विवाह गर्छ । विवाह गरेको केही समयपछि चार चार वर्षको अन्तरमा दुईओटा छोराहरू जन्मन्छन् । बुढेसकालमा विवाह गरेर छोराहरू जन्मेकाले मोचेको खुसीको सिमानै थिएन । छोराहरू जन्मेपछि मोचेले खुसीमनाउन हप्तै पिच्छे खसी काट्ने गर्दथ्यो । एक दिन मोचे तल्लाघरको ठूलोकान्छासँग मिलेर खसी काटेर घर अगाडिको रोसी

खोलामा खसीको मासु पखाल्न जान्छन् । आफ्ना बाबुले गरेको कृयाकलाप मोचेका दुई छोराहरूले पनि हेरिरहेका थिए । बुवाहरू खसी बोकेर खोलातिर लागे पछि मोचेको जेठो छोराले भाइलाई हामी पनि खसीकाटी खेल्ने तँ अचानोमा सुत म मार हान्छु भनेर भाइलाई अचानोमा सुत्न लगाएर दाजुले खसीलाई जस्तै मार हान्छ । त्यस पछि  भाइ दुई टुका हुन्छ । भाइ दुई टुका भएपछि मात्र उसलाई होस आउँछ र त्यहीं बेहोस भएर ढल्छ । त्यतिबेला मोचेका श्रीमतीहरू घाँस काट्न गएका थिए । ठूलो कान्छो घरमा खुकुरी लिन आउँदा मोचेका दुवै छोराहरूको दुर्दशा देखेर ठूलो कान्छोको होसहवासनै उड्छ । त्यसपछि दौडेर मोचेलाई बोलाउन जान्छ । मोचे छोराहरूको त्यस्तो हालत देखेर मोचे त्यहीं बेहोस भएर ढल्छ । त्यही राती रोसीखोलामा बाढी आएर सारा गाउँनै बगाएर बगरमा परिणत हुन्छ ।

### ४.१४.३ पात्र

यस कथाको मुख्य पात्रमा मोचे हो । मोचेका दुई श्रीमतीहरू, छोराहरू र ठूलोकान्छो सहायक पात्रहरू हुन् भने गाउँलेहरू जसले मोचेलाई विवाह गर्न उक्साउँने गाउँलेहरू र हर्षे आदि गौंण पात्रका रूपमा यस कथामा आएका छन् ।

### ४.१४.४ परिवेश

यस कथामा गाउँले परिवेशलाई लिइएको छ । गाउँका पाखा, बारी, रोसीखोला, मोचेको गाउँको सन्तानको मुख नदेखी मरेमा नर्कमा परिन्छ भन्ने सामाजिक अन्धविश्वास जस्ता परम्पराहरू पनि यस कथाको परिवेशको रूपमा आएका छन् ।

### ४.१४.५ भाषाशैली

कथानक ग्रामीण परिवेशको भएकोले कथामा कथाकारले ग्रामीण समाजका पात्र अनुसारको ग्रामीण सरल र सबैले बुझ्न सक्ने गाउँले भाषाशैलीको प्रयोग गरिएका छन् ।

### ४.१४.६ द्वन्द्व

यस कथामा सौता सौता बीचमा भएको झगडालाई बाह्य द्वन्द्वको रूपमा आएका छन् । मोचेको बच्चा नहुँदा मोचे र उसकी श्रीमतीको मनमा खेलेका कुराहरू यस कथाको आन्तरिक द्वन्द्वको रूपमा आएका छन् ।

### ४.१४.७ दृष्टिविन्दु

कथाकारले आफ्नै नभएर अन्य कथाका पात्रहरूको कथा भनेकाले यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.१४.८ उद्देश्य

यस कथाको मूल उद्देश्य भनेको केटाकेटीको अगाडि ठूला मानिसहरूले नराम्रा काम गर्नु हुँदैन । बच्चाबेला भनेको ठूलाले गरेको कार्य देखेर सिक्ने बेला हो । यस्तो बेलामा ठूला मानिसहरूले नराम्रा कार्यहरू गरे बच्चाहरूले पनि त्यही कार्य सिक्छन् । त्यसैले बच्चाको अगाडि ठूला व्यक्तिहरूले सधैं राम्राकार्यहरू मात्र गर्नुपर्दछ भन्ने यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.१४.९ निष्कर्ष

मोचे आफ्नो खुसी व्यक्त पशुको ज्यान लिएर गर्दथ्यो । साना बच्चाहरूको सामुन्ने हप्तै पच्छि खसी काटेर खुसी मनाएको कारण मोचको परिवार सबै ध्वस्त हुनपुग्यो ।

## ४.२ साहित्यकार नरप्रसाद धितालका 'गीत र कविता कृतिहरू'को अध्ययन तथा विश्लेषण

कविता साहित्यको एक विधा हो । 'साहित्य' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको शब्द हो । 'सहित' शब्दमा 'यत्' प्रत्यय लागेर साहित्य शब्द बन्दछ । साहित्य शब्दले सहभावलाई बुझाउँछ ।[१]

[१] मोहन हिमांशु थापा, साहित्य परिचय, चौ. संस्क. (काठमाडौं: साझा प्रकाशन, २०५०), पृ. २ ।

साहित्यमा शब्द र अर्थको मिलन हुन्छ, भाव र विचारको समिश्रण हुन्छ, कल्पना र भावनाको योग हुन्छ । साहित्यमा अनुभूति र अभिव्यक्तिको संयोग हुन्छ । साहित्यमा कला र विचारको समन्वय हुन्छ, साहित्य समाजको ऐना हो । यसमा सौन्दर्य चेतना पाइन्छ ।[२] विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति, काल्पनिक, भावनात्मक तथा आलङ्कारिक प्रकृतिको कुनै रचनालाई साहित्य भनिन्छ ।[३] साहित्य आत्मप्रकाशनको विभिन्न स्वरूप पाइन्छ ।

संसारका जीवित प्राणीहरूमा मानव एक सर्वोत्कृष्ट चेतनशील प्राणी मानिन्छ । त्यसै कारणले उसलाई राम्रा नराम्रा कुराहरूको ज्ञान हुन्छ । उसले आफ्नो अनुकूल हुने कृयाकलापहरू गर्दछ । मानिस एउटा सामाजिक प्राणी पनि हो । समाजविना ऊ बाँच्न सक्दैन । ऊ समाजमा जन्मन्छ, समाजमा हुर्कन्छ र समाजमै मर्दछ । मानिस उमेरसँगै नयाँनयाँ सृजनाको आवश्यकता महसुस गर्दैजान्छ र त्यही अनरूप सृजनात्मक कार्यमा लाग्दछ आत्मप्रकाशन मानवमात्रको जन्मजात प्रवृत्ति हो । आत्मप्रकाशन साहित्यको भावभूमि हो ।[४] कविता साहित्यकै एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरूप अपेक्षाकृत स्पष्ट चिनिन सक्छ । कवितामा अन्तराख्यान वा आख्यान मानवीय अनुभवजगत्को लयात्मक कविताकथनको कौशल विशिष्टताभित्र एक सहकारी विधिप्रविधि मात्रै रहन्छ ।[५] कविले रचेको लयबद्ध वा मुक्तक रचना, कृति वा काव्यात्मक रचनालाई कविता भनिन्छ ।[६] पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूले कविताको विभिन्न किसिमले परिभाषा गरेका छन् । समग्रमा भन्नुपर्दा कविद्वारा रचित रचना नै कविता हो ।

## ४.२.१ कृति परिचय

साहित्यकार नरप्रसाद धितालले अनौपचारिक रूपमा धेरै पहिले साहित्यिक यात्रा गरेता पनि उनको औपचारिक कविता यात्राको शुभारम्भ भने २०५४ सालमा प्रकाशित कवितासङ्ग्रह **सिप्लिकानको पात** बाट भएको हो ।

---

[२] ऐजन ।
[३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, प्रयोगात्मक नेपाली शब्दकोष, दो.संस्क.(काठमाडौं: विद्यार्थी प्रकाशन प्रा.लि. २०६३) पृ. १००८ ।
[४] मोहन हिमांशु थापा, पूर्ववत् ।
[५] राजेन्द्र सुवेदी, सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण, (काठमाडौं : पाठ्यसामग्री पसल २०५७) , पृ. २६ ।
[६] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत् , पृ. १६१ ।

त्यसपछि उनको कविता सङ्ग्रहहरू प्रकाशित हुने मेलानै लाग्न थाल्यो । उनको सर्वप्रथम २०५८ सालमा **आमाको काखमा** कवितासङ्ग्रह प्रकाशित भयो । २०६४ सालमा **हराएका टिष्टा र कॉकडाहरू** र २०६५ सालमा उनको अर्को कवितासङ्ग्रह **धूनको पर्खाईमा रोएका शब्दहरू** प्रकाशित भए । उनका अन्य केहि कवितासङ्ग्रहहरू प्रकाशनको तयारीमा रहेका छन् । उनले आफ्ना कविता तथा गीतसङ्ग्रहहरूमा उनका जीवनका अध्ययन, अनुभव र विचारलाई प्रस्तुत गरेका छन् । उनका रचनाले धार्मिक, सामाजिक, राजनैतिक, जस्ता क्षेत्रमा देखिएका विकृति र विसङ्गती पक्षहरूलाई उद्घाटन गर्दै त्यसविरुद्ध लड्न आह्वान गरेका छन् ।

### ४.२.२ संरचना

साहित्यकार नरप्रसाद धितालका चार ओटा कविता तथा गीतहरूको सङ्ग्रहहरूमध्ये **सिप्लिकानको पात** कवितासङ्ग्रहमा जम्मा ३८ वटा कविताहरू रहेका छन् **। हराएका टिष्टा र कॉगडा**मा ५३ वटा कविताहरू रहेका छन् भने **आमाको काख**मा ६० वटा गीत र कविताहरू रहेका छन् । उनको अर्को कवितासङ्ग्रह **धूनको पर्खाईमा रोएका शब्दहरू**मा जम्मा ५२ वटा कविताहरू रहेका छन् । उनका सबै कविता तथा गीतहरूको सङ्ग्रहका कविताहरू प्रायः सबै छोटा छोटा र आधादेखि एक पेजसम्ममा लेखिएका छन् ।

### ४.२.३ विषयवस्तु र भावविधान

कवि तथा गीतकार नरप्रसाद धितालका चारवटा कविता तथा गीत सङ्ग्रहहरूमा सङ्ग्रहित सम्पूर्ण कविताहरूलाई तिनमा अन्तर्निहित विषयवस्तु र भावविधानको आधारमा यस प्रकार वर्गीकरण गरिएको छ ।

#### ४.२.३.१ मानवीय जीवनसम्बन्धी विषय

नरप्रसाद धिताल पनि यसै अनुरूप साहित्यिक क्षेत्र तर्फ आकर्षित भएर साहित्य सृजना गर्न पुग्दछन् । उनले प्रकाशित गरेका कविता सङ्ग्रहहरूका कविताहरू मान्छेका जीवनमा घट्ने घटना-दुर्घटना, मायाप्रेम, धर्म र अर्थ आदिका बारेमा उजागर गर्नुका साथै नराम्रा विकृतिहरूलाई हटाउन र राम्रा

कुराहरूको प्रगति गर्दै लान सल्लाह दिएका छन् । उनी एक प्रगतिशिल साहित्यकार भएको कारणले साहित्य मार्फत मानव जीवनमा सुधारको आशा राख्दछन् । मानिसले जे जति कार्यहरू गर्दछन् ती सब जीवनसँग सम्बन्धित रहेका हुन्छन् भनी भन्दछन् ।

नरप्रसाद धितालले मानव जिवनका विभिन्न पाटासँग सम्बन्धित रहेर गीत तथा कविताहरू लेखेका छन् । उनले जीवनमा आइपरेका र समाजका अनुभवहरूलाई संगालेर साहित्यको सृजना गरेका छन् । उनले रचना गरेका मानव जीवनसँग सम्बन्धित मुख्य मुख्य कविता तथा गीतहरू **खियाउ हातका दसनङ्ग्रा, भिडमा मान्छे, घ्याम्पोभित्र धान, नारीहरू, मनको कुरा, चेलीको व्यथा, सानो घर, आमाको काखमा, रोपाई, आमा, गुन्यौ चोली, माया, बुझें, गरिब, यथार्थ, छुवाछुत, शुभबोल, धर्मपुत्रहरू, खरानी जस्तो जिन्दगी, द्वारे जिम्वाल, ढिकीच्यॉउ, रक्सी, जदौ विष्ट, अब त अति भो, थाकेका अनुहारहरू, अभागी बाहुन, भावना, जिन्दगी, मान्छे तँ को होस्** ?आदि प्रमुख रहेका छन् ।

समग्रमा धितालका गीत तथा कविता सङ्ग्रहहरूका मानवीय विषय वस्तुमा आधारित गीत तथा कविताहरूमा मानविय जिवनसँग सम्बन्धित सुख, दुःख, पिडा आदिलाई कलात्मक ढङ्गले पर्दाफास गर्दै सुधारको चाहाना राखेका छन् । उनले मानव जीवन सम्वन्धि धेरै गीत तथा कविताहरू रचना गरेका छन् जसमा माया मान्छेको जन्मसँगै गाँसिएको शब्द हो । मान्छे जन्मसँगै आमाको मायाको हकदार हुन्छ । त्यसपछि घर-परिवारको र हुर्कदै जाँदा साथीहरूको माया पाउँछ । मायाका प्रकारमध्य उनले जन्म दिने आमाले गर्ने मायालाई सर्बोत्कृष्ट मान्दछन् । आमाको माया यस्तो किसिमको हुन्छ जसमा कुनै स्वार्थ लुकेको हुँदैन । आमाले आफ्ना सन्तानलाई छातीमा लगाउँछिन् । आमाले सन्तानको हर गल्तीलाई माफ गर्छिन् । कविले यस्ती आमाले गरेको सन्तानको मायाको बदला दिने कुनै चोखो कुरा देख्दैनन् । उनी साहित्यलाई मात्र चोखो देख्दछन् । उनको नजरमा आमा शब्द जति चोखो हुन्छ त्यति नै चोखो उनी साहित्यलाई देख्दछन् । जसलाई कसैले पनि अपवित्र पार्न सक्दैन । उनले यस्ती आमालाई चढाउनको लागि योग्य एक मात्र साहित्य हो भनेका छन् । कविले बाल्यकालमा आमाको ममतामा लुटपुटिँदाको समय याद गरेर **'आमाको काखमा'** कवितासङ्ग्रह आमालाई चढाएका छन् । आमाको यादमा प्रकाशित गरेका छन् । यसै सङ्ग्रहभित्रका कविताहरू मध्ये एउट कविता **'आमा'** हो जसमा उनले आमाको बारेमा आफ्ना विचार यसरी व्यक्त गरेका छन् ।

"फूल भमराको जूठो हुन्छ ।
दूध बाछाको जूठो हुन्छ ।
मह माहुरीको जूठो हुन्छ ।
जल माछाको जूठो हुन्छ ।
आमाको काखमा चढाउने
शुद्ध चोखो छ एउटै साहित्य मात्र
जसलाई कसैले पनि जूठो पार्न सक्दैन
रुखो तुल्याउन सक्दैन ।"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. १)**

आमा ती हुन् जसले आफू भोक भोकै बसेर सन्तानलाई मिठो खुवाउँछिन् । सन्तानको लालन पालनमा आफ्नो भोक र निद्राको समेत वास्ता नगरिकन सन्तानको ख्याल गर्छिन् । सन्तानको आवश्यकता पूरा भएपछि भोकले अत्तालिँदै धिपधिपे उज्यालोमा ढिँडोले पेट भर्छिन् । यस्ती ममतामयी आमाको महिमा कवि यस **'आमा'** कविता मार्फत यसरी व्यक्त गर्दछन् ।

"धिप धिप टुकी बालेर
गोठमा मेरी आमा
भोकले अत्तालिँदै
भ्ङ्गभित्र मकैको पिठो हालेर
दाबिलाले ढिँडो ओडाल्दै थिइन्"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. १)**

मान्छेले जव जवानीमा पाइला टेक्दछ । उसले विपरीत लिङ्गीप्रतिको मायाको महसुस गर्दछ । यस प्रकारको मायामा शारिरिक आकर्षण रहेको हुन्छ । यस प्रकारको मायामा परेपछि मान्छेको मनमा मायालुको अनुहारदेखि अन्य केही हँदैन माया गर्ने मान्छेले मायालुको सम्भनामा सास पनि फेर्न बिर्सन्छन् । पत्र लेख्दा लेख्दा कलममा मसी सकुन्जेल सम्म पनि माया गर्ने मान्छेहरूको शब्द रोकिदैन भन्ने भाव **'माया'** शीर्षकको कवितामा यसरी उनी व्यक्त गर्दछन् ।

"कलमभित्र मसी छैन
केले कागज कोरौँ भन
छातीभित्र धड्कन छैन
केले सास फेरौँ भन"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. १)**

मान्छे जब किशोरावस्थामा पुग्दछ अनी उसलाई विपरीतलिङ्गीप्रतिको आकर्षण बढ्दै जान्छ । आकर्षणको व्यक्ति उसको वरिपरिको चिनजानको रहेको हुन्छ । माया भन्ने यस्तो हो जो भित्रभित्रै पलाउँछ जुन कुरा माया गर्ने व्यक्ति स्वयम्लाई पनि पत्तो हुँदैन । जब उसलाई माया को प्रति पलाएको हो थाहा हुन्छ तब ऊ उसलाई पनि उसप्रति आकर्षण छ कि छैन यसरी जाँच्न थाल्दछ । अन्त्यमा उसको हाउभाउले नै उसको मनको कुरा पढ्न सक्दछ भन्ने कुरा **'बुझेँ'** भन्ने शीर्षकको कविता मार्फत यसरी व्यक्त गरेका छन् ।

"म बुझ्छु
तिम्रो मनको कुरा
सोचेर हाँसे
तिम्रो मनको इसारा"

**(देविका धिताल, (सम्पा.) सिप्लिकानको पात, पृ.१०)**

यदि तिमीले मलाई माया दियौ भने मेरा हाँसो खुसी सबै तिमीलाई दिउँला र तिम्रा सबै पिर बेथा सबै मै लिउँला । तिमीले जस्तो भूल गरे पनि सजाय नदिई माफी दिउँला भनेर कविले यस हरफमार्फत आफ्नी प्रेमिका सामुन्ने कसम खाँदैछन् ।

"हाँसो तिमीलाई छाडी
आँसु लुकाई राखी
जे भूल गर तिमी अब
सधैँ सहेर बसुँला"

**(देविका धिताल, (सम्पा.) सिप्लिकानको पात, पृ.३६)**

जब मान्छेलाई कसैप्रति प्रेम हुन थाल्दछ । उसलाई कतै खुसी, कतै डर, कतै उकुसमुकुस, छट्पटाहट हुन थाल्दछ । उसले जीवनमा नौलो प्रकारको कृयाकलाप भएको अनुभव गर्न थाल्दछ । यस्तो अनुभव कि जुन उसले जीवनमा पहिलो पटक अनुभव गरेको हुन्छ । यस्तो प्रकारको अनुभव कविले **'भावना'** भन्ने कवितामार्फत यसरी व्यक्त गरेका छन् ।

"अलि अलि भौँतारिएको छु,
अलि अलि निसास्सिएको छु ।
उकुस मुकुस हँदा हुँदै,
होस हराएको छु ।"

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. ५१)**

कविले सामाजिक छुवाछुत र अन्ध परम्पराका विरुद्ध कविता मार्फत आवाज उठाएका छन् । समाजमा देखिएका ठूलो जातकाले साना जात भनिएकाले छोएको खान नहुने । ठूला जातका लागि साना जात अछुत मानिने यस्तो परम्पराको खुलेर साहित्य मार्फत विरोध गरेका छन् र सुधारको चाहना राखेकाछन् । कविले समाजमा देखिएका छुवाछुत विरुद्ध **'छुवाछुत'** कविता मार्फत आफ्नो अभिव्यक्ति यसरी व्यक्त गरेका छन् ।

"कस्तो संस्कार यहाँ
एउटै अनुहार भएका
मान्छेलाई छुन नहुने रे !
उसँग बसेर खान नहुने रे"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. ४५)**

गरिब हुनु अभिसाप हो । गरिबले अर्काको भारी बोकेर पिठ्युँभरि ठेला उठाएर भारी बोक्दा पनि एक छाक राम्रोसँग खान र लाउन पाउँदैनन् । शिक्षा आर्जन गर्नु भनेको उसको लागि असम्भव छ । उसको भाग्यमा दुःख मात्र लेखेको हुन्छ भनेर गरिवले आफ्नो मनको दर्द यसरी व्यक्त गर्दछ भनी गरिबको व्यथा कवि यस कविता मार्फत यसरी व्यक्त गर्दछन् ।

"पीठ्युँभरि फोका उठ्छ
भारी बोक्ने काम
जन्मै हाम्रो
खाराब रहेछ
शिक्षा हाम्रो केही छैन ।"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. ४५)**

मान्छे ठूलो जातमा जन्मेर मात्र ठूलो हुँदैन । बाहुन कुलमा जन्मेर नराम्रो कार्य मात्र गर्छ भने उसलाई कसैले ठूलो मान्दैन । ठूलो त उसको कर्मले हुन्छ । सार्की जातमा जन्मेर पनि राम्रो कार्य जसले गर्दछ भने त्यसलाई मात्र ठूलो मान्छे मानिन्छ । कविले बाहुनको कुकर्मलाई यसरी **'अभागी बाहुन'** कवितामा प्रस्ट्याउँदै मानिस ठूलो कर्मले हुन्छ जातले हुँदैन भन्ने उक्ति यसरी प्रष्ट पारेका छन् ।

"जन्मेपछि मान्छे हुन्छ
कर्म गरेपछि जात
कुबुद्धि पलायो भने हेर
दिँदैनन् कसैले साथ"

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ.१३)**

गाउँका बाठा, धूर्त जमिन्दार वर्ग जसले विचरा सोझा साझा गाउँलेलाई ललाईफकाई रिनको नामा तिनीहरूको बासै उठाउने गरेको प्रवृतिलाई अब गाउँलेले सहनु हुँदैन । यस्तो कार्यको विरुद्ध सबै एकजुट भएर यसको विरोध गर्नुपर्दछ भनेर कविले गरिब वर्गलाई यस **'द्वारे जिम्वाल'** कवितामार्फत हौसला प्रदान गरेका छन् ।

"हिजो अस्ति आज
उनै हुन् तिनै छन् ।
मूल घर भएका
मूल द्वारेहरू
छेपाराले जस्तै

पहिरन फेरे भैँ सडक र महलमा नाच्नेहरू, ठूला घरका जिम्वाल

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. ४५)**

असारको समय किसानको मानो रोपेर मुरी फलाउने समय हो । यस समयमा घरमा मान्छे मऱ्यो भने पनि लासलाई छोपेर खेतमा रोपाइँ गर्न जान्छन् भन्ने उक्ति छ । यस समयमा सबै किसानहरू निकै जाँगर र उत्साहका साथ आ-आफ्नो खेतमा रोपाइँ गर्न व्यस्त हुन्छन् । पानीमा घुम ओढेर, धानको बिउ खेतमा रोप्दै आलु र चिउरा खाजा खाँदै, असारे गीत गाएर असारलाई धुमधामसँग बिदा गर्दछन् । कविले आसारको रौनकलाई यस **'रोपाइँ'** गीत मार्फ असार महिनाको गुणगान यसरी गाएका छन् ।

"जिउभरि हिलो माटो घसेर
घुम ओड्दै
मेलो अगाडि सार्दै
मुठी रोपेर मुरी उब्जाउ गर्न
वर्षदिनको बाजी किसानको भोक टार्न
मरेको लासलाई घुमले छोपेर"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. ३)**

चेली अर्काको घरमा जाने जात हुन् । जन्मायो हुर्कायो बढायो त्यसपछि मनै कटक्क पारेर अर्काको घरमा पठाउनु पर्छ । अर्काको घरमा गए पछि चेलीले कष्टसँग अर्काको अधिनमा रहेर बिताउनु पर्ने यो सस्तो नराम्रो प्रथा हो भनेर चेलीको व्यथालाई कविले **'चेलीको व्यथा'** कविता मार्फत यसरी व्यक्त गर्दछन् ।

"जन्मघर छोडी
कर्मघर बिताउन
चेलीको व्यथा
आफ्नै छ कथा
संसार धान्ने
चेलीको नाता"

**(देविका धिताल, (सम्पा.) सिप्लिकानको पात, पृ.३)**

**'खियाउ हातका नङ्ग्राहरू'** कवितामा देशविकासको लागि हातका दश नङ्ग्रा खियाएर काम गनु पर्छ अनि मात्र देशले विकासको पाइला चाल्न सक्ने अभिव्यक्ति दिएका छन् । **'भीडमा मान्छे'** कवितामा हामीले निर्वाह गर्नु पर्ने विभिन्न किसिमका कर्तव्यको बोध गराउन चाहेका छन् । **'नारीहरू'** भन्ने गीतमा उनले नारीको मन ठूलो हुने, उनीहरू सहनशील हुने र जस्तोसुकै कठिन परिस्थितिमा पनि धैर्य गर्न सक्ने कुरा व्यक्त गरेका छन् । **'आयु'** कवितामा मान्छेको आयुको बारेमा वर्णन गर्दै मान्छेले आयुभन्दा अगाडि र आयुभन्दा धेरै चाहेर पनि मर्न र बाँच्न नपाइने तथ्य र सत्य कुरा व्यक्त गरेका छन् । **'खरानी जस्तो जीन्दगी'** गीतमा उनले मानिसको जिन्दगी खरानीसमान छ । कति बेला के हुन्छ पत्तो हुन्न तर आत्मा भने अमर छ भन्ने सत्यको आभाष्स दिलाउन खोजेका छन् । **'गरिब'** कविता मार्फत गरिबको जिन्दगी अभिशाप हो र डोको र भारी तिनीहरूको कर्म हो भन्ने कुरा व्यक्त गरेका छन् । **'म अभागी बाहुन'** मार्फत मानिस ठूलो कर्मले हुन्छ जातले हुदैन भन्ने कुरा देखाएका छन् ।

## ४.२.३.२ प्राकृतिक विषयवस्तुसम्बन्धी

साहित्यकार नरप्रसाद धितालका कविताको अर्को विषयवस्तु प्रकृति पनि हो । उनले कतिपय कविता तथा गीतहरू प्रकृतिलाई विषयवस्तु बनाएर लेखेका छन् । भनिन्छ प्रकृतिमा रमाउने मानिस नै साहित्यकार हुन सक्छ । प्रकृति भनेको यस्तो कुरा हो जसले जो कोहीलाई पनि आफ्नो रूपले मन्त्रमुग्ध पार्दछ । त्यस्तै नरप्रसाद धितालालाई पनि प्रकृतिले मन्त्रमुग्ध बनाएर साहित्य सृजना गर्न प्रेरित गरेको छ । शिवपुरी जङ्गलको फेदी बूढानीलकण्ठ गा.वि.स.मा उनी जन्मे र प्रकृतिसँग साइनो गाँस्दै हुर्के । जनावर चराचुरुङ्गी सबै उनका साथी बन्दै गए । तिनै प्रकृतिको प्रेरणाले गर्दा उनले गीत तथा कविताहरू प्रकृतिलाई विषयवस्तु बनाएर लेखेका छन् । प्रकृति सम्बन्धी कविताहरू **म माटो हुँ , हाम्रो गाउँ, बूढानीलकण्ठ, कविता, वाग्मती, २०६०, शिवपुरी, वाक्मती सुसाउँदै होलिन्, नदी, राराका छातिहरू, धोवी चरो, आफैँसँग आफैँ सिप्लिकानको पात, शिवपुरीको सन्देश, भँगेरो, आजभोलि, फूल, ढुङ्गामाटो** आदि प्रमुख रहेका छन् ।

उनले आफ्ना **'वागमती'** भन्ने शीर्षकको कवितामा वागमतीको बारेमा लेखेका छन् । वागमती गङ्गा हुन् । उनी स्वतन्त्र रूपमा निरन्तर बगिरहन्छिन् । न कसैको डर छ उनलाई, न त कसैसँग प्रेम, निरन्तर आफ्नो गन्तब्य स्थलतिर बगिरहन्छिन् । वागमतीको जल मानिसले हरेक किसिमका शुद्धीकरणका लागि प्रयोग गर्दछन् । वागमतीले देशको शोभा बढाउँछिन् । यस्ती वागमतीलाई मानिसहरूले आफ्नो स्वार्थ अनुरूप प्रयोग गरिरहेका छन् । मानिसलाई शुद्ध बनाउँले वागमती आफैं मानिसहरूले गर्दा अशुद्ध भैरहेकी छन् । वागमतीलाई मानिसहरूले ढलमा परिणत गराएका छन् । प्रकृतिको सुन्दर उपहार वागमती अहिले ढलमा परिणत भएकी छन् । तैपनि चुपचाप निरीह भएर निरन्तर बगिरहन्छिन् । उनले वागमतीको दुर्दशाको बारेमा **'वागमती'** भन्ने कविता मार्फत जोडदार विरोध गर्दै अबदेखि यस्तो कार्य रोक्न सबैलाई सचेत समेत गराएका छन् ।

"तिमी बग्छ्यौ चोभार गल्छी अनि
झञ्ज्याङ्ग चौतारीमा
सुसेली हाल्दै छ्याङ्ग छ्याङ्ग गर्दै
निरन्तर बगिरहेकी छौ अनि
होस हराएका मान्छेहरूले
सधैँ फोहोर मैला फली
तिमीलाई दुब्लो बनाई"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ.४९)**

धितालले **'माटो'** भन्ने गीतबाट माटोको अपार महिमा गाएका छन् । माटो प्रकृतिको एउटा अंश हो । जस बिना मानवजीवन संभव छैन । माटो जसलाई मान्छेको बासको लागि घर बनाउन प्रयोग गरिन्छ । माटो जसको प्रयोगले मान्छे जिउनको लागि अन्न उब्जाउ हुन्छ । माटोविना संसार असम्भव छ भन्दै उनले माटोको महिमा यसरी गाएका छन् ।

"म माटो हुँ
अनेकौँ भाँडा कुँडा र
अन्न उब्जाइ दिने

म माटो हुँ
कुटो कोदालो
हलोले खन्ने सहनशीलता भएको”

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. ५५)**

नव वर्षको आगमनलाई प्रकृतिसँग जोडेर यसको रोचक गीत **‘२०६०’** मार्फत व्यक्त गरेका छन् । हरेक साल वैशाखबाट सुरु हुन्छ । जुन समय वसन्त ऋतुको समय हो । उक्त समयमा नयाँ वर्षलाई प्रकृतिले पनि स्वागत गरेकी हुन्छिन् । जाडो सकेर न्यानोपनको सुरुवात, रुखहरूमा पालुवा चढेर जतातत्तै हरियाली, फूलहरू फुल्ने, चुत्रो, काफलले वनलाई शोभायमान बनाउने जसलाई देखेर नयाँ वर्षको आभास हुन्छ । नयाँ वर्षको आगमनसँगै प्रकृतिमा हुने हराभरालाई कविले यसरी व्यक्त गरेका छन् ।

“ऐंसेलु, चुत्रो, काफल सजाउँदै
२०६० वैशाख पो आएछ
रातलाई पोको पारी
पुरानो वर्षलाई फ्याली
नयाँ बिहानी ल्याएछ ।”

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. ३)**

कवि धितालको जन्म बूढानीलकण्ठमा भएको थियो । जहाँ प्रकृतिको सुन्दर खानी नै रहेको छ । शिवपुरीको फेदीमा रहेको बूढानीलकण्ठ गा. वि. स. जहाँ भगवान् विष्णुको धार्मिक स्थल पनि रहेको छ । त्यस ठाउँलाई कवि कान्तिपुरको शिर र वागमतीको उद्गम स्थल पनि मान्दछन् । यस्तो इतिहास बोकेको शिवपुरीको वर्णन कविले **‘हाम्रो गाउँ’** कवितामा यसरी गरेका छन् ।

“वागमती विष्णुमती अनि रुद्रमती
जन्मेर हिँड्न सुरु हुने
महान् कान्तिपुरको शिर
यहाँभित्र पर्ने वाग्द्वार नगिगुम्बा
अनि सँगै बसेको तारे भीर

इतिहास बोकेको शतरुद्र शिवपुरी"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. ३२)**

कविले **'माहुरी'** कवितामार्फत मह काढ्ने मान्छेहरूलाई व्यंङ्ग्य हानेका छन् । मह काढ्ने सिकारीले जंगलमा मह झिक्न जाँदा मौरीलाई आगो लगाउने र मौरी तितरवितर भएपछि मह काढ्ने गर्दछन् । आगो लगाउँदा सयौं मौरी डढेर मर्दछन् भने सयौं गुड छाडेर अन्यत्र जान्छन् । यसरी सिकारीले मह निकाल्दा अँगाल्ने तरिकालाई कवि नराम्रो मान्दै, अर्कालाई मारेर आफू माथि जाने प्रवृत्तिको विरोध गर्दै बाँच्ने र बचाउने प्रवृत्तिको विकास गर्न प्रेरित गर्दछन् ।

"माहुरीको चाकामा
दनदनी आगो लगाई
मह खाने सिकारीहरु
एक छिन् भए पनि सोच
मह नै खानु छ भने
चकाभित्रका रानोलाई बचाई
मह मात्र आउने गरी
तर्साऊ धम्काऊ आफू बाँच
अनि मात्र लाठो लिएर घोच"

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. ३३)**

**'नदी'** कवितामा कविले नदीको सुन्दरताको बारेमा आफ्नो भावना व्यक्त गरेका छन् । नदी एउटा प्रकृतिको सुन्दर सृष्टि हो । नदीविना पृथ्वी नै अपूरो हुन्छ । नदीले पृथ्विलाई शोभायमान गरेकी छिन् । नदीको उत्पत्ति र यसको अन्त्यको सीमा नभएको कुरा कविले यसरी व्यक्त गरेका छन् ।

"कहिले आउँछ्यौ र कहाँ जान्छौ
नटुङ्गिने लामो यात्रा
कहाँ गई बिलाउँछ्यौ
कहिले हिमालबाट बग्छ्यौ तिमी ।"

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. ४४)**

धितालले रचना गरेका अन्य प्रकृतिसम्बन्धी अन्य थुप्रै गीत तथा कविताहरू पनि छन् । 'चराचुरुङ्गीहरू' गीतमा उनले वर्षातमा पानी र हुरीबतासको बेलामा उनीहरूले पाउने दु:ख र कष्टको बारेमा लेखेका छन् । टाठाबाठाले त आफ्नो सुरक्षित स्थानमा गुँड बनाउँछन् । तर निर्धा र लाटा चराहरूको दुर्गति हुन्छ । कतिबेला गुँड हुरीबतासले उडाउने हो भन्ने चिन्ता चराहरूलाई भइरहन्छ  भन्ने कुरा कविले व्यक्त गरेका छन् । 'राराका छातिहरू' कवितामा उनले नेपालका ठूलातालहरू मध्ये अर्को ठूलो रारा ताल पोखरामा पर्दछ । जुन ताल पोखराको लागि सुन्दरता र गहना हो जसले गर्दा पोखराको चिनारी बढेको छ । यस्तो सुन्दर दृश्य हेर्न कविले सबैलाई सल्लाह दिएका छन् । अर्को कविता **'फूल'** मा फूलको सुन्दरताको वर्णन गरेका छन् । फूल यस्तो वस्तु हो जुन सुन्दरताको वर्णनमा पनि प्रयोग गरिन्छ । जस्तो सुकैउजाड ठाउँमा पनि फूलले प्रकृतिलाई हराभरा तुल्याउँछ । फूलले सबैलाई मोहनी लगाउँछ । फूलले प्रकृतिको सुन्दर सृष्टि हो यसको महिमा अपरम्पार छ भनेर कविले **'फूल'** कवितामा प्रस्तुत गरेका छन् ।

प्रकृतिले मान्छेलगायत सबै प्राणीहरूलाई शरीरमा ज्यान भरिदिन्छ । प्रकृतिमा मानिसले आफ्ना सबै पीडालाई बिर्सेर आनन्द लिन्छ । प्रकृतिले सबै रोगहरूलाई मलम लगाउँन मद्दत गर्दछ । प्रकृतिले नै सबैलाई जिउन सिकाउँछ यस्ता कुरा व्यक्त गरेर कविले आफ्नो प्रकृतिप्रतिको प्रेम झल्काउन खोजेका छन् ।

## ४.२.३.३ राष्ट्रियता विषयवस्तु सम्बन्धी

धिताल राष्ट्रियतावादी कवि हुन् । उनले वर्तमान राष्ट्रिय परिस्थितिको बारेमा गीत तथा कविताहरू मार्फत गहिरो चिन्तन व्यक्त गरेका छन् । वर्तमान राष्ट्र एउटा असल नेतृत्वको पर्खाइमा रहेको छ । असल राजनेता नभएका कारण देशले आफ्नो अस्तित्व नै गुमाउन लागेको छ । उनी भगवान्सँग प्रार्थना गर्दै देशको लागि एउटा असल नेता पठाइदिएर नेपालको रक्षा गर्न भन्दछन् । उनलाई देशप्रेमले सताइरहन्छ । कुर्सीको मोहमा नेताहरूले नैतिकता नै बिर्सँदै गएको आरोप उनी लगाउँछन् । देश बचे

मात्र हामी रहन्छौं अन्यथा हाम्रो अस्तित्व रहनेछैन भन्दै नेताहरू लाई साहित्य मार्फत होसियार गर्दछन् ।

धितालको राष्ट्रप्रेमले ओतप्रोत भएका मुख्य मुख्य गीत तथा कविताहरू **संयुक्त लगानीमा, आत्मा खोलेर भन्न मन लाग्दछ, कर्तब्य, हराएका टिष्टा र काँगडा, लोकतन्त्र, अब त अति भो, गणतन्त्र, फलामे चिउरा, राष्ट्रिय गीत, सँगै बाँचौं, पिप जमेका घाउहरू, नेता, नमाग हामीसित, हुँदैन भागबण्डा, को अगाडि, नौलो बिहानी, असल विचारहरू, आमा दुब्लाउँदै गइन्, देशले नचाहेको मान्छे, युगपुरुष, प्रतिगमन, पूर्वाङ्ग, दुवै हात जोड्दै, बन्दैबन्दले सतायो, प्रजातन्त्र, तीन न तेह्रका कनिकाहरू, देश जगाउँ, मेलो सरेन, तेस्रो दौड, बुझ, अरू बुझ, र हाम्रा विचार** आदि प्रमुख रहेका छन् ।

उनले **'संयुक्त लगानी'** गीत मा देशको लागि असल नेतृत्वको खाँचो भएको र देशको अवस्था नाजुक बन्दै गएको बेलामा एउटा असल नेताले मात्र देशलाई बचाउन सक्छ । उनले देशको यस्तो परिस्थितिमा प्रेमिकालाइ तिमी र म मिलेर एउटा देश चलाउने असल छोरालाई जन्म दिनुपर्दछ भनेर यस गीतमा यसरी आशय व्यक्त गरेका छन् ।

"तिम्रो र मेरो संयुक्त लगानीमा
देशको माग बमोजिम
देशलाई बुझ्ने
देश बनाउने
एउटा बालक
जन्माउनु परेको छ ।"

**(देविका धिताल,** (सम्पा.) **सिप्लिकानको पात, पृ.३)**

हाल नेपालको राजनैतिक अवस्था नराम्रोसँग गुज्रिरहेको छ । देश सबै क्षेत्रबाट पछाडि पर्दै गएको छ । नेपाल र नेपालीलाई अशान्तिरूपी अन्धकारले छोपेको छ । नेपालीहरू कहिले शान्तिरूपि विहानी आउला भनेर पर्खिरहेका छन् । **'आत्मा खोलेर भन्न मन लाग्छ'** कवितामा उनले देशप्रेम यसरी पोखेका छन् ।

"सिंगै देशका व्यथाहरू

कुसंस्कारले घेरिएका क्षणहरू
मौन भएर बस्छन्
मेरा सोचाइहरू
कहिले बिहानी हुन्छ यहाँ
अनि कहिले दिवा
सधैँ रातैरात मात्र हुन्छ यहाँ"

**(देविका धिताल, (सम्पा.) सिप्लिकानको पात, पृ.३२)**

कवि धितालले **'राष्ट्रिय गीत'** नामको गीतमा नेपाल एउटा बुद्धको जन्मथलो हो र विश्वको देशहरूमा शान्ति प्रिय देश हो भन्ने आशय व्यक्त गरेका छन् । हाम्रो देशको शिरमा रहेको सगरमाथाले विश्वमा नै नेपाललाई चिनाएको छ । त्यस्तै बुद्ध जन्मेको देश र सगरमाथा भएको देश भने पछि नेपाल विश्वमा परिचित हुन्छ । यस गीत मार्फत उनले नेपाललाई यसरी चिनाएका छन् ।

"बुद्धको जन्मभूमि यो राम्रो
मातृभूमि नेपाल छ हाम्रो
शिरमाथि एक आफैँ सगरमाथा
विश्वको हेर्ने शान्तिको आँखा"

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. २७)**

**'भाकल'** नामको गीतमा उनले नेपालमा हिंसाले चरम सीमा लिएको छ । अब यसलाई रोक्नु पर्दछ भन्ने आशय पाईन्छ । एक नेपाल आमाको छोराले अर्को नेपाल आमाको छोरालाई पशु झैं रेटेर हत्या गरिरहेका छन् । यस्तो काटाकाटको स्थितिलाई रोकेर वार्ताद्वारा समस्याको समाधान खोज्नु पर्दछ भन्दै यस्तो हिंसात्मक गतिविध रोक्न भाकल गर्न कवि सबै सुभचिन्तकहरूलाई यसरी आह्वान गरेकाछन् ।

"भाकल गरौँ
गुठी राखौँ
नयाँ बिहानी ल्याउन

वलि नरवलि नचढाइकन

कोरा पूजा चढाउन"

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. २८)**

कवि धितालले वर्तमान देशको अवस्थालाई आफ्ना कवितामा प्रकट गरेका छन् यस्तो देखेर सबै नेपालीको मुटु कुटुकुटु खान्छ तर नेता भनाउँदाहरूले भने कुर्सीको मोह कहिल्यै छाड्ने भएनन् । कुर्सीको लागि नेपाल आमालाई टुक्र्याउन  पनि बाँकि नराख्ने भए । यी नेताहरूको खेल अब अति भो ! खपि नसक्नु भो ! नेपाल आमालाई नेतारूपि क्यान्सरले सताएको छ । यस्तो नेताको व्यवहारप्रति कविले यसरी असन्तुष्ट व्यक्त गरेका छन् ।

"अब त अति भो

दिन प्रतिदिन साह्रै भो

भयंकर रोग लाग्यो

निको पार्न गाह्रो भो"

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. ३०)**

**'नेता'** कविता मा कविले नेताको द्वैध चरित्रको बारेमा पर्दाफास गरेका छन् । नेताले मुकुन्डो लगाएका छन् । तिनीहरूको देखाउने दाँत र चबाउने दाँत बेग्ला बेग्लै हुन्छ । बाहिर जनताको सामु देश बनाउने कुरा र भित्र भित्रै सासन हत्याउने र धेरै कमाउने दाउ तिनीहरूको हुन्छ । नेताले सधैँ देशमा घोडाजात्रा गर्दछन् । विचरा जनताहरू यस्ता धूर्त नेताको चङ्गुलमा फसेका छन् भनेर कवि यस कविता मार्फत चिन्ता व्यक्त गर्दछन् ।

"को अगाडि को पछाडि

घोडा दौड भैरहन्छ

पर्वविनाको मेला हो यो

सधैँ यस्तै भैरहन्छ ।"

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. ३३)**

कविले **'असल विचारहरू'** गीतमा नेपाल आमाले आफ्ना कोखबाट जन्मेका सबै सन्तान कुपुत्र भए भनेर सभ्य र सुपुत्रको आसमा मन भित्र अनेकौँ सोचाईहरू ल्याउँछिन् र कहिले सुपुत्रको जन्म होला र मेरो हेरचाह गर्ला भनेर असल पुत्रको कामाना यसरी गर्दछिन् ।

"सभ्य सुशासन
असल प्रशासन
खोज्छिन् आमा निरन्तर
गर्भमै आओस्
भन्छिन् आमा निरन्तर"

(**शिवपुरी साहित्य समाज,** (सम्पा.) **हराएका टिष्टा र काँगडा, पृ. ५०**)

कुनै बेलाको चर्चित भू-भागहरू टिष्टा र कॉगडा विदेशीले आफ्नो बनायो जसले नेपालको भू-भाग साँगुरिँदै गयो । यस्ता पीडा नेपाल आमा दिनदिनै सहन वाध्य छिन् । नेपाल आमा दिनदिनै दुब्लाउँदैछिन् भनेर दुःख व्यक्त गर्दै **'हराएका टिष्टा र कॉगडा'** नाम दिएर कविले यसरी आफ्ना भावना व्यक्त गरेका छन् ।

"तराई खुम्च्यो धेरै सोच
कण कण माटो हराई
समुन्द्र हाम्रै सम्पत्ति भन्थे
वीर गाथा कविता सुनाई"

(**शिवपुरी साहित्य समाज,** (सम्पा.) **हराएका टिष्टा र काँगडा, पृ. १**)

कविले नेपाल आमालाई एउटा सच्चा, निःस्वार्थी नेता, जसले आफ्नो जन्मभूमिलाई आफ्नो प्राण दिन परे पनि पछि नहटी देश र जनताको रक्षा गर्ने युगपुरूषको खाँचोको चाहाना भएको भाव व्यक्त गरेका छन् । कवि उक्त युगपुरुष नेपालमा जन्मने आशामा रहेका छन् । उनी भन्दछन् नेपालमा बुद्ध फेरि जन्मे पनि शान्ति आउँदैन । शान्ति आउनको लागि एउटा सच्चा, इमान्दार नेताकै आवश्यकताको अनुभवलाई कवि **'युगपुरूष,** कविता मार्फत यसरी व्यक्त गर्दछन् ।

हुँदैन शान्ति कहित्यै यहाँ
बुद्ध फेरि आए पनि
झिनो आशा मात्र मात्र बाँकी छ
युगपुरुष आए भने

**(महेन्द्र श्रेष्ठ, (सम्पा.) आमाको काखमा, पृ. ३३)**

कविले कविता **'तीन न तेह्रका कनिकाहरू'** मा वर्तमान नेताहरूको नेतागिरीका बारेमा व्यङ्ग्य प्रहार गर्दै आफ्नो मन्तव्य लेखेका छन् । आजका नेताहरूलाई राजनीतिको 'न' को बारेमा थाहा छैन । नेता भएर हिँड्दछन् । नेता भएर देश चलाउन तम्सेका हैनन् । कहिले कुर्सीमा पुगिएला र अर्थ कुम्ल्याउँला भनेर दाउ हेरेर बसेका छन् भनेर यसमा लेखिएको छ । **'पिप जमेका घाउहरू'** मा कविले पृथ्वी नारायण शाहले रगत र पसिना बगाएर एउटै मालामा उनेको देशलाई स्वार्थी नेताहरूले आफ्नो स्वार्थमा टुक्रा पार्न खोज्दा कविका चित्त पिप जमेका घाउहरू दुखे झैँ दुख्ने कुरा यहाँ व्यक्त गरेका छन् । **'लोकतन्त्र'** कवितामा कविले जनताले रगत बगाएर ल्याएको शासन व्यवस्थालाई सबैले आफ्नो सम्झेर मलजल गरेर बढाउनुपर्ने कुरा व्यक्त गरेका छन् । **'शुभकामना २०६४'** गीतमा कवि सबै नेताहरूलाई २०६४ भन्दा अघि जे भयो त्यो भुलेर अब यस सालदेखि नेपालमा नयाँ बिहानी ल्याउँनु पर्दछ भन्दछन् ।

राष्ट्रप्रेमी कवि धिताल देशको एउटा सुभचिन्तक सच्चा साहित्यकार भएको कारणले उनले देशको मायामा अल्झिएर आफ्ना गीत तथा कविताहरू लेखेका छन् । देश चलाउन भनेर सत्तामा पुगेका अधिकांस नेताहरू मात्र कुर्सीको र धन सम्पत्ति जोड्ने होडमा रूमलिरहेको देखेर असन्तोष जनाउँदै उनीहरूलाई यस्तो घिनलाग्दो खेल अब छाड्न कवि खबरदारी गराउँदछन् । आफू सत्तामा नपुगुन्जेलसम्म अनेक उपाय गरेर जनतालाई फकाउँछन् । जब सत्तामा पुग्छन्, ती सत्तामा पुऱ्याउने जनतालाई चिन्दा पनि चिन्दैनन् । नेताले देशलाई भित्रभित्रै खोको बनाइसके । नेताहरूले गर्दा नेपाल आमा दुब्लाईसकिन् । अब उनलाई इमान्दार युगपरूषको खाँचो छ भन्ने आफ्नो अभिव्यक्ति प्रकट गर्दछन् ।

## ४.२.३.४ विविध पक्षहरूसँग सम्बन्धित

साहित्यकार धितालले विभिन्न पक्षहरूसँग सम्बन्धित रहेर साहित्यको सिर्जना गरेका छन् । उनले धार्मिक तथा ऐतिहासिक विषयसँग सम्बन्धित रहेर गीत तथा कविताहरूको सिर्जना गरेका छन् । यसै क्रममा उनले **'मन्दिरभित्र'** गीतमा मन्दिरभित्र विराजमान भगवान् विष्णुको मूर्तिको सुन्दरताको महिमागान लेखेका छन् । **'आमाको सपना'** कवितामा उनले नेपालीको अन्धविश्वासप्रतिको मान्यता व्यक्त गरेका छन् । **'घरको सल्लाह'** गीतमा उनले नेपाली काँठको चलनअनुसार कुनै कुराको सल्लाह गर्नुपरेमा साँझमा सबै जम्मा भैसकेपछि चुल्होको वरिपरि बसेर खाजा खाँदै निर्णय लिने चलनको बारेमा व्यक्त गरेका छन् । **'बूढानीलकण्ठ'** नामको गीतमा उनले भगवान् बूढानीलकण्ठको मूर्ति सधैँ चिर निद्रामा रहेको न घामको असर पर्छ न त पानी कै भनेर भगवान्को गुणगान गाएका छन् । कविले **'श्रद्धाञ्जली'** गीतमा राजा वीरेन्द्रको परिवारको हत्यारा पत्ता लगाई कडा सजाय दिएर मृत परिवार प्रति श्रद्धाञ्जली अर्पण गर्नुपर्ने कुरा व्यक्त गरेका छन् । **'नेपाल भारत साहित्य लेखक'** मा उनले नेपालका र भारतको साहित्यकारहरूको समानता र असमानताका बारेमा लेखेका छन् ।

## ४.२.४ लय विधान

कविताको मुटु भनेको नै लय हो । त्यही लयको विशेषताले गर्दा नै साहित्यका अन्य विधाबाट कविता विधालाई छुट्याइन्छ । भाषामा प्रयोग हुने स्वरव्यञ्जन वर्णहरूको उच्चारणबाट निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । "यो लयविधान प्रथमतः भाषिक स्वरव्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएकाले वितरण प्रकृयाको कलागत प्राप्ति हो र कविताकृतिका चरण/पाउ वा पङ्क्ति/हरफको गतिक्रम र यति विधानबाट थालिन्छ ।"[७] उनका सङ्ग्रहका कविताहरू छन्दोबद्ध नभई मुक्त छन्दमा लेखिएका छन् । अधिकांश कविताहरू कतै झ्याउरे लय, कतै काँठे लय र कतै मुक्त लयमा लेखिएका छन् । सबै सङ्ग्रहका कविताहरू मा कतै कतै मात्र आनुप्रासिकता भेटिन्छ । उनका कवितामा छन्द नभएता पनि साङ्गीतिक झन्कार पाईन्छ ।

## ४.२.५ बिम्ब, प्रतीक र अलङ्कार

[७] वाशुदेव त्रिपाठी र अन्य, (सम्पा.)नेपाली कविता भाग ४, चौ.सं ललितपुर, साझा प्रकाशन छापाखाना, २०६०,पृ.१८ ।

कुनै कृतिमा मुख्य कथ्य र अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहवर्ती अर्थ बिम्ब हो । यो बिम्ब कविताका भाव परिपोषक वा भावव्यञ्जक तत्व समेत हो ।[८] धितालका कविताहरूमा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग प्रशस्त मात्रामा भएको पाइन्छ । उनका कविता **'आमा दुब्लाउँदै गइन्'** कवितामा आमा देशको प्रतीक, दुब्लाइन् देश विकासमा पछि पर्दै जानुको प्रतिक, ब्यथाले छटपटउनु राजनीतिक अस्थिरताको प्रतीक, नराम्रो रोग राजनीतिक झैझगडाको प्रतिकको रूपमा प्रस्तुत गरिएको छ । यस कविताको अंश तल दिएको छ ।

"आमा धेरै गलिन् दुब्लाइन्
ब्यथाले छटपटाइरहिन्
नराम्रो रोग लागेछ हेर
निदान गर्न भयो बेर !"

(**शिवपुरी साहित्य समाज,** (सम्पा.) **हराएका टिष्टा र काँगडा, पृ. ५८**)

**'सोचाइ'** कवितामा धितालले देश चलाउन सत्तामा आएका नेताहरूले आफ्नो स्वर्थ अनरूप राजनीतिलाई प्रयोग गरेको देखेर कविले नेताहरूलाई खबरदार गर्दै सत्ताको सदुपयोग गरेर देश विकासको कार्यमा लागि जनताको सेवा गर्न प्रेरण दिएका छन् । अन्यथा जनताले छाड्ने छैनन् भन्दै राजतीतिक बिम्बको प्रयोग गरेका छन् । यस कविताको अंश तल दिएको छ ।

"मेची-काली एउटै भकारी
पछुताउनुपर्ला ब्यर्थै धिक्कारी
सोचेर काम गर अगुवा हो
देश चलाउने अधिकारी !"

(**शिवपुरी साहित्य समाज,** (सम्पा.) **हराएका टिष्टा र काँगडा, पृ.** ४६)

धितालका कवितासङ्ग्रहहरूका कविताहरूमा विभिन्न किसिमका अलङ्कारहरूको प्रयोग भएको पाइन्छ । उनका कविताहरूमा कतिपय ठाउँमा अनुप्रास मिलेका छन् भने कतिपय ठाउँमा अनुप्रास मिलेका छैनन् । उनको अन्त्यानुप्रास मिलेको कविता **'अब के हुन्छ'** को हरफ तल दिएको छ ।

[८] ऐजन, पृ. २० ।

"जति कराउ निमुखा जनता
फटाहाहरूले जालो बुन्दा"

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. ५६)**

यसरी उनका कविताहरूमा बिम्ब, प्रतीक र अलङ्कारको उचित र आकर्षक तरिकाले प्रयोग गरिएको छ ।

## ४.२.६ भाषाशैली

भाषा विचार विनिमयको सशक्त साधन हो । शैली भनेको प्रस्तुतिको तरिका हो । भाषाशैली भनेको भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल हो । भाषाशैलीले कविलालाई लयात्मक बनाउँछ । ललित, रागात्मक, व्यञ्जक र लयात्मक भाषा प्रयोग गरी लेखिएको कविता बढी मिठासपूर्ण हुन्छ ।[९] भाषाशैलीका हिसावले धितालका कवितामा सरल, सहज र मिठासपूर्ण भाषाको प्रयोग भएको छ । नित्य व्यवहारमा आउने शब्द, शब्दावली र कथनपद्धतिले पनि उनका कविताहरू रोचक र घोचक बनेका छन् । उनका कवितामा गद्य लय नै प्रयोग गरिएको पाईन्छ । उनका कवितामा आदर्श पाइँदैन, बरु ती कविता यथार्थले ढाकिएका छन् । उनका कवितामा कतै अनुप्रास मिलेका छन् भने कतै छैनन् । उनका कवितामा आवश्यकताअनुसार उद्गारचिन्ह, विस्मयादिबोधकचिन्ह, अल्पविरामचिन्ह, प्रश्नवाचकचिन्ह जस्ता विविध व्याकरणिक चिन्हको प्रयो गरी वर्णविन्यासमा ध्यान दिएको छ । प्रश्नवाचक चिन्हको प्रयोग गरि लेखिएको **'अब के हुन्छ'** कविताको हरफ तल दिएको छ

नेपाललाई रोग लागेछ
निको हुने कि नहुने हो ?

**(शिवपुरी साहित्य समाज, (सम्पा.) हराएका टिष्टा र काँगडा, पृ. ५७)**

धितालका कविताहरूमा भाषाशैलीगत अस्पष्टता पाइदैन । साधारण बोलीचालीमा प्रयोग हुने सबैले बुझ्नसक्ने सोझो भाषाको प्रयोग भएको छ । उनका कविता सङ्ग्रहका कविताहरूमा उक्ति वक्रताले रोचक बनाउनुभन्दा पनि सोझो कथनशैलीले पाठकको मन जित्न सफल भएको छ ।

[९] वाशुदेव त्रिपाठी, पूर्ववत् ,पृ. १९ ।

### ४.२.७ निष्कर्ष

साहित्यकार धितालले साहित्यका विभिन्न विधामा हात चलाएता पनि उनको मुख्य मन पर्ने विधा भने कविता विधा नै रहेको छ । उनका विभिन्न विषयसँग सम्बन्धित कविताहरूका सङ्ग्रहहरू चारवटा रहेका छन् - **हराएका टिष्टा र काँगडा, आमाको काखमा, सिप्लीकानको पात, र धूनको पर्खाइमा रोएका शब्दहरू,** रहेका छन् । उनका चारवटै गीत तथा कविता सङ्ग्रहहरूका गीत तथा कविताहरू जम्मा २०८ वटा रहेका छन् ।

धितालले जीवनमा भोगेका भोगाई र समाजमा देखिएका विकृति र विसङ्गतिहरूलाई आफ्नो कविता तथा गीतको विषयवस्तु बनाएका छन् । उनले कविता विभिन्न विषयवस्तुहरू जस्तो जीवन, प्रकृति, राष्ट्रियता र अन्य विविध विषयसँग सम्बन्धित रहेर लेखेका छन् । जीवनसँग सम्बन्धित विषयमा मानवीय जीवनमा घट्ने मायाप्रेम, सुख दुःख, उकाली ओराली आदिलाइ समेटेका छन् । प्रकृति विषयमा प्रकृतिको विभिन्नरूपको कलात्मक ढङ्गले वर्णन गरेका छन् । राष्ट्रियता विषयमा उनले समसामयिक राजनैतिक परिस्थितिको आक्रामक ढंगले विरोध गर्दै अविलम्ब सुधारको अपेक्षा राखेका छन् । उनका गीत तथा कवितामा वर्गीय असमानता, सामन्तीसंस्कार र शासक वर्गको विरोध गरिएको छ । उनको कवितामा गरिबीका आवाज प्रकट भएका छन् । धितालले सोभ्रो कथनशैलीको प्रयोग गरेर छोटाछोटा कविता तथा गीतहरूको रचना गरेका छन् । सरल सब्दावली, सहज अभिव्यक्ति, स्वाभाविक भाषाशैली, सम्प्रेष्य भाव आदि उनका सङ्ग्रहहरूका प्रस्तुतिगत विशेषता हुन् । उनका सङ्ग्रहहरूका कवितामा बिम्ब र प्रतीकको प्रशस्त प्रयोग भएको छ । उपमा, अनुप्रास, उत्प्रेक्षा आदि अलङ्कारको प्रयोगले उनका कविता रोचक र पठनयोग्य बनेका छन् । सरल शब्द, छोटा पङ्ति, मुक्त छन्द भए पनि साङ्गीतिकताले कवितालाई आकर्षक बनाएको छ । सरल, छोटा आयाम र प्रस्तुतिमा स्पष्टता उनका काव्यगत विशेषता रहेका छन् ।

## ४.३ ऐतिहासिक अनुसन्धानात्मक लेखहरूको अध्ययन

### ४.३.१ कृति परिचय

साहित्यकार नरप्रसाद धितालले साहित्यका विभिन्न विधामा कलम चलाउने क्रममा उनले ऐतिहासिक अनुसनधानत्मक कार्यमा पनि कलम चलाएका छन् । साहित्यका विभिन्न विधामा कलम चलाएर आफूलाई चिनाउने क्रममा धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक अनुसन्धानात्मक कार्यमा पनि चिनाउन उनी सफल भएका छन् । धितालले **बूढानीलकण्ठ नारायण र त्यहाँका देवी देवताहरू** पुस्तकार कृति २०५३ सालमा प्रकाशित गरेका हुन् भने अर्को **बूढानीलकण्ठ भगवान् र त्यहाँका योगी तपस्वीहरू** २०५९ सालमा प्रकाशित गरेका हुन् । ती दुवै कृतिहरूमा धेरै समानता पाइन्छ । केही असमानतामा पहिलोमा देवीदेवताहरूको बारेमा वर्णन गरेका छन् भने दोस्रोमा योगीतपस्वीहरूको बारेमा थप वर्णन गरेका छन् ।

प्रस्तुत कृतिमा समावेश भएका विषयहरूलाई तीन खण्डमा विभाजन गरेर हेर्न सक्छौं ।

## क. भगवान् बूढानीलकण्ठको वर्णन

धितालले उनको प्रकाशित दुवै पुस्तकाकार कृतिहरूमा भगवान् बूढानीलकण्ठको उत्पत्तिको बारेमा र भगवान्को नाम बूढानीलकण्ठ रहनुको पछाडि उठेका विभिन्न किसिमका किंबदन्तीहरूको बारेमा पहिलो पेजबाट नै प्रष्ट पारेका छन्  । भगवान् बूढानीलकण्ठको मन्दिरको उत्पत्तिको समयदेखि हालसम्म कति पटक जिर्णोद्धार भए ? जिर्णोद्धारमा कसकसले कार्य गरे ? कस्ता प्रकारका जिर्णोद्धार भए ? ती सबै कुराहरू उनले दुवै कृतिहरूमा समावेश गरेका छन् । बूढानीलकण्ठको मेला लाग्ने समय, भगवान्को पूजाबाट प्राप्त हुने फल, चाहिने पूजा सामग्री, नित्य पूजाको समय, पूजा गर्दै आएको पुजारीको वंश, आदि सबैको बारेमा यस कृतिमा समावेश गरिएको छ । भगवान् बूढानीलकण्ठको विभिन्न समयमा, विभिन्न प्रकारका कार्य गर्नको लागि छुट्याएको गुठीको जग्गा, गुठीमा रहेका सदस्यहरू, गुठीले गर्ने सबै कार्यहरू बारेको पनि विस्तृत विवरण पनि उनले दिएका छन् । भगवान् बूढानीलकण्ठको जिर्णोद्धारमा सहयोग गर्ने विभिन्न सङ्घसस्थाहरूको बारेमा उनले विस्तृत जानकारी दिनुका साथै भगवान् बूढानीलकण्ठको भन्दिर रहेको स्थानको बारेमा विस्तृत जानकारी दिएका छन् ।

## ख. बूढानीलकण्ठ आसपासका देवीदेवताहरूको बारेमा विवरण

काठमाडौँ जिल्लाको उत्तरमा पर्ने शिवपुरी जङ्गलको फेदीमा भगवान् बूढानीलकण्ठको धार्मिक स्थल रहेको छ । धितालले बूढानीलकण्ठ मन्दिर आसपासका देवी देवस्थलको परिचय दिने क्रममा वागद्वार, विष्णुपादुका, नाग गुफा, फेदीका शिवदेव, पञ्चककन्या, गंगादेव, शिवालय, सत् रुद्रेश्वर महादेव, नागि गुम्बा घ्याङ, नारायण डाँडा, तारेभिर, देवी डाँडा, रुद्रेश्वर महादेव, नौलिङ्गेश्वरी भद्रकाली, कालिका माई, भङ्गलेश्वर महादेव, पञ्चकुमारी वासिका, नर्केश्वर महादेव, धरमपुर, चण्डेश्वरी भगवती, बज्रयोगिनी, वालकेश्वर महादेव, हात्तिगौँडाको गणेश, गायत्रीमाताको मन्दिर आदि देवदेवीहरूको मन्दिरको स्थापना, मेलालाग्ने पर्व, नामाकरण, उक्त मन्दिर रहेको ठाउँ, मन्दिरले ओगटेको क्षेत्रफल, मूर्तिहरू स्थापना गर्ने व्यक्तिको विवरण, दर्शन गरेर प्राप्त हुने फलहरू आदि  सम्पूर्ण जानकारी दिएका छन् ।

## ग. बूढानीलकण्ठ आसपासका योगी तपस्वीहरूको विवरण

धितालले बूढानीलकण्ठ परिपरि बस्ने योगी तपस्वीहरूको बारेमा पनि जानकारी दिएका छन् । उनले परिचय दिने क्रममा अघोर वावा मङ्गल धनराम, शिवपुरी बाबा, खप्तड स्वामी, श्री सत्गुरुदेव स्वामी चन्द्रेश, स्वामी रमेशानन्द केशरी, प्रजापति बाबा, सन्तानेश्वर माहात्मा, टोडके बाबा आदिको वंश, गोत्र, जन्मस्थान आदिको सम्पूर्ण जानकारी उक्त पुस्तकमा दिएका छन् । धितालले भगवान् बूढानीलकण्ठका आसपासका देवी देवताहरू त्था योगी तपस्वीहरूको परिचय मात्र दिएका छैनन् । ती लोपहुन लागेका धार्मिक तथा ऐतिहासिक धरोहरहरूको जीर्णोद्धार तथा संरक्षणको आवश्यकताको समेत खाँचो औँल्याउँदै त्यसले नेपालको पर्यटन व्यवसायलाई पनि टेवा पुग्ने अभिव्यक्ति दिएका छन् ।

## ४.४. सि.डी.(अडियो तथा भिजुअल)

## परिचय

साहित्यकार धितालले आफ्नो साहित्यिक व्यक्तित्वलाई पुस्तकमा मात्र सिमित नराखी संगीतप्रेमीहरूको लागि अडियो तथा भिडियोको पनि व्यवस्था गरेका छन् । उनले हालै २०६६ आधुनिक गीतहरूको सँगालो पूजा सि.डी बजारमा ल्याएका छन् । यस सि.डी.मा जम्मा नौवटा आधुनिक गीतहरू रहेका छन्

। गीतमा बुलु मुकारुङले सङ्गीत दिएका छन् भने दिप श्रेष्ठ, उदय सोताङ्ग, मनिला सोताङ्ग, स्वरूपराज आचार्य, सत्यराज आचार्य, झलक संग्रौला, भीषण मुकारुङ र जुनु रिजालले स्वर दिएका छन् । धितालको अर्को शंख नामको सि.डी. पनि विमोचन हुने तयारीमा रहेको छ । उक्त सि.डी. मा जम्मा सात वटा आधुनिकहरू हुनेछन् ।

## ४.५.धिताल वंशावलीको सह-अनुसन्धानकर्ता

नरप्रसाद धितालले खोज तथा अन्वेषणकर्ताको रूपमा पनि देखापरेका छन् र उक्त क्रममा धिताल वंशाावलीको पनि सहअन्वेषण गरेका छन् । धितालले धिताल वंशाावलीका उत्पत्ति कहाँबाट भएको, यसको मूल थलोको बारेमा, धितालहरूका पुस्ता, देशका विभिन्न भागमा छरिएर रहेका धितालहरूको ठाउँको पहिचान, धिताल थरहरूको सङ्ख्या, तिनीहरूले गर्ने गरेको कार्य आदिको खोजपूर्ण कार्य गरेका छन् र यसबाट ऐतिहासिक वंशावलीको सहअन्वेषकका रूपमा पनि धिताल परिचित बनेका छन् ।

## ४.६ कवि नरप्रसाद धितालका साहित्यिक प्रवृत्तिहरू

### ४.६.१. कथागत प्रवृत्ति

कथाकारले कथाको रचना गर्दा अपनाएको मान्यता, धारणा नै प्रवृत्ति हो । कथाकारले विविध किसिमका प्रवृत्तिहरूलाई अबलम्वन गरेर कथा लेख्ने गरेको देखिन्छ । तिनै विषयवस्तुका आधारमा उसको कथागत प्रवृत्ति छुट्याउन सकिन्छ । नरप्रसाद धितालका पनि आफ्नै कथागत प्रवृत्तिहरू देखिन्छन् ।

#### ४.६.१.१ नीतिकथागत प्रवृत्ति

वर्तमान विश्वमा देखा परेका विकृति, विसङ्गतिहरूलाई जरैबाट उखेली एउटा सच्चा समाज, देश तथा विश्वको निर्माणमा जोडदिनु साहित्यकार नरप्रसाद धितालका नीतिकथागत प्रवृत्ति रहेका छन् ।

#### ४.६.१.२ आधुनिककथागत प्रवृत्ति

नरप्रसाद धितालका आधुनिककथागत प्रवृत्तिहरू निम्न रहेका छन् ।

### ४.६.२.१. सामाजिक यथार्थवादी प्रवृत्ति

नरप्रसाद धितालले आफ्नो कथा रचना गर्दा नेपाली ग्रामीण समाजमा व्याप्त गरिबी, अशिक्षा, र आर्थिक दयनीयता र अन्धपरम्पराको स्थितिको चित्रण गरेका छन् । समाजमा भएका यथार्थ घटनाहरूलाई उनका कथामा चित्रण गरिएको हुन्छ । गरिब र धनी बीचको दूरी, समाजमा सामन्त वर्गहरूले गरिब जनतामाथि गर्ने शोषण, राज्यका ठूला ओहदामा बसेकाहरूले जनतालाई झुटो आश्वासन दिएर कसरी उल्लु बनाउँदा रहेछन् भन्ने यथार्थका साथै समाजमा हुने छुवाछुत, बालविबाह, बहुविवाह, कुरीति, विकृति र अन्धपरम्परालाई नजिकबाट नियाल्दै यथार्थरूपमा प्रस्तुत गर्ने भएकाले उनलाई सामाजिक यथार्थवादी कथाकार भन्न सकिन्छ ।

### ४.५.२.२. मनोविश्लेषणात्मक प्रवृत्ति

कथाकारले कथामा मानिसका मनोजगत्को चित्रण गर्ने क्रममा यौन जगत्लाई लिएका छन् । मानिसको जीवनमा अपरिहार्य रहने यौनेच्छा र त्यसको अतृप्तीले वा यौनेच्छामा बाधा पर्न जाँदा उत्पन्न हुने परिस्थितिको चित्रण उनले आफ्ना कथामा गरेका छन् । मनका तीन तह, चेतन, अचेतन र अर्धचेतन मध्ये अचेतन मनमा दमित भएर बसेका एषणाहरू अतृप्तावस्थामा नै रहिरहे भने तिनले भयानक रूप लिन सक्छन् । मान्छेको नैसर्गिक यौनेच्छाले पनि असन्तुष्टिको अवस्थामा आफ्नो कामबासना वा यौनेच्छालाई पूर्ति गर्ने हर प्रयासहरू गरेको हुन्छ । त्यस्तै मनोजगत्का यौनेच्छाहरूलाई काल्पनिक पात्र र घटनाका माध्यामबाट कथामा चित्रण गर्नु उनको अर्को विशेषता हो ।

# पाँचौं परिच्छेद

# उपसंहार

नरप्रसाद धिताल ‘बूढानीलकण्ठ सेवक’ को जन्म नेपालको काठमाडौँ जिल्लाको उत्तरमा पर्ने बूढानीलकण्ठमा वि.सं २००७ साल फाल्गुण १७ गते पिता मुक्तिनाथ र आमा नानीमैयाँको कोखबाट भएको हो । धितालले डेढ वर्षको हुँदा बुवालाई गुमाउनुपर्‍यो । हुने विरुवाको चिल्लो पात भने झैँ धिताल सानै देखि नै साहित्यमा रूची देखाउँन थाले । धिताल चार कक्षादेखि नै कविताहरू रचना गर्दै साथीहरूलाई सुनाउँथे । कुनै पनि साहित्यकारका लागि सहरको हल्लाखल्ला भन्दा प्रकृतिको सुन्दर ग्रामीण वातावरण नै साहित्य रचनाका स्रोत बन्न सक्छ भन्ने सत्य धितालको जीवनबाट साबित हुन्छ । ग्रामीणजनका मुखबाट निस्केका भाका, आख्यान, उखानटुक्का आदि नै साहित्य रचनाका लागि घतलाग्दा विषयवस्तु बन्दछन् । धितालको जीवनमा पनि ग्रामीण परिवेशले निकै प्रभाव परेको देखिन्छ । असारमा भाका हालेर रोपारेहरूले गाएका गीतबाट पनि उनले प्रभाव ग्रहण गरेको देखिन्छ । प्राथमिक कक्षाको विद्यार्थी जीवनदेखि नै गीत र कविता लेखेर सुनाउने गर्दथे ।

साहित्यकार नरप्रसाद धिताल विद्यालयमा पढाएके बेलामा निकै रुचीका साथ ध्यान दिन्थे । बुवाको मृत्युपछि उनको जीवनमा निकै उतार चढाव आउन पुग्छ । उनले पढाइका कममा विभिन्न स्थानमा बसेर अध्ययन गर्नुपर्‍यो । सानैदेखि लगनकासाथ पढ्ने धितालले आई. ए. सम्म पास गरका छन् । बि.ए. मा सरस्वती कलेजमा भर्ना भएका धितालले विभिन्न कारणवश पढाइलाई निरन्तरता दिन सकेनन् । उनको काँधमा जिम्मेवारी आएपछि उनी जागिरतिर लागे ।

उनले धेरै पहिलादेखि नै गीत तथा कविताहरूको रचना गरेता पनि उनका कृतिहरूले धेरै पछि २०५१ सालदेखि मात्र प्रकाशित हुने मौका पाए । २०५१ सालमा उनले सह-सम्पादन गरेको पत्रिका **शिवपुरी सन्देश** मार्फत उनले आफ्ना कविताहरू प्रकाशित गर्न थाले । त्यसपछि उनका फूटकर रचनाहरू विभिन्न पत्रिकाहरूमा पनि प्रकाशित हुन थाले । वि.सं. २०५२ सालमा **बूढानीलकण्ठ आसपासका देवी**

**देवताहरू** शीर्षकको ऐतिहासिक लेख प्रकाशित भयो । २०५४ सालमा **सिप्लिकानको पात** कवितासङ्ग्रह प्रकाशित भयो । २०५६ सालमा फेरि ऐतिहासिक लेख **बूढानीलकण्ठ र आसपासका योगी तपस्वीहरू** प्रकाशित भयो । २०५८ सालमा **आमाको काखमा** गीत तथा कवितासङ्ग्रह प्रकाशित भयो । २०६३ सालमा कथासङ्ग्रह **वाक्मती भित्र लुकेका थोपाहरू** प्रकाशित भयो । २०६४ सालमा **हराएका टिष्टा र कॉगडा** कवितासङ्ग्रह प्रकाशित भयो र २०६५ सालमा कविता तथा गीतसङ्ग्रह **धुनको पर्खाइमा रोएका शब्दहरू** प्रकाशित भयो । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा उनका फूटकर रचनाहरू प्रकाशित भएका छन् । उनी कथाकार, कवि भन्दा पनि ऐतिहासिक अनुसन्धानात्मक लेखकका रूपमा बढि परिचित छन् ।

नरप्रसाद धितालको व्यक्तित्वले समाजमा निकै प्रभाव परेको देखिन्छ । उनको व्यक्तित्वनिर्माणमा घरपरिवार, इष्टमित्र, साथीहरू र गुरू एवम् साधुसन्तको पनि गहिरो प्रभाव परेको देखिन्छ । उनको छ दशक लामो जीवनमा साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व बराबर रूपमा देख्न सकिन्छ । समाजमा शिक्षित र अशिक्षित दुवै किसिमका मानिसहरू देखिन्छन् । अशिक्षित जमातमा चेतनाको कमी हुन्छ । त्यस्ता समाजमा चेतनाको दियो बालेर समाजलाई सचेत गराउनुपर्छ । जसको लागि साहित्य र साहित्यकारले महत्वपूर्ण भूमिका खेल्दछन् भन्ने कुरा धितालका कार्यबाट देख्न सकिन्छ । विभिन्न सङ्घसंस्थाहरूसँगको आबद्धताले उनको सामाजिक व्यक्तित्व निकै सक्रिय रहेको पुष्टि हुन्छ ।

नरप्रसाद धितालले साहित्यका हरेक विधामा कलम चलाएका छन् । साहित्यका जुनसुकै विधामा हात हाले पनि एउटै विषयवस्तुलाई सबै विधामा खेलाउन धिताल निपुर्ण देखिन्छन् । ती विषयवस्तुका स्रोतहरूका रूपमा उनले आफ्नै धर्मसंस्कृति, रीतिरिवाज, चाडपर्व र भाषाका साथै ऐतिहासिक, पौराणिक, सामाजिक, र मनोवैज्ञानिक क्षेत्रलाई पनि लिएका छन् । सामाजिक विकृति, विसङ्गति, अन्याय, अत्याचारका विरुद्धमा डटी धितालले त्यस्ता विभेदलाई कथा, कविता आदिका माध्यामबाट चिरफार गरिदिएका छन् । उनले वर्तमान राजनीतिमा देखिएका विकृतिहरूलाई उदाङ्गो पारी नेताहरूलाई बेलैमा सचेत हुन चेतावनी दिएका छन् । धितालले आफ्नो परम्परादेखि चल्दै आएको धार्मिक तथा सांस्कृतिक धरोहरहरूको रक्षार्थ ऐतिहासिक लेखमार्फत त्यस्ता वस्तुहरूको संरक्षण गरेर देशको चिनारी गराउनु पर्ने कुरा व्यक्त गरेका छन् ।उनका कृतिहरूमा देशप्रतिको प्रेम झल्किएका देखिन्छन् । कतिपय कृतिहरूमा देशको हालत सुधार्न नेताहरूलाई बिन्ती तथा चेतावनी समान रूपमा दिएका छन् ।

# सन्दर्भसूची


श्रेष्ठ दयाराम, **नेपाली कथा** भाग ४, दो.सं काठमाडौँ : साभ्ाा प्रकाशन, २०६० ।

धिताल नरप्रसाद, **वाक्मती भित्र लुकेका थोपाहरू**, काठमाडौँ, श्यामसुन्दर धिताल, २०६३ ।

धिताल नरप्रसाद, **आमाको काखमा,** काठमाडौँ, महेन्द्र श्रेष्ठ, २०६१ ।

धिताल नरप्रसाद, **हराएका टिष्टा र कॉगडा,** काठमाडौँ, शिवपुरी साहित्य समाज ,२०६४ ।

धिताल नरप्रसाद, **सिप्लिकानको पात,** काठमाडौँ, देविका प्रधान, २०५८ ।

धिताल नरप्रसाद, **धूनको पर्खाइमा रोएका शब्दहरू,** काठमाडौँ, राम कंडेल, २०६५ ।

धिताल नरप्रसाद, **बूढानीलकण्ठ आसमासका देव-देवीस्थल र योगी-तपस्वीहरूको परिचय,** काठमाडौँ, सीताराम धिताल, २०५९ ।

धिताल नरप्रसाद, **बूढानीलकण्ठ नारायण र देव देवीहरू**, काठमाडौँ, लेखक स्वयम् , २०५३ ।

**धिताल वंशावली**, काठमाडौँ, धिताल सेवासमाज, २०६२ ।

# परिशिष्ट

## शोधनायक नरप्रसाद धितालसँग लिएको अन्तर्वार्ता

- तपाईको नाम के हो ?
- ➢ मेरो नाम नरप्रसाद धिताल हो ।

- तपाईको जन्म कहिले र कहाँ भएको हो ?
- ➢ मेरो जन्म २००७ फाल्गुण १७ गते विष्णु बूढानीलकण्ठ २, मिलनचोक काठमाडौँमा भएको हो ।

- तपाईको बुवाको नाम के हो ?
- ➢ मेरो बुवाको नाम मुक्तिनाथ धिताल हो ?.।

- तपाईकी आमाको नाम के हो ?
- ➢ मेरी आमाको नाम नानीमैयाँ धिताल हो ।

- तपाईले कति पढ्नु भएको छ ?
- ➢ मैले बि. ए. सम्म पढेको छु ।

- तपाईको जागीर छ कि छैन ?
- ➢ पहिले स्वास्थ्यमन्त्रालयमा थियो हाल सेवानिवृत्त भएको छु ।

- तपाईको रुचि के मा छ ?
- ➢ मेरो रुचि अध्ययन, साहित्य लेखन, खोजपूर्ण कार्य र समाज सेवामा रहेको छ ।

- तपाईले कहिले र कोसँग विवाह गर्नुभयो ?
- ➢ मैले २०३१ सालमा, देवकी घिमिरेसँग विवाह गरेँ ।

- तपाईका छोराछोरीहरू कति छन् ?
- ➢ मेरा दुई छोराहरू र दुई छोरीहरू छन् । सबैको विहे भैसकेको छ ।

- तपाईको आस्था के मा छ ?

➢ मरो आस्था धर्म र कर्म दुवैमा छ ।

) तपाईले साहित्य लेखन शुभारम्भ कहिले गर्नुभयो ?

➢ मैले साहित्य लेखन शुभारम्भ **उठ्दैनन् बूढनीलकण्ठ** ( अप्रकाशित कृति, २०३२) बाट गरेको हुँ ।

) तपाईको पहिलो प्रकाशित कृति कुन हो ?

➢ मेरो पहिलो प्रकाशित कृति **बूढानीलकण्ठ आसपासका देवी-देवताहरू** (२०५२) हो ।

) तपाईले साहित्यमा लाग्न कसको प्रेरणा पाउँनु भयो ?

➢ साहित्य लेखनमा **प्रेरणा आमा, प्रकृति र साहित्यकार साथीहरू**बाट पाएँको हुँ ।

) तपाई आफूलाई कस्तो प्रवृत्तिको साहित्यकार मान्नु हुन्छ ?

➢ म आफूलाई **सामाजिक यथार्थवादी** साहित्यिकार मान्दछु ।

) तपाईले तालिम लिनुभएको छ कि छैन ? छ भने के के तालिमहरू लिनु भएको छ ?

➢ मैले, **संगीत एकवर्षे, नृत्य तीनमहिने, तथ्याङ्क सहायक, हलुका सवारी चालक र तवला वादन छमहिने** तालिमहरू लिएको छु ।

) तपाईले कहाँ कहाँ भ्रमण गर्नु भएको छ ?

➢ मैले जागीरको सिलसिलामा देशभित्रका सबै जिल्लाहरू र विदेशमा- **सिङ्गापुर, मलेसिया, इण्डोनेशिया, थाईल्याण्ड र भारतको** भ्रमण गरेको छु ।

) तपाईले पदकहरू पनि पाउँनु भएको छ ?

➢ मैले **गद्दी आरोहण २५ वर्ष रजत पदक** र विभिन्न साहित्यिक पुरस्कारहरू पाएको छु ।

) तपाईले के के स्थापना गर्नु भएको छ ?

➢ मैले साथिहरूसँग मिलेर **बूढानीलकण्ठ मिडिल स्कुल, बूढानीलकण्ठ पुस्तकालय र क्षेत्र विकास समितिको** स्थापना गरेको छु ।

) तपाई आफूलाई धार्मिक आस्था भएको मान्छे भन्नु हुन्छ, देवीदेवताका मूर्तिहरू पनि स्थापना गर्नू भएको छ ?

➢ मैले मन्दिर स्थापनार्थ **यज्ञपूरुष, बूढानीलकण्ठ, रूद्रेश्वर महादेव मन्दिर, बागद्वार योग मुद्राको शिवजी स्थापना, र बैकुण्ठ विष्णुपादुका तिर्थधाम** को लागि सहयोग गरेको छु ।

) के तपाई सम्पादक पनि हो ?

➢ हो, मैले महिले शिवपुरी सन्देश (प्रथम त्रैमासिक पत्रिका) को सहसम्पादन गरेको थिएँ, हाल उक्त पत्रिका प्रकाशन बन्द गरिएको छ ।

- तपाईको हालसम्म प्रकाशित कृतिहरू के के रहेका छन् ?

➢ अहिलेसम्म मेरा प्रकाशित कृतिहरू **१. बूढनीलकण्ठ र देवी-देवता(ऐतिहासिक लेख)** २. **सिप्लिकानको पात (कवितासङ्ग्रह)३. बूढानीलकण्ठ प्रभु र आसपासका योगी-तपस्वी ( ऐतिहासिक लेख )४. आमाको काखमा (गीत तथा कवितासङ्ग्रह) ५.हराएका टिस्टा र कॉगडा ( कवितासङ्ग्रह) ६. वाक्मतीभित्र लुकेका थोपाहरू (कथासङ्ग्रह)७. धूनको पर्खाइमा रोएका शब्दहरू(गीत तथा कवितासङ्ग्रह) ८. धिताल वंशावली ९. पूजा सि.डी.(अडियो भिजुअल)** रहेका छन् ।

- तपाईका प्रकाशोन्मुख कृतिहरू पनि छन् ?

➢ मेरा प्रकाशोन्मुख कृतिहरू : **१. गोरु र हल (खण्डकाव्य)२. बूढानीलकण्ठ ३. निबन्ध सङ्ग्रह** ४. **लोकतन्त्र वर्णमाला ५. शंख सि.डी. (अडियो तथा भिजुअल)** रहेका छन् ।

- तपाई समाजसेवीको रूपमा बढि परिचित हुनुहुन्छ भन्नु हुन्छ, तपाई आवद्ध सङ्घसंस्थाहरू पनि छन् ?

➢ हो, म समाजसेवामा नै आफूलाई समर्पित गर्न चाहन्छु । म धेरै सङ्घसंस्थाहरूसँग आवद्ध रहेको थिएँ र हालसम्म पनि रहेको छु । म आवद्ध रहेका सङघसंस्थाहरू यस प्रकार छन् :–

**१. कार्यकारी निर्देशक : निवर्तमान कार्यरत संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, बूढानीलकण्ठ क्षेत्र विकास समिति**
**२. पूर्व अध्यक्ष : लायन्स क्लब अफ मालिगाउँ**
**३. पूर्व सुपरभाइजर : स्वास्थ्य मन्त्रालय राष्ट्रिय क्षयरोग केन्द्र, ठिमी**
**४. पूर्व सदस्य : सनातन धर्म सेवा समाज बूढानीलकण्ठ**
**५. पूर्व प्रधानध्यापक : बूढनीलकण्ठ नि. मा. वि.**
**६. आजीवन सदस्य : विश्व हिन्दू महासङ्घ**
**७. सचिव : वेद विद्याश्रम बूढानीलकण्ठ**
**८. संयुक्त सम्पादन : 'शिवपुरी सन्देश' त्रैमासिक**
**९. पूर्व कोषाध्यक्ष : कोटिहोम महायज्ञ बूढानीलकण्ठ**
**१०. पूर्व सचिव : बूढानीलकण्ठ पुस्तकालय**
**११. पूर्व सदस्य : भू. पू. स्वास्थ्य कर्मचारी संघ**
**१२. पूर्व कोषाध्यक्ष : बूढानीलकण्ठ उद्यान पार्क निर्माण उपभोक्ता समिति**
**१३. पूर्व सदस्य : बूढानीलकण्ठ मा. वि. साधारण निर्माण उपभोक्ता समिति**
**१४. पूर्व सदस्य : दीर्घजीवी सहयोग केन्द्र**
**१५. पूर्व सदस्य : हात्तीगौंडा रक्तसंचार कोष**
**१६. सदस्य : बाल कल्याण केन्द्र, बूढानीलकण्ठ**
**१७. संरक्षक : वातावरण सुधार समिति, बूढानीलकण्ठ**
**१८. सचिव : नेपाली कांग्रेस विष्णु गाउँ समिति**
**१९. सदस्य : अनाथ बालबालिका संरक्षण स्कूल**
**२०. सदस्य : बाँसबारी बूढानीलकण्ठ मूल सडक निर्माण**

२१. सचिव : मिलनचोक उत्तर राजकुलो बाटो निर्माण उपभोक्ता समिति
२२. सदस्य : बैकुण्ठ नगरी बाटो निर्माण उपभोक्ता समिति
२३. सदस्य : हरियाली पार्क प्रवेशद्वार चैत्य निर्माण समिति
२४. केन्द्रीय सदस्य : अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेवल ट्रष्ट
२५. पूर्व सचिव : श्रीमद्भागवत् ज्ञान महायज्ञ आयोजक समिति